# शिक्षक

www.teacher.org.np

मूल्य रु ४०/-

असार २०६७


बहसः शिक्षक र लाठी -२०

शिक्षाशास्त्रः
पढ्ने बढे, स्तर बढेन -१६

'हाम्रो स्कूलः
यसरी बनायौं राम्रो' -३६

अतिथिको अत्याचार ! -५४





## व्यवस्थापन सुधार्न
# अभिभावक स्कूल जाऔँ





Promoted by

Laxmi Bank

प्राइम लाइफ इन्स्योरेन्स

सुरक्षित भविष्य

हात्तीसार, काठमाण्डौं, नेपाल
फोन:+९७७-१-४४४१७७८/४४४१६६४/४४४१६१४,
फ्याक्स:+९७७-१-४४४१४३६, info@primelifenepal.com
टोल फ्रि नं:१६६०-०१-४४४५५

शाखाहरु

बिर्तामोड ०२३-५४१३२४, बनेपा ०११-६६०९७३, सुर्खेत ०८३-५२४२८३, नारायणघाट ०५६-५३३५८०, पोखरा ०६१-५२६२२६, बिराटनगर ०२१-४४०४१५, बुटवल ०७१-५४६९६६, तुलसीपुर ०८२-५२२७७६, धनगढी ०९१-५२७०३६, लहान ०३३-५६०८७७, नेपालगञ्ज ०८१- ५२७७६९, धरान ०२५-५३३१३९, जनकपुर ०४१-५२१४४५, बिरगञ्ज ०५१-५२३३१०, हेटौंडा ०५७-५२६१७५, ईटहरी ०२५-५८७२१३, महेन्द्रनगर ०९९-५२०१३४, सुर्यविनायक ०१-६६१३७६७

# शिक्षक मासिक


जिप्रका ल्पु दर्ता नं ५३/०६५/०६६

वर्ष ३ पूर्णाङ्क २७

असार २०६७
Jun–Jul 2010


आवरण: रविन सायमि

# अभिभावक सक्रिय भए सप्रिन्छ स्कूल




विद्यालय सुधार योजना देखाउँदै धादिङ, मुरलीभञ्ज्याङस्थित मेलमिलाप कंकाली प्राविका व्यवस्थापन समिति अध्यक्ष शम्भु श्रेष्ठ (दायाँ) र शिक्षक-अभिभावक संघका अध्यक्ष शिवकुमार श्रेष्ठ।

आवरण ३०-३५

सुदर्शन घिमिरे/प्रमोद आयाम

## गतिविधि

पृष्ठ १३-१५

■ शिक्षकको संचित रकम: मन्त्रालय बजेट खोज्दै ■ शिक्षकविरूद्ध उजुरीको चाङ ■ शिक्षण अनुमतिपत्रको नतिजा : ७८ प्रतिशत उत्तीर्ण ■ बल्ल निकासा भयो पीसीएफ अनुदान ■ फेरि कुटिए शिक्षक

## थप सामग्री


| | | |
|---|---|---|
| पढ्ने धेरै, पढाउन सक्ने थोरै | प्रमोद आयाम | १६ |
| हाम्रो स्कूल: यसरी बनायौं राम्रो | धनञ्जय शर्मा अधिकारी | ३६ |
| सुधारको मूलमन्त्र : 'आफ्नो विद्यालयको व्यवस्थापन आफैं गरौं!' | शिक्षक संवाद | ४० |
| नेतृत्व गतिलो भए व्यवस्थापन राम्रो | राजकुमार बराल | ४६ |
| योग्यता र लगनका प्रतिमूर्ति कृष्ण सर | सुरेशराज न्यौपाने | ५० |
| मेरो मास्टरी: त्यतिबेलादेखि यतिबेलासम्म | प्रा.डा. नोवल किशोर राई | ५२ |
| The challenge and excitement of teaching large classes | | ५८ |


## स्तम्भ


विषय-सन्दर्भ २, हेराइ-बुझाइ ३, सुझाव र प्रतिक्रिया ४, जिज्ञासा र जवाफ ८, मनका कुरा १०, फुर्सद ६०, मैले पढेको स्कूल ६४


## रोचक बहस

शिक्षक र लाठी !



पृष्ठ २०-२८

## अतिथिको अत्याचार !



पृष्ठ ५४-५७

डा. तीर्थबहादुर श्रेष्ठ


हिमाल एसोसिएसनका लागि **वसन्त थापा** द्वारा प्रकाशित, **सम्पादक:** राजेन्द्र दाहाल

**सल्लाहकार सम्पादक:** केदार शर्मा, **सहायक सम्पादक:** सुदर्शन घिमिरे, **वरिष्ठ संवाददाता:** बाबुराम विश्वकर्मा, **संवाददाता:** प्रमोद आयाम

**कार्यालय:** *शिक्षक* **मासिक**, पाटनढोका, ललितपुर, **पो.ब.नं. १६६, ललितपुर**, फोन: सम्पादकीय- ५५४३२५२, व्यापार/विज्ञापन- ५५४८१४२, ग्राहक गुनासो- ४२६५६८६

फ्याक्स: ५५४११९६, इमेल: mail@teacher.org.np, वेब: www.teacher.org.np मुद्रण: जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

■ केदार शर्मा

# नहेपौं, नहेपिऊँ

**हेपाइ** सबैतिर हुन्छ, स्कूलहरूमा पनि हुन्छ। तर हेप्नु-हेपिनु कतै पनि हुँदैन; स्कूलमा त झन् हुँदै हुँदैन।

तर 'नराम्रो कुरा हो' भन्दैमा मेटिने कुरा पनि होइन यो। बलियाले निर्धालाई र ठूलाले सानालाई हेप्ने-हिक्ने चलन प्रकृतिमा पनि छ। वनस्पति जगतमा समेत यसका रुप देखिन्छन्। ऐंजेरुले सग्लो बोट खाइदिन्छ, ठूला बोट-बिरुवाको सेप सानालाई लाग्छ। सानो माछालाई ठूलो माछाले खान्छ, त्यसलाई अरु ठूलाले खान्छ। यसरी सक्नेले नसक्नेलाई पेल्ने र त्यसलाई स्वाभाविक ठान्ने प्रवृत्तिलाई 'मत्स्य न्याय' भनिन्छ।

मानव समाजमा त हेपाइ र दादागिरी अलि बढी नै छ। व्यक्तिले व्यक्तिलाई हेप्नेदेखि राष्ट्रले राष्ट्रलाई लघार्नेसम्मका काम हुन्छन्। तर त्यसो भन्दैमा हेपाइ स्वाभाविक र उचित हो भनेर चाहिँ कसैले पनि मान्दैन। हेप्नेहरूले पनि आफूले कसैले हेपेको छु भन्दैन, अरू नै बहानाबाट वा अरू नामबाट त्यसको औचित्य देखाउन खोज्छन्। जुन कुरा गरे पनि यदि गरेको स्वीकार गरिँदैन भने त्यो सही होइन। अर्थात्, हेपाइ गलत हो, 'मत्स्य न्याय' न्याय होइन, अन्याय हो। 'न्याय' ले शक्ति र सामर्थ्य होइन, नियम मात्र हेर्छ, हेर्नुपर्छ। मानव समाजमा मत्स्य न्याय चल्नुहुँदैन। निर्धाले पनि बराबर हैसियतमा पाउने विधिसम्मत न्याय पाउनै पर्छ।

यस्तो कुरा आदर्शवादी सुनिन्छ, तर यो हासिल हुनै नसक्ने भने होइन। हेपाइलाई पूर्ण रूपमा अन्त्य गर्न नसकिएला तर कम गर्न चाहिँ सकिन्छ। स्कूल जस्ता समाजका स-साना इकाइहरूलाई त हेपाइमुक्त नै बनाउन पनि सकिन्छ। यसका लागि हेपाइको मनोविज्ञान र त्यसका असरहरूलाई बुझ्नु जरुरी हुन्छ।

प्राथमिक तहमा पढाइने संस्कृतको किताबमा एउटा श्लोक हुने गर्दथ्यो, 'विद्या ददाति विनयम्...' विद्याले मानिसलाई विनयी बनाउँछ। अर्थात्, सही अर्थमा शिक्षा पाएको व्यक्ति विनयशील हुन्छ। विनयशीलता र हेपाइ विपरित ध्रुव हुन्। जहाँ शिष्टता र विनयशीलता हुन्छ, जहाँ समझदारी हुन्छ, जहाँ अर्काको अस्तित्व र विचारको कदर हुन्छ त्यहाँ हेपाइ हुँदैन। जहाँ घमण्ड हुन्छ, अहमत्याइँ हुन्छ त्यहाँ मात्र हेपाइ हुन्छ। कुनै कुनै व्यक्तिमा आफूले चाहेपछि आफ्नो हक-हैसियत बाहिरका कुरा पनि आफूले भनेको जसरी नै चल्नुपर्छ वा आफूले चाहेको पाउनै पर्छ भन्ने मानसिकता हुन्छ। त्यस्तो मानसिकता भएका व्यक्तिमा तागत पनि थपियो भने उसले अर्कालाई दबाएर वा पछारेर भए पनि त्यो हासिल गर्न खोज्छ। हेपाइ त्यही हो।

हेपाहा व्यक्तिका पछाडि या त कसैको आडभरोस, पैसाको बल वा हातहतियारको तुजुक हुन्छ। अर्कालाई डर देखाएर, करकापमा पारेर, अत्याएर र आतङ्कित तुल्याएर कुनै काम त गर्न सकिन्छ तर त्यस्ता कार्यबाट समाजको नियम र कानून मिचिइरहेको हुन्छ। त्यस्ता कामबाट अर्काको अधिकार हनन् हुन्छ। हेपाहाहरूले सजाय नपाउनु भनेको दण्डहीनता हो। दण्डहीनता लोकतन्त्रको सबैभन्दा ठूलो शत्रु हो।

लोकतन्त्रको जग स्कूलमै बस्छ। यदि जगमै खराबी छ भने घर राम्रो हुँदैन। मिलेर खेल्नुको साटो साथीले खेल्न लागेको बल खोसेर लैजानु, अर्काको खाजा खोसेर खाइदिनु, अर्कालाई गिज्याउनु, अपमानित गर्नु–विद्यार्थीहरूमा सामान्यतया पाइने हेपाइका प्रवृत्ति हुन्। तर स्कूलहरूमा हुने हेपाइ त्यतिमा मात्र सकिँदैन। आफ्नो योग्यता, हैसियत र क्षमता अनुसारको हेपाइ गर्नमा शिक्षकहरू पनि पछि पर्दैनन्। भनसुन गरेर वा सोर्सफोर्स लगाएर जागिर हातपार्नु योग्यता र ऐन नियमलाई हेप्नु हो। जागिर पाइसकेपछि समयमा स्कूल नआउनु, राम्ररी नपढाउनु- अबोध बालबालिका र तिनका उपायहीन बाबुआमालाई हेप्नु हो। राजनीतिक दलहरूले शिक्षकलाई आफ्ना कार्यकर्तासरह प्रयोग गर्नु चाहिँ शिक्षक, विद्यार्थी र अभिभावक समाज र देश समेत सबैलाई हेप्नु हो।

लौरो हेपाइको मूर्त प्रतीक हो। गाली हेपाइको अचुक 'सफ्टवेयर' हो। विद्यार्थीलाई पेलेर राख्छु भन्ने शिक्षकहरू मनग्ये छन्। उनीहरूको नियत पढाउने र प्रभावकारी ढङ्गले सिकाउने नै होला, तर उनीहरूको माध्यम गलत छ। यसका पछाडि सजायको माध्यमबाट सिकाउन सकिन्छ भन्ने गलत बुझाइ त छ नै, "आफूले भनेको काम जसरी भए पनि गराउँछु, मलाई कसले के गर्न सक्छ हेरौँ त!" को अहङ्कारी मानसिकतामा पनि छ।

झट्ट हेर्दा हेप्ने व्यक्ति बलियो र हेपिने व्यक्ति निर्धो देखिन्छ। तर चिनियाँ दार्शनिक लाओत्से यसलाई एकदमै उल्टो किसिमले व्याख्या गर्छन्। उनी भन्छन्, "अहङ्कारको बीउ हीनताबोधमा हुन्छ र हीनताबोधको बीउ अहङ्कारमा। अहङ्कारीले भित्रबाट आफूलाई निर्धो र निर्गतिलो ठानेको हुन्छ। आफूलाई भएभन्दा ठूलो ठान्ने चाहिँ सदैव हीन भावनाबाट ग्रसित रहन्छ। बलियाले हेप्दैन, निर्धाले सहँदैन।" कवि शिरोमणि लेखनाथ पौड्यालले यो कुरालाई एकदमै सरल रूपमा व्यक्त गरिदिएका छन्:

*"उपकारी गुणी व्यक्ति निहुरन्छ निरन्तर*
*फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र!"*

अर्थात्, जसले अर्कालाई हेप्न खोज्छ, त्यो सही अर्थमा सुशिक्षित, सबल, सभ्य र संस्कारशील व्यक्ति होइन। र, ऐन-नियम-कानून पालना गर्ने असल नागरिक पनि होइन। यदि हामी अर्काबाट हेपिएको अनुभव गरिरहेका छौँ भने त्यस व्यक्तिको मानसिकताको विश्लेषण गरौँ। यसो गर्नाले उसको कमजोरी थाहा हुन्छ र उसलाई ऐन, कानून र समाजिक मर्यादाको घेरामा ल्याउन सजिलो हुन्छ। कदाचित आफूबाट अरूप्रति कुनै किसिमको हेपाइ भएको छ भने आफ्नै पनि मन केलाएर हेरौँ। धेरै किसिमका अव्यवस्था, बेथिति, अराजकता, दण्ड र आतङ्को अन्त्य यहींबाट हुनसक्छ।

## सुगाको मुख रातो



**एउटा** सुगा आफ्नो मालिकबाट दुई-चार शब्द बोल्न सिकेपछि निकै घमण्डी भएछ। मान्छेले दिएको खानेकुरा बसी-बसी खाएर बलियो पनि भएको सुगाले एकदिन नजिकको रूखमा बसेर कराइरहेको ठ्याउँकिरीलाई प्याच्चै भनिहालेछ, "आफू ह्याँ 'गोपी कृष्ण कौ' भनिरहेका बेला ठ्याउँ-ठ्याउँ गरेर के डिस्टूब गरिरा'नि ! न ताल, न सुर। चूप लाग् !"

सुगाले ठ्याउँकिरीलाई हेपेर कुरा गरेको सुनेर अरू जीवहरूलाई रिस उठेछ तर ठ्याउँकिरीले भने नरिसाई सोधेछ, "सरी दाइ, म चूप लागिहाल्छु नि ! तर एउटा कुरा सोधौँ है ?"

"भन् के हो ?" गजक्क परेर सुगाले सोधेछ।

"हजुरले बोलेको कुरा मीठो त सुनिन्छ, तर त्यसको अर्थ चाहिँ के हो नि ?"

आफूले अर्थै नबुझी भट्याइरहेको शब्दको अर्थ सोधिदिँदा सुगा अत्तालिएछ र 'अर्थ...अम्...अर्थ' भनेर भकभकाउन थालेछ।

हेपाहा सुगालाई अप्ठ्यारो परेको देखेर अरू जीवहरू खुसी भएछन्। ठ्याउँकिरीले भने आफ्नै पाराले सुगालाई भनेछ, "दाइ, तपाइँले मान्छेको बोली बोले पनि, मान्छेको खाना खाए पनि तपाइँ आफैँले बोलेको बुझ्नुहुन्न। मान्छेको बोली बोल्दाबोल्दै आफ्नै भाषा बिर्सिसक्नुभयो। मेरो आवाज तपाइँलाई मीठो नलाग्ला, तर मेरी आमाले सिकाउनुभएको भाषा यही हो। मैले आफू 'सन्च सुबिस्तै छु' भनेर बा-आमालाई जानकारी दिने, आफ्नी मायालुलाई 'म यहाँ छु है' भनेर खबर गर्ने भाषा यही हो। तपाइँले 'गोपी कृष्ण कौ' भनेको तपाइँकी आमाले बुझ्नुहुन्छ ?"

ठ्याउँकिरीका अकाट्य कुरा सुनेर सुगालाई साह्रै लाज लागेछ र उसको मुख रातो भएछ। त्यसपछि सुगाले थुनिएर कर पर्दा बाहेक अर्काको बोली बोल्न छाडेछ। तर लाजले रातो भएको उसको मुख भने सधैँभरि रातै रहेछ।

**शिक्षा: अर्काको बोली सिकेर आफ्नो भाषा बिर्सिनेले लज्जित हुनुपर्छ।**

*(चिनियाँ रेडियोको हिन्दी कार्यक्रमको वेबसाइट http://hindi.cri.cn बाट साभार र सम्पादित।)*




# प्रतिक्रिया र सुझाव





## स्वतः स्थायी पाइँदैन

'स्वतः स्थायी, फेरि अर्को उपक्रम' (*शिक्षक* २०६७ जेठ) मा भास्करराज गौतमले महत्वपूर्ण प्रसङ्ग उठाएको पाइयो। अस्थायी भर्ना गर्ने, दबाब सृजना गर्ने र स्वतः स्थायी गर्ने नेपालको शैक्षिक नियति नै बनेको छ। जबकि, स्वतः स्थायीको औचित्य पुष्टि हुने कुनै आधार भेटिँदैन। नेपालको अन्तरिम संविधानको समानताको हक, बालबालिकाको गुणस्तरीय शिक्षा पाउने शिक्षासम्बन्धी अधिकार, स्वच्छ प्रतिस्पर्धा र प्राकृतिक न्यायको सिद्धान्तको दृष्टिकोणबाट पनि स्वतः स्थायीको प्रक्रियाको औचित्य स्थापित हुन सक्दैन। एकातिर शिक्षक सेवा आयोगलाई संवैधानिक अङ्ग बनाउनुपर्ने माग र अर्कोतिर स्वतः स्थायीका कुरा आफैंमा विरोधाभासपूर्ण छन्। संवैधानिक आयोगले प्रतिस्पर्धाको माग गर्छ भने स्वतः स्थायीले विना प्रतिस्पर्धा टिकिराख्ने कुराको। त्यसकारण स्वतः स्थायीको माग सर्वथा बेठीक छ। प्रतिस्पर्धामा कसैलाई पनि बञ्चित गरिनुहुन्न।

हिसाब गर्न सजिलो छ। जस्तो, एकजना शिक्षकले एक दिनमा ५ पिरियड र एउटा कक्षामा ४० विद्यार्थीका दरले वर्षमा २०० जना विद्यार्थी पढाउँछ। उसले जागिर अवधिमा २० वर्ष मात्र पढायो भने चार हजार विद्यार्थीलाई पढाउँछ। एकजना अयोग्य शिक्षकले २० वर्षमा चार हजार जनाको दरले शिक्षा दिएमा हाल रहेका रिक्त दरबन्दीका २७००० अस्थायी शिक्षकमध्ये कति अयोग्य होलान् र तिनीहरू स्थायी भएमा कति हजार कलिला बालबालिका गुणस्तरीय शिक्षाबाट वञ्चित होलान्? राष्ट्र निर्माणमा प्रयोग गर्ने योग्य जनशक्ति बनाउने कि अरबका खाडीका लागि मजदुर उत्पादन गर्ने? सोच्ने बेला भएको छ।

**विष्णुप्रसाद मिश्र, भानु–५, भन्सार, तनहुँ**
mishrabishnu@yahoo.com

## इतिहास अनिवार्य गरियोस्!


प्रा. त्रिरत्न मानन्धर

इतिहास पठन-पाठनको महत्त्वसम्बन्धी प्रा. त्रिरत्न मानन्धरको विचार (*शिक्षक*, जेठ २०६७) अत्यन्त सान्दर्भिक लाग्यो। एउटा सचेत नागरिक बन्नका लागि आफ्नो देशको इतिहास पढ्नैपर्ने रहेछ। इतिहासको अध्ययनले सामाजिक ज्ञान बढाउनुका साथै समाजलाई हेर्ने दृष्टिकोणलाई समेत फराकिलो बनाउँछ। इतिहास नबुझिकन वर्तमान बुझ्न सकिँदैन, न त भविष्यकै आँकलन गर्न सकिन्छ।

तसर्थ, इतिहासको पठनपाठनलाई राज्यस्तरबाटै महत्त्व दिइनुपर्ने आजको आवश्यकता हो। स्कूलको पाठ्यक्रममा यसलाई अनिवार्य विषयको सूचीमा राख्नुपर्छ जस्तो लाग्छ। साथै *शिक्षक* ले पनि इतिहास र भूगोलसम्बन्धी विषयवस्तुलाई आउँदा दिनमा निरन्तरता देओस्।

**प्रविन सुवेदी**
**हटिया– ३, मकवानपुर**

## अस्थायीहरू अयोग्य होइनन्!

'गतिविधि' स्तम्भअन्तर्गत प्रकाशित शिक्षा ऐन संशोधनको तयारी (२०६७ वैशाख) पढेपछि केही नलेखी मन मानेन। त्यहाँ एक ठाउँमा भनिएको रहेछः

"प्रस्तावित ऐनमा फेरि एकपटक कार्यरत शिक्षकहरूलाई प्रक्रिया पुऱ्याएर स्थायी गर्ने बाटो खोल्न लागिएको छ। २१ साउन २०६१ भन्दा पहिले नियुक्त शिक्षकहरूलाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गरिने कुरा प्रस्तावित मस्यौदामा उल्लेख गरिएको छ। सरकारको प्रस्तावलाई संसद्ले हुबहु स्वीकार गरिदियो भने खुला प्रतिस्पर्धाबाट शिक्षक छानिने परिपाटीलाई फेरि एकपटक गहिरो धक्का लाग्नेछ र त्यसबाट योग्य व्यक्तिहरू शिक्षण पेशामा आउन थप निरुत्साहित हुनेछन्।"

यो टिप्पणी शिक्षकहरूको पेशागत हकहित विरुद्ध छ। विगतमा स्थायी हुन नसकेका शिक्षकहरू अयोग्य भएर होइन। भनसुन र घुसपैठमा पहुँच नभएर हो। अस्थायी शिक्षकहरूका पीडालाई *शिक्षक* ले विगतका अङ्कदेखि नै उजागर गर्दै आएको हो। प्रक्रिया पुऱ्याएर स्थायी हुन पाउनु शिक्षकको पेशागत हकहितभित्रै पर्ने कुरा हो। यसले योग्य व्यक्तिहरूलाई शिक्षण पेशामा आउन रोक्दैन। किनभने अस्थायी-स्थायी शिक्षकहरू सधैँ बाँचिरहने होइनन्। फेरि अस्थायी शिक्षकहरूका विषयमा विगतमा पटकपटक सम्झौता/प्रतिबद्धता भएका छन्। त्यसको कार्यान्वयन गरिनैपर्छ।

त्यसो त अस्थायी शिक्षकहरू अयोग्य थिए भने तिनले शिक्षण पेशामा प्रवेश नै पाउने थिएनन् होला। स्थायी/बढुवा हुँदैमा योग्य हुने र त्यो नहुँदैमा अयोग्य हुने कुरालाई सही मान्न सकिँदैन।

यी कुराहरूलाई लिएर धेरै बहस गर्न सकिन्छ। *शिक्षक* ले पूर्वाग्रही ढङ्गले टिप्पणी नगरोस् शिक्षकहरूको अपेक्षा यत्ति मात्रै हो।

**युधिष्ठिर श्रेष्ठ**
**सरस्वती उमावि, खानीभन्ज्याङ, ओखलढुङ्गा**

## नियमसम्मत भएन कि?

*शिक्षक* पूर्णाङ्क २५ (वैशाख २०६७) मा प्रकाशित 'शिक्षक बढुवामा विसङ्गति' शीर्षकको आलेखमा उल्लेख भएका केही विवरण नियमसम्मत छैनन् जस्तो लाग्छ।

(क) पृष्ठ ४३ को दोस्रो अनुच्छेदमा प्रावि र निमावि तहका कार्य सम्पादन मूल्याङ्कन गरिनुपर्ने शिक्षकको भन्दा प्र.अ. तल्लो श्रेणीको भएमा... भनी लेखिएको छ जबकि शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३२ को २ (क) को प्रतिबन्धात्मक वाक्यांशमा यस्तो लेखिएको छ–

...कुनै विद्यालयमा कार्य सम्पादन मूल्याङ्कन गरिनुपर्ने कुनै शिक्षकभन्दा एक तह वा श्रेणी माथिको प्रधानाध्यापक नभएमा प्राथमिक र निम्नमाध्यमिक विद्यालयको शिक्षकको सुपरीवेक्षक सम्बन्धित विद्यालय निरीक्षक र जिल्ला शिक्षा अधिकारीले तोकेको अधिकृत तथा पुनरावलोकनकर्ता जिल्ला शिक्षा

अधिकारी र माध्यमिक विद्यालयको शिक्षकको सुपरीवेक्षक सम्बन्धित विद्यालय निरीक्षक र जिल्ला शिक्षा अधिकारी तथा पुनरावलोकनकर्ता सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशक हुनेछ। त्यसैले प्रधानाध्यापक तल्लो श्रेणीको भएमा भन्नु नपर्ने।

(ख) पृष्ठ ४३ कै सन्तुष्टि छैन उपशीर्षक अन्तर्गतको विवरणमा लेखकले मावि प्रथम श्रेणीको शिक्षकको पदीय हैसियत निजामती सेवाको उपसचिव सरह छ; र सरकारको उपसचिव र उसले पाउने तलब स्केलमा पनि कुनै भिन्नता छैन भनी उल्लेख गर्नुभएको छ। तर मावि प्रथम श्रेणीको शिक्षकको तलब निजामती सेवाको उपसचिव नभई सह-सचिव सरहको हुन्छ। यस हिसाबले उसको पदीय हैसियत पनि सह-सचिव सरहको भन्न सकिँदैन र? लेखकले सहसचिव भन्नमा कन्जुस्याइँ गर्नुभएको हो वा झुक्किनुभएको हो?

(ग) पृष्ठ ४४ को तेस्रो अनुच्छेदमा १२ हजार ७१८ दरबन्दीमा जम्मा ३२ हजार ५३८ स्थायी शिक्षक कार्यरत रहेको पाइन्छ भन्ने तथ्याङ्क सच्याउनुपर्ला कि?

**इन्द्रराज बडू, सेवा निवृत्त प्रधानाध्यापक**
**महेन्द्र नमुना उमावि, खलङ्गा, दार्चुला**




*(टिप्पणी: हाम्रो बुझाइमा 'प्रअ तल्लो श्रेणीको भएमा' र 'एक तह वा श्रेणी माथिको प्रअ नभएमा' भन्ने वाक्यांशको आशय एउटै हो। खण्ड 'ख' र 'ग' को त्रुटि औंल्याइदिनुभएकोमा बडूजीलाई धन्यवाद। – सं.)*

## पक्षपाती बढुवा

'बढुवामा विसङ्गति' विषयक आवरण लेख (वैशाख, २०६७) शिक्षकका लागि ज्यादै सान्दर्भिक छ। उक्त रिपोर्ट र हाम्रो शिक्षण अनुभवबाट पनि के स्पष्ट भएको छ भने शिक्षक बढुवा वास्तवमा नियम सङ्गत, चित्तबुझ्दो र निष्पक्ष ढङ्गले हुनसकेको छैन। बढुवाका लागि प्रमुख व्यक्ति प्रअ नै अयोग्य भइदिनाले गुणीजनको गुणपरख भएको पाइँदैन। राजनीतिक आस्था, चाकरी, भनसुन इत्यादिले पनि बढुवालाई प्रभावित पार्ने गरेको छ। बढुवा हुने 'तरिका' बुझेका 'चतुर' शिक्षकहरू आफ्नो कला देखाएर बढुवा भइहाल्छन्। तर, स्वाभिमानी तथा अध्यापनमा समर्पित शिक्षकहरू एउटै पदमा रहिरहन बाध्य भएको उदाहरण प्रायः प्रत्येक विद्यालयमा देख्न सकिन्छ। त्यसैले बढुवा हुने मानक र परिपाटीलाई पारदर्शी बनाउनु अत्यावश्यक छ। यसको एउटा उपाय स्तरीय लिखित परीक्षा हुनसक्छ।

**यादव खतिवडा**
**विश्वज्योति उमावि, लामीडाँडा, खोटाङ**

## अन्तर्वार्तालाई निरन्तरता दिइयोस्

वैशाख अङ्कमा शिक्षामन्त्री सर्वेन्द्रनाथ शुक्लसँगको अन्तर्वार्ता निकै मन पर्‍यो। शिक्षा क्षेत्रमा लागेका अन्य व्यक्तिका अन्तर्वार्तालाई पनि समेट्न सके धेरै राम्रो हुनेथियो।

पत्रिकाको *फुर्सद* पृष्ठका शब्दखेल, सुडोकु, अन्ताक्षरी जस्ता प्रतियोगितामा विद्यार्थीलाई पनि सहभागिता जनाउन दिएमा झन् राम्रो हुन्थ्यो कि!

**विनोद चापागाइँ**
**देवदह– ६, रुपन्देही**

*(**टिप्पणी:** ती स्तम्भहरू शिक्षकका लागि मात्रै होइनन्; विद्यार्थी र अभिभावकलगायत सबैका निम्ति खुला छन्।– सं.)*

## मन्त्रीबाट अपेक्षा

शायद दलहरूबीच मन्त्रालय भागबण्डा हुँदा अन्तिमतिरको रोजाइमा शिक्षा मन्त्रालय पर्छ होला। तत्कालीन शिक्षामन्त्री रामचन्द्र कुशवाहले यसै पत्रिकाको अन्तरवार्तामा भनेका थिए, "हेर्दै जानुस् न म के-के गर्छु।" तर, उनले शिक्षारुपी झण्डालाई इतिहासकै कालखण्डमा झुकाइदिए। अहिले यसै पत्रिकाबाट नयाँ शिक्षामन्त्रीको भेषमा सर्वेन्द्रनाथ शुक्ल अन्तरवार्ता दिन आएका छन्। शिक्षाको दीपमा वर्तन (तेल) सकिएर मलिन भएको आजको अवस्थामा वर्तन बनेर शिक्षा क्षेत्रलाई उज्यालो बनाउने झिनो आशा उनीबाट राख्नु बढी नहोला। शिक्षा क्षेत्रमा सामान्य परिवर्तनको मात्रै भए पनि श्रीगणेश गरेर युगलाई दुर्घटनाबाट जोगाउन उनको उद्गार ("म उदाहरणीय मन्त्री हुन चाहन्छु") सार्थक बनोस्।

**उषा नेपाल, सिन्धुपाल्चोक**

## यस्तो पो गरेछन्!

*शिक्षक* मासिकको भदौ अङ्क (२०६६) पढ्दा लागेको थियो, शिक्षामन्त्री रामचन्द्र कुशवाहले पक्कै केही गर्नेछन्। तर, 'हात्ती आयो, हात्ती आयो फुस्सा!' भने झैं सबै कुरा हरायो।

शिक्षामन्त्रीको कुर्सीमा बसेर दिएको कुशवाहको अन्तरवार्ताको शीर्षक थियो, "हेर्दै जानुस् न म के-के गर्छु।" 'के-के' को अर्थ त्यतिबेला बुझिएको थिएन। उनले गर्न त गरेछन् तर राहत शिक्षकको कोटा वितरणमा भ्रष्टाचार! विचराले त्यति


"म उदाहरणीय मन्त्री हुन चाहन्छु"
– शुक्ल


"हेर्दै जानुस् न म के-के गर्छु।"
– कुशवाह

# प्रतिक्रिया र सुझाव

आरोपमा मन्त्री पद पनि गुमाउनु पर्‍यो। विचरा कुशवाह !

रवीन्द्रकुमार दास
मावि जिनाखु-३, सिन्धुली

## जोश र होस जगाउने लेख

'विषय-सन्दर्भ' (चैत २०६६) ले यो चिठी लेख्न हौस्यायो। 'साहित्यकार कसरी बन्ने' पुस्तक निकै पहिले पढेको थिएँ। त्यो एउटा पुस्तिका नै थियो। तर, केदार शर्माद्वारा लेखिएको यो एउटा लेखले नै साहित्यलेखनमा रुचि राख्नेहरूलाई प्रशस्त मार्गनिर्देशन गरेको छ। "लेखेर नाम कमाउन चाहने प्रत्येक व्यक्तिले छरितो, रसिलो र सजिलो गरी लेख्न सिक्नुपर्छ। कठिन शब्द थुपार्नु राम्रो लेखकको गुण होइन। बरु त्यसले कुनै पनि व्यक्तिलाई राम्रो लेखक हुनमा बाधा पुर्‍याउँछ", यो भनाइ साहित्यिक जोश र होस जगाउने खालको लाग्यो।

चैत, २०६६ को शिक्षक मा छापिएको थियो, "... जतिसुकै राम्रो भाव बोकेका भए पनि छन्दोभङ्ग भएका कविता हामी छाप्दैनौं।" तर, आजसम्म शिक्षक मा छन्दोबद्ध कविता छापिएकै छैनन्। भनेपछि अबदेखि चाहिँ छन्दोबद्ध कविता मात्रै छाप्ने भन्न खोज्नुभएको हो कि ? कुरा अलि स्पष्ट भएन !

इन्द्रकुमार श्रेष्ठ, दियाले-३, ओखलढुङ्गा

## फागुन अंक पढ्दाको तीतो

आज शिक्षाका लागि मानिस जति लागेका छन् ती ज्ञान र सीप बढाउनभन्दा बढी



प्रमाणपत्र हात पार्न लागेको अनुभूति *शिक्षक* मासिकको फागुन अङ्कबाट मिल्यो। एसएलसी परीक्षाको अनियमितताबारे मैले पहिल्यै केही हल्ला त सुनेको थिएँ। तर, त्यस्तो अचाक्ली चाहिँ कल्पना गरेको थिइनँ। चिटिङमा संलग्न व्यक्ति प्रथमतः शिक्षक नै हुन् भन्ने कुरा पृष्ठ २८ को कमल आरएलको लेखले दर्शाएको छ, जसमा प्रअकै संलग्नता देखियो। चोराएरै पैसा बटुल्ने बानीका प्रअबाट गुणस्तरीय शिक्षाको अपेक्षा राख्नु सपनाको महल खोज्नु बराबर हो। यसले शिक्षकको मान मर्यादामा दाग लागेको छ।

'चिट चोरी मात्र होइन डकैती नै' भन्ने किटान भएको पृष्ठ २९ को लेखमा रितेश त्रिपाठी र प्रमोद आयामले ठम्याएको देख्दा म रुन् चकित भएँ। विद्यार्थीहरू पढ्नभन्दा बढी गेसपेपर, गाइड र किताब सार्नमा नै पारङ्गत हुन थालेछन्। यसले विद्यार्थीमा ज्ञान, सीप र बुद्धिको विकासभन्दा प्रमाणपत्र हात पार्ने मानसिकता बढी रहेको रुल्काउँछ। यस्तो प्रवृत्ति रहेसम्म नेपालको शिक्षाले कसरी काँचुली फेर्ला ? साँच्चै सम्झने हो भने हाम्रो शैक्षिक भविष्य अन्धकार र कहालीलाग्दो छ।

त्यस विपरितको सुधार गर्छु भनेर लाग्ने व्यक्तित्व चामलका बियाँका रूपमा पाउन सकिन्छ भन्ने कुरालाई सिद्ध गर्नेगरी पृष्ठ २७ को 'ज्यान गए पनि चोर्न दिन्न' भनेर केन्द्राध्यक्ष एवं प्राचार्य सरोजकुमार पाण्डे उभिनुभएको छ। सच्चा शिक्षक र जिम्मेवार व्यक्तित्वका रूपमा मलाई पनि 'शिक्षक हुँ' भन्न गर्व लागेको छ; उहाँको दृढता देखेर। शिक्षण पेशा र परीक्षालाई मर्यादित बनाउन उहाँले थालेको प्रयास प्रशंसनीय छ।

खनाल मेघनाथ 'बन्धु'
जनकल्याण मावि, जुगेडा, कैलाली


## दुई अंक पाइएन

मैले *शिक्षक* मासिकको पहिलो र तेस्रो अङ्क बाहेकका सबै अङ्कहरू सङ्ग्रह गरेर राखेको छु। यी दुईवटा अङ्कका लागि 'बाइन्डिङ' कपी किन्दा दोहोरो खर्च हुनेभयो। तसर्थ, पहिलो र तेस्रो अङ्क मात्रै प्राप्त गर्ने उपाय छ कि ?

मैयादेवी राई
श्री शान्ति निमावि, होम्राङ- ४, भोजपुर

*(टिप्पणीः छैन। किनभने ती अङ्क अब हामीसँग पनि बाँकी छैनन्। बरु 'बाइण्डिङ' गरिएका प्रतिहरू पनि सकिएलान्, त्यसैले चाँडै जोहो गर्नु राम्रो होला। - सं.)*


## *शिक्षक* का पुराना अङ्क



*शिक्षक* मासिकको २०६५ सालका अंकहरू 'बाइण्डिङ' गरिएको सङ्ग्रह तयार भएको छ। इच्छुक पाठकहरूले नजिकको पत्रिका पसल वा शिक्षकको कार्यालय (फोनः ५५४८१४२) मा सम्पर्क राख्नुहोला।

मूल्य रू.: ३५०/-



विश्वविद्यालयका प्राध्यापकहरूबाट अध्यापन गराइने यस काठमाडौं शिक्षा क्याम्पसमा
एम.एड.(अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, शैक्षिक योजना तथा व्यवस्थापन र पाठ्यक्रम)
बी.एड. एकवर्षे र तीनवर्षे (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, गणित, जनसंख्या, सामाजिक, शैक्षिक प्रशासन र सुपरिवेक्षण)
+२ (शिक्षा, मानविकी, व्यवस्थापन र कम्प्युटर विज्ञानका कक्षा सञ्चालन भइरहेको छ।
– तीनथाना, काठमाडौं, फोनः ४३११८४३

- ✓ एकवर्षे बि.एड. तथा एम.एड. प्रथम वर्षमा असार मसान्तभित्र शतप्रतिशत छात्रवृत्ति सहित भर्ना।
- ✓ वेबसाइट तथा नोटिसबोर्डमार्फत् सूचना प्रदान र आधुनिक प्रविधिबाट अध्यापन।
- ✓ कक्षा सञ्चालन साँझ ४ देखि ८ तथा प्रशासन दिनको १ देखि साँझ ८ बजेसम्म

पहिलो सामुदायिक शिक्षा क्याम्पस

काठमाडौं शिक्षा क्याम्पस
रामशाहपथ, भृकुटीमण्डप चोक, काठमाडौं (पद्मोदय उमाविको भवन)
फोनः ०१-४२३०२४०, ९८५१०११६४६, ९८४१३२५९००, ९८४१२६५५४४
नोटिस बोर्ड नं.: क्याम्पस विषेश सूचना (१६१८०१४२३०२४०)
विद्यार्थी विशेष सूचना (१६१८०७०७३०२४१) उक्त नं. हरूमा नेपालभरिका लोकल फोनबाट सम्पर्क गर्न सकिने छ।
E-mail: kscram@ksc.edu.np, URL: www.ksc.edu.np

## पुरस्कार प्राप्त गर्न के गर्नुपर्ला ?


*शिक्षक* मासिकलाई मैले समग्र शैक्षिक क्षेत्रको दर्पणको रूपमा लिएको छु । शैक्षिक गतिविधि, लेख-रचना, शिक्षण विधि, शिक्षासँग सम्बन्धित विशेषज्ञको विचार, शैक्षिक ऐन/नियम जस्ता सामग्री प्रकाशित हुने भएकाले यो पत्रिका ज्यादै राम्रो लाग्छ । अरु, यसमा कोठेपद, अन्ताक्षरी, सुडोकु र सामान्यज्ञान जस्ता बौद्धिक प्रतियोगितात्मक खेलहरू राखिएकाले शिक्षक तथा समस्त पाठकको बौद्धिक क्षमतामा वृद्धि हुने कुरा निश्चित छ । साथै यस्ता प्रतियोगितामा विजेता हुने टाढा (राजधानी बाहिर)का विजेताले पुरस्कार प्राप्त गर्न के गर्नुपर्ला ?

**शान्तबहादुर थापा**
**ज्ञानज्योति प्रावि, वारड्गी-१, मोरङ**

*(**टिप्पणी:** आफू आउन सम्भव नभए विश्वासिलो मानिसलाई आफ्नो मञ्जुरीनामा दिएर शिक्षकको कार्यालयबाट पुरस्कार प्राप्त गर्न सकिन्छ । पर्याप्त आधार-प्रमाण प्राप्त भएमा पुरस्कार रकम विजेताको ठेगानामा पनि पठाइदिन सकिन्छ ।- सं.)*

## दोहोरिए सुडोकुका त्रुटि

*शिक्षक* मासिकको म नियमित ग्राहक हुँ । यस पत्रिकाका सबै सन्दर्भ सामग्रीहरू उत्कृष्ट र व्यावहारिक छन् । यसमा समावेश हुने विभिन्न खेलहरूमध्ये सुडोकु असाध्यै मनपर्छ । त्यसैले मिलाएर पठाउने गरेको पनि छु । २०६६ चैत महिनाको सुडोकु नं. १८ मा एउटै ब्लकमा एउटा अङ्क (२) दुई ठाउँमा भएकोले मिलाउने प्रयास गरिनँ । तर त्यसपछिको अङ्क वैशाख १९ को सुडोकुमा पनि प्राविधिक कारणले हो वा पुरस्कारको समस्याले हो गल्ती नै पाइयो । सुडोकु नं. १९ चाहिँ एउटा अङ्क सच्याएर पनि मिलाएर पठाएको छु । यसो गर्न मिल्छ कि मिल्दैन ?




**भरतप्रसाद ढकाल**
**जनप्रेमी प्रावि, मकुवा, डुम्रे-८, उदयपुर**

*(**टिप्पणी:** त्रुटि औंल्याइदिनुभएकोमा धन्यवाद ! आइन्दा यस्ता गल्ती दोहोरिन नदिने कोशिश गर्नेछौं। गल्ती भएको कुरा सच्याएर पठाउन पाइन्छ । - सं.)*

## निरन्तर त्रुटि

हाम्रो विद्यालय *शिक्षक* मासिकको शुरुदेखि कै नियमित ग्राहक हो । यस पत्रिकाका सामग्रीहरू धेरै ज्ञानबर्द्धक तथा पठनीय छन् । तर, सुडोकु-१८ को बीचमा दुई ठाउँमा २ लेखिएको तथा सुडोकु-१९ को दोस्रो हरफमा अङ्क ६ राख्ने सम्भावना नै छैन । तसर्थ यस्ता त्रुटिलाई निरन्तरता दिएर पाठकहहरूलाई दु:ख नदिए राम्रो हुन्थ्यो ।

**शिवबहादुर खड्का**
**जनशक्ति मावि, नामजुङ-४, गोरखा**

*(**टिप्पणी:** त्रुटि औंल्याइदिनुभएकोमा खड्काजीलाई धन्यवाद ! - सं.)*

## यसो गरे कसो होला ?

*शिक्षक* मासिकका शब्दखेल, सुडोकु, अन्ताक्षरी जस्ता प्रतियोगिताहरू फोटोकपी गरी पठाउन मिल्छ कि मिल्दैन ? यदि मिल्छ भने हामी फोटोकपी गरेर पठाउने छौं । त्यसो गर्दा हामीले पठाएको उत्तर गल्ती भए/नभएको हेर्न सजिलो हुनेथियो ।

**दीपक, जगन्नाथ र तुलसी**
**श्री सरस्वती मावि, सहारे- ८, सिमघाट, सुर्खेत**

*(**टिप्पणी:** फोटोकपी गर्न जति पनि मिल्छ तर हामीलाई चाहिँ मूल प्रति (ओरिजिनल) नै पठाउनुपर्छ । फोटोकपी आफूले राख्नुहोला । - सं.)*

## शिक्षामा समानता किन भएन ?

सैद्धान्तिक रूपमा, शिक्षामा सबैलाई समान अवसर भन्ने धारणा आफैंमा नराम्रो होइन । तर, विभिन्न कारणले गर्दा व्यवहारमा समानता देखिँदैन। प्रसिद्ध शिक्षावादी पाउलो फ्रेरेले विद्यालय उच्च वर्गको राजनीतिक, सामाजिक स्वार्थसिद्ध गर्ने निकाय हो र यसले पिछडिएका वर्गको इच्छा पूरा गर्दैन भनेका छन् । मेरो विचारमा समाजमा शैक्षिक समानता हुन नसक्नुका मुख्य कारण निम्न छन्:

१. शिक्षालाई परम्परादेखि नै सम्भ्रान्त वर्गको स्वार्थसिद्ध गर्ने माध्यमका रूपमा प्रयोग गरियो । अहिले पनि यो वर्गले आफ्नो स्वामित्व त्यागन चाहँदैन । उसको प्रतिस्पर्धामा जान तल्ला वर्गको हैसियत नपुग्ने नभएकाले शिक्षामा समानता हुनसकेको छैन ।
२. शिक्षामा समान अवसर दिनका लागि प्रवेश परीक्षाको समान मौका प्रदान गरिएको छ । तर यसमा मेचीको ताप्लेजुङ र कर्णालीको जुम्लाका विद्यार्थीले काठमाडौंको बूढानीलकण्ठ, वनस्थली, ग्यालेक्सी जस्ता विद्यालयमा पढ्ने विद्यार्थीसँग प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । यस्तो प्रतिस्पर्धाबाट शिक्षामा समान अवसर प्राप्त हुनै सक्दैन ।
३. जनसङ्ख्या वृद्धि भइरहेको अवस्थामा त्यसअनुरुप विद्यालयको भौतिक व्यवस्थापनलाई सुदृढ गर्न सकिएको छैन ।
४. एकातिर सबैलाई शिक्षाको समान मौका दिने भनिन्छ । अर्कोतिर चर्को शुल्क असुलेर सरकारको शैक्षिक नीतिलाई नै चुनौती दिने गरी निजी विद्यालयहरूले शिक्षाको खुला व्यापार गरिरहेका छन् । यस्तो अवस्थामा शिक्षामा समानता हुन सक्दैन ।

**सञ्जयकुमार यादव, सरस्वती निमावि, कचनारी-४, सिरहा**

### गजल

केही कार्यार्थ अध्यापक भएँ
व्यवहारमा कुचालक भएँ ।

नीति र निष्ठा जप मात्रै त हो
जाली बखानले नतमस्तक भएँ ।

दावानल पेटमा ऋषि झैं तप भो
धनको भाउमा छ्या! शिक्षक भएँ ।

जताततै वा: वा: छ धनको
नकमाउँदा नालायक भएँ ।

झूटो टिक्दैन सत्य डग्दैन
गौतम, गान्धीको समर्थक भएँ ।

**गोविन्दप्रसाद आचार्य**
**जनकल्याण उमावि, पालुङ, मकवानपुर**

## हाम्रो नियुक्ति कहिलेको हो ?

३ असार २०४६ मा स्थायी नियुक्ति गरिएको भनी २६ भदौ २०४८ मा लेखिएको नियुक्तिपत्र पाएका शिक्षक बागलुङ जिल्लामा ६० जना छौं । यो अवस्थामा कुन मितिदेखि लागू हुने गरी हाम्रो सेवा अवधिको गणना गरिन्छ ? साथै, तल्लो तहमा स्थायी नियुक्ति पाई माथिल्लो शैक्षिक योग्यता र अनुमतिपत्र भएका शिक्षकलाई लियन पदमा राखी अस्थायी बढुवा हुने व्यवस्था छ कि छैन ?

**शशिधर पौडेल, जनता मावि, पाही राङ्खानी, बागलुङ**

*कुनै निश्चित मितिदेखि लागू हुने गरी तत्कालीन जिल्ला शिक्षा आयोग वा शिक्षक छनोट समितिको सिफारिसमा उल्लेख भएको बाहेक सम्बन्धित तह र श्रेणीको पदमा स्थायी नियुक्ति भई स्कूलमा हाजिर भएको मितिदेखि मात्र सेवा अवधि लागू हुन्छ । सोही बमोजिम ३ असार २०४६ देखि लागू हुने भनी छनोट समितिको सिफारिसमा उल्लेख भएमा अघिदेखि कार्यरत शिक्षकको हकमा अघिकै मिति कायम हुने र अन्यको हकमा हाजिर भएको मिति कायम हुन्छ ।*

***मधुसूदन अधिकारी, उपसचिव, विद्यालय शिक्षक किताबखाना***

## खुलामा प्रतिस्पर्धा गर्नुहोस्

११ कात्तिक २०६६ मा शिक्षक युनियनसँग भएको सम्झौता अनुसार २१ साउन २०६१ भन्दा अगाडि अस्थायी नियुक्ति पाएका शिक्षकहरूलाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गरिने उल्लेख छ । तर, उक्त मितिभन्दा पछि अस्थायी नियुक्ति पाएका शिक्षकलाई चाहिँ आन्तरिक प्रतिस्पर्धामा सहभागी हुनबाट किन बञ्चित गरिएको हो ?

**लेखनाथ सुवेदी, मार्गादेवी प्रावि, बेलहरा- ३, धनकुटा**

*शिक्षक युनियनका प्रतिनिधिहरू समेतको छलफलमा २१ साउन २०६१ भन्दा अगाडिका अस्थायी शिक्षकलाई आन्तरिक प्रतिस्पर्धामा सामेल हुन दिने सहमति गरिएको हो । आखिर त्यसको एउटा मितिरेखा त तय गर्नै पर्थ्यो । उक्त मितिभन्दा पछि अस्थायी नियुक्ति पाएका शिक्षकहरूले खुला प्रतिस्पर्धामा सामेल हुन पाउनुहुन्छ ।*

***जनार्दन नेपाल, सहसचिव, शिक्षा मन्त्रालय***

## हामीले महँगी भत्ता पाउँदैनौं ?

राहत कोटाका शिक्षकलाई दरबन्दीका शिक्षकसरह सुविधा दिने भनिएको छ । तर, राहत शिक्षकलाई चाहिँ बढेको तलब र अन्य शिक्षकसरह महँगी भत्ता किन नदिइएको हो ? साथै राहत शिक्षकको बिरामी बिदा सञ्चित हुन्छ कि हुँदैन ?

**बालकृष्ण रेग्मी, कृष्णादेवी मावि, गौंडाकोट-४, पाल्पा**
**राजेश थापा मगर, मावि, भँगेरी, रामेछाप**

*राहत शिक्षकको महँगी भत्ता निकासाको लागि अर्थ मन्त्रालयसँग नीतिगत सहमति भइसकेको छ । तपाइँहरूले छिट्टै उक्त रकम पाउनुहुनेछ । साथै, राहत शिक्षकका सेवासुविधा पनि अन्य शिक्षकसरह हुने भएकाले तपाइँहरूको पनि बिरामी बिदा सञ्चित हुन्छ ।*

***जनार्दन नेपाल, सहसचिव, शिक्षा मन्त्रालय***

## छुटेको ग्रेड पाइएला ?

हामी २०६२/०६३ मा लिइएको ५० प्रतिशत आन्तरिक परीक्षामा स्थायी भएका प्राथमिक शिक्षकहरू हौं । हामीलाई ३० असार २०६३ मा स्थायी नियुक्ति दिनु भनी शिक्षक सेवा आयोगले सिफारिस गरे पनि जिशिका, चितवनले ३ कात्तिक २०६३ मा नियुक्तिपत्र दियो । ढिलो नियुक्ति दिँदा हामीले एक ग्रेड गुमाउनुपर्‍यो । छुटेको ग्रेड पाइन्छ कि पाइँदैन ?

**कुमार अधिकारी, सुवासचन्द्र मल्ल, गवै मावि, कुमरोज, चितवन**

*शिक्षा नियमावली, २०५९ को नियम १००(२) को व्यवस्था अनुसार, स्थायी नियुक्ति पाएर एक शैक्षिक सत्र पूरा गरेपछि एक तलब वृद्धि (ग्रेड) पाउने हुँदा स्थायी नियुक्ति नै भई नसकेको अवधिको ग्रेड छुटेको भन्न मिल्ने अवस्था देखिएन ।*

***गुणराज पोखरेल, उपसचिव, शिक्षक सेवा आयोग***

## हाम्रो कुरा सुनियोस्

हामी विशेष शिक्षा परिषद्बाट प्राप्त दरबन्दीका शिक्षक/कर्मचारी हौं । हाम्रा केही जिज्ञाशा यसप्रकार छन्:

१. विशेष शिक्षा परिषद् र नेपाल अन्धा कल्याण संघको संयुक्त सहयोगमा सञ्चालित एकीकृत विशेष शिक्षाअन्तर्गत शिक्षक कर्मचारीको बढेको तलबभत्ता शिक्षा विभागबाट किन अहिले पनि ढिलो गरी विनियोजन हुने गरेको हो ?
२. परिषद्बाट प्राप्त दरबन्दीमा कार्यरत दृष्टिविहीन तथा दृष्टिदोषीहरूलाई रेखदेख गर्ने सहायक कर्मचारीको हालको पारिश्रमिक कति हो ? स्रोत शिक्षकले 'स्रोत शिक्षक भत्ता' पाउँछ कि पाउँदैन ?
३. यस विद्यालयमा एकीकृत विशेष शिक्षाअन्तर्गत छात्रा पनि राख्नुपर्ने भएकाले तिनलाई रेखदेख गर्न महिला कर्मचारी नै चाहिने हुँदा 'आया'को दरबन्दी तत्काल सिर्जना गर्नुपर्ने देखिन्छ । उक्त दरबन्दी कसरी प्राप्त गर्न सकिन्छ ?
४. अस्थायी शिक्षकहरूलाई आन्तरिक प्रतिस्पर्धामार्फत स्थायी हुने अवसर दिन लागिएको छ । उक्त प्रस्तावित योजनामा विशेष शिक्षा परिषद्अन्तर्गतका शिक्षकहरू पर्नेछन् वा छैनन् ?

**वैदेहीशरण यादव, उमावि वसविट्टी, बसन्तपुर-३, महोत्तरी**

*१. बढेको तलब निकासाका लागि अर्थ मन्त्रालयमा प्रस्ताव पठाइसकिएको छ । त्यहाँबाट स्वीकृत हुनासाथ बढेको तलब पठाउनुहुनेछ ।*
*२. सहायक कर्मचारीको शुरु तलब रु.४,००० छ । शिक्षा विभागबाट सञ्चालन भएका स्रोत कक्षामा अध्यापन गर्ने स्रोत शिक्षकले रु.५०० भत्ता पाइरहेका छन् ।*
*३. विभागबाट सञ्चालन भएका स्रोत कक्षाको हकमा आयाको पनि व्यवस्था गरिएको छ । तर, विशेष शिक्षा परिषद्बाट सञ्चालित स्कूलको हकमा थप आयाको व्यवस्था गरिएको छैन ।*
*४. त्यस्तो व्यवस्था गरिएको छैन ।*

***अरुणकुमार तिवारी, उपनिर्देशक, शिक्षा विभाग***

## दुर्गम भत्ता पाएनौं

सरकारले दुर्गम जिल्लामा पनि राहत शिक्षक राखेको छ। तर, तिनलाई दुर्गम भत्ता चाहिँ दिएको छैन । यस्तो विभेद किन ?

**अशोककुमार प्रसाद, राहत शिक्षक, नखर्जी मावि, मुगु**

*सरकारले राहत मात्र होइन दरबन्दीका शिक्षकहरूलाई समेत दुर्गम भत्ता दिने गरेको छैन । त्यसैले विभेद गरेको सवाल नै उठ्दैन ।*

***कृष्णप्रसाद ढुङ्गाना, उपसचिव, शिक्षा विभाग***

## हामी हेपियौं

सरकारले स्कूलका शिक्षकहरूका लागि पेन्सन, उपदान, महँगी भत्ता जस्ता सुविधाहरू उपलब्ध गराउँदै आएको छ । तर, उनीहरूसँगै स्कूलमा काम गर्ने विद्यालय कर्मचारी तथा पियनहरूको कुनै सेवा/सुविधा छैन । शिक्षकहरूको तलब बढ्दा हामीले बढेको तलब पाउँदैनौं । यस्तो पक्षपात किन गरिएको हो ?

**अम्बरबहादुर राउत, महारानीगञ्ज निमावि, शनिश्चरे– ६, झापा**
**भोलानाथ अधिकारी, पञ्चायत मावि, दुलारी, मोरङ**

*सरकार र शिक्षक युनियनबीच ११ कात्तिक २०६६ मा भएको सहमति अनुसार, शिक्षा ऐन, २०२८ मा संशोधन गरी स्कूलका कर्मचारीको सेवा अवधि समायोजन गर्ने, कर्मचारीको छनोट, नियुक्ति तथा सेवा सुविधाका शर्तलाई सुनिश्चित गर्ने प्रक्रिया अगाडि बढाइएको छ । प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको विद्यार्थी अनुपात अनुसार, कर्मचारीको दरबन्दी तोक्ने व्यवस्था प्रस्तावित संशोधन विधेयकमा छ । हाल संशोधन विधेयकको मस्यौदा अर्थ र कानुन मन्त्रालयमा पुगेको छ ।*

***विष्णुप्रसाद अधिकारी, उपसचिव, शिक्षा मन्त्रालय***

## योग्यता कति चाहिने हो ?


स्नातक तहको योग्यतामा खुला प्रतिस्पर्धामार्फत नि.मा. द्वितीय श्रेणीमा नियुक्त शिक्षकका लागि नि.मा. प्रथम श्रेणीमा बढुवा हुनको लागि न्यूनतम र माथिल्लो योग्यता कति चाहिने हो ?

**प्रकाश पौडेल, जनता उमावि, बागलुङ**

*स्नातक तहको योग्यतामा खुला प्रतिस्पर्धाबाट नियुक्त नियुक्त नि.मा. द्वितीय शिक्षकले नि.मा. प्रथम श्रेणीमा बढुवा हुनका लागि न्यूनतम योग्यता स्नातक र माथिल्लो योग्यता स्नातकोत्तर हुनुपर्छ ।*

***गुणराज पोखरेल, उपसचिव, शिक्षक सेवा आयोग***

**अनुरोधः** यस स्तम्भमा शिक्षक मित्रहरूले जान्न चाहेका ज्ञानविज्ञानसम्बन्धी कुरा, स्कूलमा सामना गर्नुपरेका शैक्षिक र प्रशासनिक समस्या, चुनौती वा जटिलताको आधिकारिक जवाफ पहिल्याएर प्रकाशित गरिने छ । – सम्पादक

# शिक्षण पेशा तुच्छ होइन; तर बनाइँदैछ

**मोतिराम दाहाल**
चक्रेश्वर उमावि, च्याम्राङबेसी-२, काभ्रे

यतिबेला म जीवनको २६औं वसन्तमा यात्रा गर्दैछु । २०६४ सालमा अङ्ग्रेजी मूल विषय लिई प्रथम श्रेणीमा एम.एड. पास गरेपछि घरपायक काभ्रे जिल्लाको च्याम्राङ्वेसी गाविस अवस्थित श्री चक्रेश्वर उमाविमा राहत कोटामा अङ्ग्रेजी पढाउन थालेँ ।

शिक्षण पेशामा छिर्दा मेरो उत्साह र योजना निकै ठूलो थियो । तर यसभित्रका समस्या, विकृति, विसङ्गति, बेमेल, भद्रगोल र व्यवस्थापनले गर्दा दुई वर्षमै ती सबै निराशामा बदलिएका छन् । पहिलो गाँसमा नै ढुङ्गा टोकेको अनुभव गर्दैछु । विश्वविद्यालयमा सिकेको सैद्धान्तिक ज्ञानलाई कक्षाकोठाभित्र व्यावहारिक रूपमा प्रयोग गर्न र समग्र विद्यालयको सुधार गर्न खोज्दा पाइलैपिच्छे ठेस लाग्ने रहेछ । यसो हुनुमा पहिलो जिम्मेवार पक्ष राज्य देखिन्छ । शिक्षा क्षेत्रप्रतिको राज्यको अदूरदर्शी नीति र बेवास्ताले गर्दा नै त्यस्तो भएको हो भन्ने लाग्छ । फलत: शिक्षण पेशामा आबद्ध अधिकांश ऊर्जाशील साथीहरूले शिक्षण पेशालाई निजामती सेवाभन्दा तल्लो तहमा राखेको र आफू त्यतैतिर जान मरिहत्ते गरिरहेको पाउँछु ।

यथार्थमा शिक्षण जस्तो मर्यादित र आत्मसन्तुष्टि दिने पेशा अर्को छैन । तर यो कुरा जान्दाजान्दै पनि यस पेशामा आबद्ध हामीहरू आफैंसँग लाचार छौं, छातीभित्र हीनभाव पालिरहेका छौं । कारण, आज शिक्षकलाई कक्षाकोठाभित्र सीमित हुने एउटा निरीह प्राणी बनाइएको छ । सम्पूर्ण अधिकार वि.व्य.स. र प्रअलाई दिइएको छ । तर जसले जसरी र जति शक्ति लिए पनि आखिरमा शैक्षिक सुधारकर्ता त शिक्षक नै हो । शिक्षकले असहयोग गर्ने हो भने सारा राज्य संयन्त्र लागे पनि शैक्षिक सुधार निरर्थक हुन जान्छ । तर विना हतियार र विना उत्प्रेरणा विचरा शिक्षकले मात्र कसरी प्रभावकारी शिक्षण कार्य अगाडि बढाउन सक्छन् ?

हाल नीतिगत त्रुटिको रूपमा रहेको वि.व्य.स. गठन प्रक्रिया, यसका पदाधिकारीहरूको योग्यता र त्यसलाई दिइएको अधिकार क्षेत्र एउटा प्रमुख समस्या हो । उदाहरणको निम्ति मास्टर डिग्री पास गरेको शिक्षकको नियुक्ति गर्न निर्माण गरिएको छनोट समितिमा कलेजको मुखै नदेखेको व्यक्ति (वि.व्य.स.को अध्यक्ष) हुन्छ । शिक्षकको गुणस्तर, सीप र सेवा सुविधामा तिनको भूमिका कस्तो रहला ? यो कुरा सम्बन्धित सरोकारवालाहरूले बुझेर पनि नबुझे झैं गरिरहेका छन्; किन ? स्थानीय समुदायलाई अधिकार दिनु सराहनीय कदम हो । तर आधारभूत तयारी र क्षमताविना त्यसो गरिँदा त्यसको नतिजा नकारात्मक हुने तथ्यलाई नजरअन्दाज गर्न मिल्दैन । अत: यो विषयमा नीतिनिर्माण तहमा तुरुन्त मनन् गर्नु आवश्यक छ ।

**विद्यालयहरूमा समस्याहरूको चाङ छ । योग्यता र प्रतिस्पर्धाको आधारमा चयन नगरिएका कारण अधिकांश प्रधानाध्यापकहरू लाचार देखिन्छन् । यसले गर्दा योग्य व्यक्तिहरू यो पेशाबाट पलायन हुँदै जाने अनि चाप्लुसीमा रमाउने अयोग्य शिक्षकहरूको झुण्डले सिङ्गो शिक्षा क्षेत्र कब्जा गर्ने खतरा बढ्दै गइरहेको छ ।**

शिक्षण पेशा अमर्यादित र अस्तव्यस्त हुँदै जानुको अर्को कारण देशमा मौलाउँदै गएको दण्डहीनताको संस्कृति पनि हो । उदाहरणको लागि गिरिजाप्रसाद कोइरालाको शोक बिदामा परीक्षा सञ्चालन गरेको आरोपमा काभ्रेका तत्कालीन जिशिअ सुन्दरकुमार शाक्यलाई नेविसंघको अगुवाईमा कालोमोसो दलियो । दल्नेलाई केही भएन । मोसो दलिएको पक्षमा कोही बोलेन । यस्तै समस्या विद्यालयहरूमा पनि देखिन थालेको छ । म आफैं कार्यरत विद्यालयको यस वर्षको अन्तिम परीक्षामा विद्यार्थीलाई चिट भेटिएको खण्डमा कपी खोसेर घर पठाउने नियम सुनाइयो । कक्षा ९ का एकजना छात्रालाई त्यही कसुरमा घर पनि पठाइयो । तर पछि अभिभावकहरूको दबाब, धम्की र वि.व्य.स.को असहयोगका कारण परीक्षामा सम्मिलित सबै विद्यार्थी पास गरिए । प्रमुख जिल्ला अधिकारी र जिल्ला शिक्षा अधिकारी त असुरक्षित छन् भने विचरा शिक्षकले कसरी खतरा मोल्न सक्छ शैक्षिक सुधार गर्न ? अनि विकल्प निस्कन्छ जागिर खाने !

यसैगरी; अनेकथरी शिक्षक दरबन्दी निर्माण गर्ने, पेशागत असुरक्षालाई निरन्तरता दिन चाहिरहने, जस्तो चलिरहेछ, चल्दै जान्छ भन्ने भरथेग सरकारी रवैया र व्यावहारिक रूपमा देखिएका समस्याहरूप्रति वास्ता नगर्ने प्रवृत्तिले शिक्षक पेशाप्रतिको आकर्षण घट्दो छ । यसका अतिरिक्त विनि, स्रोतव्यक्ति तथा जिशिका र शिक्षकबीच समन्वयको अभाव एउटा गम्भीर समस्याका रूपमा खडा छ । विद्यालयहरूमा समस्याहरूको चाङ छ । योग्यता र प्रतिस्पर्धाको आधारमा चयन नगरिएका कारण अधिकांश प्रधानाध्यापकहरू लाचार देखिन्छन् । यसले गर्दा योग्य व्यक्तिहरू यो पेशाबाट पलायन हुँदै जाने अनि चाप्लुसीमा रमाउने अयोग्य शिक्षकहरूको झुण्डले सिङ्गो शिक्षा क्षेत्र कब्जा गर्ने खतरा बढ्दै गइरहेको छ ।

# म लठुवा र मेरा शिक्षक

**महेश्वर आचार्य**
बालकुमारी, ललितपुर

मानिसको चेतनालाई नियन्त्रण गर्ने मस्तिष्कका दुई भागमध्ये एउटाले भावना र आवेगलाई अनि अर्कोले तथ्य र तर्कलाई नियन्त्रण गर्छ। मेरो मस्तिष्कको भावना र आवेग खण्डले राम्रो काम गरेछ क्यार, म उडन्ते कल्पनामा रमाइरहें। तथ्य र तर्कले राम्रो काम नगरेर होला, स्कूलेजीवनमा बीज गणित, रेखा गणित, विज्ञान जस्ता विषय मेरो दिमागमा घुस्दै घुसेनन्। अहिले पनि सत्र तियाँ कति हुन्छ ठ्याक्क भन्न सक्दिनँ। त्यस्तै त्रिहत्तरमा अन्ठाउन्न जोड्दा वा घटाउँदाको योगफल बुझ्न मलाई क्याल्कुलेटर नै चाहिन्छ।

चार कक्षामा घर सँगैको विद्यालयमा थोरै विद्यार्थी माझ पढ्दा मेरो पढाइ ठीक-ठीकै थियो। तर, पाँच कक्षादेखि हुलका हुल विद्यार्थीहरूमाझ पुगेपछि मेरो पढाइ डामाडोल भयो। त्यसपछि म हिसाब, विज्ञान लगायतका विषयमा नबिराइकन गुल्टिरहें। त्रैमासिक परीक्षाका मार्कसिट चार-पाँचवटा राता टीकाले रङ्गिएका हुन्थे। अन्तिम परीक्षामा भने गुरुबा गुरुआमाको दयाले म माथिल्लो कक्षामा पुऱ्याइँन्थे। उल्टोबाट पहिला दोस्रो हुने बानीले मलाई कहिल्यै छोडेन। अन्ततः म एसएलसीमा पनि गणित र विज्ञानमा फेल भएँ।

अर्को वर्ष 'एक्जाम्टेड' परीक्षार्थीको रूपमा गणितमा बल्लबल्ल पास मार्क ल्याएँ भने विज्ञानमा ठीकै नम्बर पाएर एसएलसी पास भएँ। एसएलसीका निम्ति मैले प्रशस्तै मेहनत गरेको थिएँ तर पनि बल्ड्याङ खाएँ। मेहनत मात्र गरेर हुन्न; बुझ्ने गरी पढ्नुपर्छ र बुझेको कुरालाई व्यक्त गर्न पनि सक्नुपर्छ भन्ने कुरा समयमै बुझ्न सकिएन।

एउटा शिक्षकले विद्यार्थीलाई 'लाग्ने छुरा' बनाउन सक्दैन भने पनि भुत्ते हतियारलाई जेनतेन धार लगाएर काम चलाउसम्म बनाउन सक्छ- सक्नुपर्छ। नत्र उसको वर्षौंको पढाइको के सार? पास मात्र हुनलाई समग्र पाठको मोटामोटी चालीस प्रतिशत बुझेर त्यो बुझाइलाई परीक्षामा प्रतिबिम्बित गरे पुग्छ। तर वर्षदिनसम्म पूरा पाठ दोहोऱ्याउँदा समेत पहिलोपल्ट म एसएलसीमा पास हुन सकिनँ। अहिले सोच्छु, मसँगै म फेल भएका विषयका शिक्षकहरू पनि फेल भएका होइनन् र?

घरमा ट्युसन पढाउँदा होस् वा स्कूलको कक्षामा; सरहरूले न कहिल्यै, 'तिमीलाई के गाह्रो लाग्छ?' भनेर सोध्नुभयो न मैले नै, 'सर मैले यी-यी कुरा ठ्याम्मै बुझ्निँ' भनेर निर्धक्कसँग भन्न सकें। अरू साथीहरूको हविगत पनि उस्तै थियो। नजानेका कुरा जान्न, बुझ्न खोज्दैनथ्यौं। बरु एकअर्काको कापी साटासाट गरेर 'होमवर्क गरेका छौं है' भनेर सरलाई ढाँट्थ्यौं। सरहरू पनि जानी जानी पत्याइदिनुहुन्थ्यो।

'सर भनेका आतङ्कका पोका हुन्, तिनलाई चलायो कि ड्याम्म फुट्छन् र आफ्नै सर्वनास हुन्छ' भन्ने डर पालेर हामी स्कूल छिऱ्यौं। घरमा पनि केही बिरायो कि 'पख् तँलाई सरलाई नभन्दी कहाँ छोड्छु र?' भन्दै बा-आमाले गुरुवर्गको डरलाई मलजल गरिरहनुभयो। त्यो डरलाई कायम राख्दै लामो कालखण्ड बिताएर स्कूलबाट बिदा हुनुपऱ्यो।

स्कूलमा म अत्यन्तै अनुशासनहीन र उद्दण्ड थिएँ। लठुवा थिएँ। उट्पट्याङ काम गरिरहन्थें। नौ कक्षा पुग्दा पनि मेरो त्यो व्यवहार कायमै थियो। एक दिन कक्षा शिक्षिका मञ्जु मिसले मलाई आफ्नो 'डिपार्टमेन्ट'मा आउन भन्नुभयो।

म डरले लगलग कामें। "बाबु अब देख्लास् यतिन्जेलको दादागिरी", आफ्नै मनबाट निस्केको स्वरले मलाई हकाऱ्यो। के हुने हो, केही सोच्न सकिनँ। कतै घरका मान्छे बोलाएर पोल लगाइदिने हुन् कि भन्ने डर लागिरह्यो। हातमा सुम्ला बस्ने गरी लाठैलाठोले पिटे पनि, हजार पटक उठबस गराए पनि सहन्छु प्रभु; घरमा चाहिँ पोल नपुगोस्, मैले मनमनै कामना गरें। भोलिपल्ट बिहान म रुझेको बिरालो झैं नूर गिरेको ज्यान लिएर 'डिपार्टमेन्ट' पुगें। तर मिसले मलाई हप्की, दप्की केही गर्नुभएन। अचम्म!

उहाँले त मायालु पाराले सम्झाउनु पो भयो। जम्माजम्मी चार-पाँच मिनेटमा उहाँले यत्ति भन्नुभयो, "नौ कक्षामा एसएलसीको कोर्स हुन्छ। हेर बाबु; राम्रोसँम पढ नत्र पछि गाह्रो हुन्छ। फेल भयौ भने के गर्ने भन त?" मञ्जु मिसको रणनीतिले काम गऱ्यो। भोलिपल्टदेखि म साधु भएँ। हुन सकें। मलाई के डर भयो भने फेरि अन्टसन्ट गऱ्यो भने मिसले केरकार गर्नुहुन्छ। ममा डर भरियो। त्यो डरले मलाई अनुशासित हुन सिकायो। र, त्यो डर मिसले मायालु पारामा भरिदिनुभएको थियो।

"यदि तिमीलाई कसैले हेरिरहेको थाहा पायौ भने तिमी सधैं राम्रो गर्ने प्रयास गर्छौ"- यो कुनै विद्वान्‌को भनाइ हो। शिक्षकहरूले पनि विद्यार्थीहरूलाई 'हेरिदिने' हो भने विद्यार्थीहरू आफैं पनि राम्रो हुने प्रयासमा लाग्ने रहेछन् भन्ने मैले धेरै पछि आएर बुझें।

अहिले के लाग्छ भने मलाई गणित पढाउने गुरुहरूले अलिकलि 'गाइडेन्स' मात्र गरिदिएको भए म एसएलसीमा पहिलोपल्टमै पास हुन सक्थें हुँला। तर त्यो वातावरण स्कूलमा थिएन। अहिले पनि छ भन्नेमा शङ्का लाग्छ, एसएलसीको पास भन्दा फेल धेरै हुने तथ्याङ्कले त्यही सङ्केत गरेझैं लाग्छ। हाम्रा शिक्षकहरूको काम पनि कक्षामा गएर पढाइदिए पुग्यो। विद्यार्थीले पढ्यो-पढेन, बुझ्यो-बुझेन ध्यान दिँदैनन्। २०६५ फागुनको अङ्कमा *शिक्षक* ले राम्रो हेडमास्टरले स्कूल राम्रो बनाए भन्ने आलेख प्रस्तुत गरेको थियो। शिक्षकसँगको अन्तरक्रिया, शिक्षाविद्‌हरूको धारणामा आधारित उक्त आलेखको सन्देश थियो, प्रधानाध्यापक जिम्मेवार हुँदा स्कूल राम्रो हुन्छ। सोहीअनुरुप शिक्षकहरू पनि जिम्मेवार भए भने म जस्ता लोसे र लठुवा विद्यार्थीहरू रस निचोरिसकिएको उखुको छोक्रा जस्तो नभई जेनतेन काम लाग्ने हुन्थ्यौं कि त?

# हराएको साथी भेटियो !

**रमेशहरि शर्मा ढकाल**
जनज्योति उमावि, चन्द्रनिगाहपुर, रौतहट

**प्रिय मित्र *शिक्षक* मासिक !**

रजत अङ्क पार गरेकोमा बधाई एवम् थप सफलताको शुभकामना ! तिम्रो र मेरो नाता; तिम्रो नाम र मेरो पेशा एउटै परेकाले गाँसिएको हो ।

मित्र, तिमीमा यति आकर्षण छ र यति शक्ति छ भन्ने अनुमान मैले गरेको रहेन छु। पुसमा तिमीले मलाई पुरस्कृत गर्दा फुरुङ्ग परेको थिएँ। किन-किन तिम्रो विश्वास ममा यसरी जम्यो; मैले मेरो व्यक्तिगत समस्या समेत तिमीमार्फत देशैभरि पुऱ्याएँ। तिमीमार्फत मेरो समस्या सार्वजनिक भएको एकसाता नबित्दै तिम्रो सेवाको मेवा मैले पाइहालेँ !

तिम्रै कारण धेरै जना साथीहरूसित मेरो मित्रता स्थापित भयो। त्यस्तैमा एक दिन एउटा एसएमएस आयो। नाम थिएन र नम्बर अपरिचित थियो । म्यासेज खोलेर हेर्दा म तीन बित्ता उफ्रैँ। म्यासेज थियो; "डियर रमेशहरि सर ! तपाईंले खोजेको मान्छेको मोबाइल नम्बर नं. ९८४६०२८८६२ हो; सम्पर्क गर्नुहोला ।" मैले फटाफट नम्बर लगाएँ। उताबाट उत्तर आयो, "हलो, हजुर को बोल्नुभएको ?" मैले फोनमै भनेँ, "हजुर सजुरलाई खजुर खान पठाइदेऊ र सुन म रमेश हुँ ।" "को रमेश ? ढकाल ?" "अँ, अरू को त अकाल ?" त्यसपछि हामी धेरै बेर गफियौं। हामी हाँसौं-रोऔंको स्थितिमा थियौं। २३ वर्षदेखि बेपत्ता साथी साँच्चै भेटिएको थियो ।

यो खबर मैले स्थानीय साथीहरू र आफ्नै जीवनसाथीलाई पनि सुनाएँ र बधाई खाएँ। मेरो साथी पोखरामा रहेछ। उसलाई भेट्न 'हामी' दुवैजना गयौं। साथी अब अर्कै भएछ। बोली भने उस्तै !

सधैं नयाँ-नयाँ कुरा लिएर आउने भएकाले नै झण्डै तीन वर्षदेखि देशभरिका कम्तीमा एकलाख शिक्षकहरूबीच तिम्रो (*शिक्षक* मासिकको) कुरा चल्छ ! कति भाग्यमानी तिमी ! अनि तिम्रै माध्यमले हामी शिक्षकहरू पनि आपसमा साथी भएका छौं । हामी लेख्छौं उहाँहरू पढ्नुहुन्छ, उहाँहरू लेख्नुहुन्छ र हामी पढ्छौं। यही त हो भलाकुसारी भनेको। हामी 'मनका कुरा' सुन्छौं-सुनाउँछौं । आफ्नो पेशाका अनुभवहरू साटासाट गर्छौं। केही सिक्छौं। केही सिकाउँछौं। मैले एउटा साथीको खोजी गर्दा अरू थुप्रै साथीहरू पनि पाएँ।

साथी भेटेको अर्को दिन कक्षामा जाँदा विद्यार्थीहरूले भने, "सर आज त निकै मूडमा देखिनुहुन्छ नि !" मैले भनें, "हो, मैले हराएको साथी पाएँ, खुसी भएको छु। हेर, साथी भन्ने नाता अनौठो हुँदोरहेछ। सँगै हुँदा कराइने, झगडा गरिने, नबोलिने, ठुस्किने पनि हुने र छुट्टिएपछि मुटु नै नभएको खोक्रो भइने।" अनि उनीहरूले भने, "लौ न त सर, यसै विषयमा एउटा गजल जाओस् !" यस्तो अप्रत्यासित प्रस्तावप्रति म तयार थिइनँ तर उनीहरूसित पाँच मिनेटको समय मागेँ र यस्तो गजल सुनाएँ–

**हराएको आज मेरो मित्र भेटियो**
**कहाँ हुन्थ्यो ? ऊ त मुटुभित्र भेटियो ।**

**बाहिर नै आजसम्म खोजी गरेछु**
**भेटिएन, तर उसको चित्र भेटियो ।**

**ईश्वरको खोजी गर्दै मन्दिर जानेलाई**
**मानौं मूर्ति ईश्वरको पवित्र भेटियो ।**

**मकालु यातायात बस सेवा**

हेड अफिस कलंकी काठमाडौं, फोन: ४२७७५५२/४२८१९७२

काठमाडौंबाट

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ५:१५ बजे |
| मधुमल्ल | विहान ५:१५ बजे |
| धरान | विहान ५:५० बजे |
| विराटनगर | विहान ५:२०, ६:४५ |
| राजविराज | विहान ६ बजे |
| सिरहा/माडर | विहान ६:४५ बजे |
| मलंगवा | विहान १०:४५ बजे |
| जनकपुर | विहान ७:१५ बजे |
| कलैया | विहान १०:१५ बजे |
| वीरगञ्ज | विहान ८, १०:१५ ११, ११:४५ बजे बेलुकी ८:१५ बजे |
| भरतपुर | विहान ८:४५ बजे दिउँसो १२:१५ बजे |
| शिवनगर | दिउँसो १२:१५ बजे |
| टाँडी-पर्सा | दिउँसो १:४५ बजे |
| टाँडी-खोलासिमल | दिउँसो १:४५ बजे |
| पर्सा-कपिया | दिउँसो २:१० बजे |
| पर्साधाप-मेघौली | दिउँसो २:३० बजे |
| गीतानगर-जगतपुर | दिउँसो ३ बजे |

काठमाडौंतर्फ

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ४:५० बजे |
| मधुमल्ल | विहान ४:५० बजे |
| धरान | विहान ४:२० बजे |
| विराटनगर | विहान ४:३० बजे |
| इटहरी | विहान ५, ५:२० ६:३०, ७ बजे |
| राजविराज | विहान ५:३० बजे |
| सिरहा/माडर | विहान ५:१५ बजे |
| लहान | ६:१५, ७ ७:१५, ९ बजे |
| मलंगवा | विहान ५:१५ बजे |
| कलैया | विहान ८ बजे |
| हेटौंडा | विहान ११ बजे |
| वीरगञ्ज | विहान ८, ९, ११:३० बेलुकी ८:३० बजे |
| शिवनगर | विहान ५:३० बजे |
| भरतपुर | विहान ५:३० बजे |
| पर्सा | विहान ५:४५ बजे |
| मेघौली | विहान ६:३० बजे |
| टाँडी-खोलासिमल | विहान ६:३० बजे |
| पर्सा-कपिया | विहान ६:३० बजे |
| जगतपुर | विहान ७:१५ बजे |
| नारायणघाट | विहान ६:१५, ६:४५ ७, ७:४०, ८, ८:१५ ८:४५, दिउँसो ३ बजे |

टिकट पाइने स्थान: कलंकी: ४२७७५५२/४२८१९७२ सुन्धारा: ४२५३१४२ गौशाला: ४४८०७९३ लगनखेल: ५५३४३५९ धरान: ०२५-२०३७२ विराटनगर ०२१-३०७२७ राजविराज: ०३१-२००९१ लहान: ०३३-६०३६६ सिरहा: ०३३-२०१३१, मलंगवा: ०४६-२००४२ वीरगञ्ज: ०५१-२१५२६, हेटौंडा: ०४७-२०५३५ ।

यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निशुल्क मीनीबस सेवा उपलब्ध

# शिक्षकको संचित रकमः मन्त्रालय बजेट खोज्दै

**बजेट** अभावको कारण बताएर विद्यालय शिक्षक किताबखानाले १६ कात्तिक २०६६ यता अवकाश पाएका शिक्षकहरूलाई सञ्चित रकम दिएको छैन। बितेका सात महिनामा करिब एक हजार ३०० शिक्षक सेवानिवृत्त भएका छन्।

अवकाश पाउने शिक्षकको पेन्सन सिफारिस तथा उपदान, औषधि उपचार, सञ्चित बिदा र बीमाको रकमको निकासा दिने काम किताबखानाले गर्छ। त्यस बापत किताबखानाले शिक्षकलाई भुक्तानी गर्नुपर्ने रकम रु.३० करोड ७७ लाख ६७ हजार पुगिसकेको छ।

शिक्षकको सञ्चित रकम निकासाका लागि किताबखानाले शिक्षा मन्त्रालयसँग गत पुसमा रु.३४ करोड र वैशाखमा रु.४ करोड गरी रु.३८ करोड रकम मागेको थियो। ताकेता गरे पनि मन्त्रालयले हालसम्म उक्त रकम नपठाएको किताबखानाका कर्मचारी बताउँछन्।

उता, अर्थ मन्त्रालयले शिक्षा मन्त्रालय मातहतका निकायमा बाँकी रहेको बजेटबाट रकमान्तर गरेर किताबखानाको खाँचो टार्न शिक्षा मन्त्रालयलाई अनुमति दिएको छ। त्यसअनुसार अनौपचारिक शिक्षा केन्द्रमा खर्च नभएको रु.१२ करोड किताबखानामा पठाउने तयारी भइरहेको जानकारी शिक्षा मन्त्रालय, कार्यक्रम शाखाका उपसचिव दीपक शर्माले दिएका छन्। उपसचिव शर्मा भन्छन्, "अपुग करिब रु.१८ करोडको निम्ति स्रोत पहिल्याउनका लागि अर्थ मन्त्रालयसँग छलफल भइरहेको छ। आउँदो असारभित्रै आवश्यक रकम किताबखानामा पठाउने छौं।"



प्रमोद आचार्य

सञ्चित रकम निकासाको सिफारिश बनाउन १६ पुस २०६६ मा किताबखानामा अवकाशप्राप्त शिक्षक।

# शिक्षकविरुद्ध उजुरीको चाङ

**सप्तरीका** विभिन्न स्कूलका प्रधानाध्यापक तथा शिक्षकविरुद्ध भ्रष्टाचार र अनियमितताको आरोपमा जिल्ला प्रशासन कार्यालयमा उजुरीका चाङ लागेका छन्। २६ साउन २०५८ देखि १८ जेठ २०६७ को अवधिमा ६६ जनाविरुद्ध अनियमितताको उजुरी परेको जिल्ला प्रशासन कार्यालय, सप्तरीले जनाएको छ।

उजुरीपत्रमा विद्यालय कोष, छात्रवृत्ति, भवन निर्माणको रकम हिनामिना गरेको, शिक्षक नियुक्तिमा अनियमितता गरेकोलगायतका आरोप छन्। तीमध्ये राप्रावि, मौवाहाका प्रअ राजेन्द्र ठाकुरले स्कूलको रु.४ लाख ३० हजार हिनामिना गरेको, राप्रावि पिप्राका प्रअ रुद्रनारायण पण्डितले रु.५ लाख ५० हजार भ्रष्टाचार गरेको, जनता मावि, कनकट्टाका प्रअ सुशीलकुमार दासले भवन निर्माणको रु.४ लाख ३० हजार र निमावि थानगाछी, राजविराजका प्रअ इन्द्रकान्त झाले निर्माण सामग्रीको रु.५ लाख ७५ हजार हिनामिना गरेको आरोपसहितका उजुरी उल्लेख्य छन्। जनता मावि, तोपाका प्रअ कमलेशनारायण तिवारीमाथि पशुहाटको रु.२०-२५ लाख हिनामिना गरेको आरोप छ।

यसैगरी, राप्रावि, कदमाहाका प्रअ रामबल्लवलाल दासले कर्मचारी सञ्चय कोषको रु.१ लाख ८ हजार, जियालाल राप्राविका दिलीपकुमार सिंहले रु.१ लाख ७५ हजार, राप्रावि डिहवार फकिराका प्रअ लालबहादुर यादवले रु.८५ हजार ४५० हिनामिना गरेको उजुरी जिल्ला प्रशासनमा परेका छन्।

मैनाकडेरी माविका शैलेन्द्रकुमार चौधरीविरुद्ध नक्कली प्रमाणपत्र तथा जनता निमावि, हरिपुरकी गिरिजाकुमारी लेखी र कङ्कालिनी मावि, पोर्ताहाका शिक्षक ललितनारायण प्रमाणीविरुद्ध नक्कली लाइसेन्सबाट शिक्षण सेवामा प्रवेश गरेको उजुरी परेको छ। कतिपय प्रअविरुद्ध गैरकानुनी रूपमा व्यवस्थापन समिति गठन गरेको, परीक्षामा अनियमितता गरेको जस्ता आरोप लगाइएको छ।

ती उजुरीमाथि छानबिन प्रक्रिया अगाडि बढाइएको जानकारी सप्तरी जिल्ला प्रशासनले दिएको छ। प्रमुख जिल्ला अधिकारी रामप्रसाद घिमिरेले भने, "सबै उजुरीलाई भर्खरै 'लिस्टिङ' गरेका छौं। त्यसमाथि क्रमैसँग छानबिन गरेर कारबाहीको निर्क्योल हुनेछ।"

**धीरेन्द्रप्रसाद साह, सप्तरी**

# शिक्षण अनुमतिपत्रको नतिजा ७८ प्रतिशत उत्तीर्ण



**शिक्षक** सेवा आयोगले २६ र २७ मङ्सिर २०६६ मा लिएको अध्यापन अनुमतिपत्र (शिक्षण लाइसेन्स)को परीक्षामा ७८ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएका छन्। आयोगले १४ र २१ जेठमा प्रकाशित गरेको नतिजा अनुसार, १ लाख ११ हजार १९४ परीक्षार्थीमध्ये ८६ हजार ३७९ (७७.६८ प्रतिशत) उत्तीर्ण भएका छन्। माध्यमिक तहमा सम्मिलित १६ हजार ९०३ मध्ये ८४.९३ प्रतिशत; निम्नमाध्यमिक तहका ६९ हजार ९९ परीक्षार्थीमध्ये ७५.८७ प्रतिशत र प्राथमिक तहका २४ हजार ३९२ मध्ये ७७.८४ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएका छन्। माध्यमिक, निम्नमाध्यमिक र प्राथमिक तहमा क्रमशः ३, २ र १० परीक्षार्थीको परीक्षा रद्द गरिएको आयोगले जनाएको छ।

सङ्ख्यात्मक हिसाबले माध्यमिक र निम्नमाध्यमिक तहमा सबैभन्दा बढी काठमाडौंका परीक्षार्थी उत्तीर्ण भएका छन्। काठमाडौंमा माध्यमिकतर्फ २ हजार ५१५ र निम्नमाध्यमिकतर्फ ४ हजार ५१९ जना उत्तीर्ण छन्। यस्तै, प्राथमिक तहमा बारामा सर्वाधिक; १ हजार ४५८ जना उत्तीर्ण भएका छन्।

आयोगले यसअघि २०६१, २०६२ र २०६४ सालमा तीनपटक शिक्षण लाइसेन्सको परीक्षा लिएको थियो। ती परीक्षामा उत्तीर्ण २ लाख ७४ हजार ६६ जनाले शिक्षण लाइसेन्स लिएका थिए।

यसपटक उत्तीर्ण प्रतिशत बढी हुनुमा आयोगको खुकुलो र कमजोर परीक्षा प्रणालीलाई जिम्मेवार ठानिएको छ। १०० पूर्णाङ्कको परीक्षामा ४० अङ्क ल्याउने परीक्षार्थी लाइसेन्स पाउन योग्य

# बल्ल निकासा भयो पीसीएफ अनुदान

**शिक्षा** विभागले प्रति विद्यार्थी एकाइ लागत (पीसीएफ) अनुदानको रकम जिल्लामा पठाउन शुरु गरेको छ। आर्थिक वर्ष २०६६/६७ का लागि छुट्याइएको अनुदान जेठमा मात्रै पठाउन थालिएको हो। सरकारले यस वर्षको पीसीएफ अनुदानका लागि रु.१ अर्ब बजेट विनियोजन गरेको थियो।

विभागले *'फ्लास रिपोर्ट-१' २०६५* का आधारमा शिक्षक र विद्यार्थीको अनुपात विश्लेषण गरेर पीसीएफ अनुदान पठाइएको जनाएको छ। क्षेत्रगत रूपमा तोकिएको शिक्षक-विद्यार्थी अनुपातमा शिक्षक उपलब्ध हुन बाँकी १५ भन्दा बढी विद्यार्थी रहेका स्कूलले मात्रै यसपटक पीसीएफ अनुदान पाउने छन्।

अनुदान बाँडफाँडका लागि विभागले शुरुमा जिल्लागत रूपमा हरेक स्कूलको शिक्षक-विद्यार्थी अनुपातको आँकडा निकालेको थियो। विद्यार्थी सङ्ख्या बढी र कम देखिएका जिल्लामा फरकफरक परिमाणको अनुदान निर्धारण गरिएको छ। विद्यार्थी सङ्ख्या बढी देखिएका जिल्लाको निम्नमाध्यमिक र प्राथमिक तहमा जिल्लाबाट मागिएको अनुदानमध्ये क्रमशः १६ र १० प्रतिशत रकम मात्रै दिइएको छ। यस्तै, प्राथमिक तहका लागि क्रमशः ४७ र ३० प्रतिशत अनुदान पठाइएको छ।

पर्याप्त बजेट नभएका कारण मागिए जति अनुदान स्कूललाई पठाउन नसकिएको विभागको कथन छ। विभागका उपनिर्देशक हरिप्रसाद लम्सालले

ठहरिन्छन् । तर ४० अङ्क प्राप्त गरेर उत्तीर्ण व्यक्ति शिक्षणका लागि योग्य हुन्छ त ? शिक्षाविद् प्रा.डा. तीर्थराज पराजुली भन्छन्, "योग्य व्यक्तिलाई शिक्षणमा प्रवेश गराउने हो भने न्यूनतम अङ्क ४० होइन ६० प्रतिशतभन्दा माथि पुऱ्याउनुपर्छ ।"



जुनसुकै विषय पढेका परीक्षार्थीलाई पनि एउटै प्रश्नपत्र सोध्ने पद्धतिले पनि लाइसेन्सको गुणस्तरीयतामा प्रश्न उब्जाएको छ । एउटै प्रश्नपत्रले अलग अलग विषय पढेका र पढाउने उम्मेदवारको विषयगत दक्षता र सीपको मापन हुन सम्भव नै देखिँदैन । यसमा आफ्नो बचाउ गर्दै आयोगका अध्यक्ष उदयराज सोती भन्छन्, "विषयगत रूपमा प्रश्नपत्र बनाउने विषयमा पहिलेदेखि नै छलफल भइरहेको छ । तर, यसका लागि पाठ्यक्रम परिमार्जन गरेर मात्र पुग्दैन । नियमावलीमा पनि संशोधन गर्नुपर्ने भएकाले गर्न सकिएको छैन ।"

### नक्कली रोक्ने प्रयास

विगतमा नक्कली शिक्षण लाइसेन्सको विकृति बढेपछि शिक्षक सेवा आयोगले यसपटकदेखि आफैं शिक्षण अनुमतिपत्र तयार गरेर सम्बन्धित जिल्ला शिक्षा कार्यालयमार्फत वितरण गर्ने भएको छ । अघिल्ला वर्षमा उत्तीर्ण सङ्ख्याका आधारमा खाली प्रमाणपत्र जिशिकामा पठाउने र जिशिकाले प्रमाणपत्र तयार गरेर वितरण गर्ने गरेका थिए ।

यसपटक शिक्षण अनुमतिपत्रमा नागरिकता नम्बर, होलोग्राम र 'इम्बोसिङ स्टाम्प' पनि राखिने आयोगले जनाएको छ । अध्यक्ष सोती भन्छन्, "यो प्रयासबाट नक्कली लाइसेन्सको विकृति धेरै हदसम्म निरुत्साहित हुने हाम्रो अपेक्षा छ ।" अबको एक महिनापछि अनुमतिपत्र वितरण शुरु हुने जानकारी पनि उनले दिएका छन् ।

### अर्को नतिजा असोजमा

२१, २२ र २३ फागुन २०६६ मा लिइएको शिक्षण लाइसेन्स परीक्षाको नतिजाका लागि भने असोजको तेस्रो सातासम्म कुर्नुपर्ने आयोगले जनाएको छ । अध्यक्ष सोती भन्छन्, "अघिल्लो परीक्षाको तुलनामा उत्तरपुस्तिका धेरै भएकाले यति नै अवधिभित्र नतिजा प्रकाशन हुन्छ भन्न त गाह्रो छ । तैपनि दशैंअगावै यसको नतिजा प्रकाशित गर्ने हाम्रो प्रयास र सोचाइ छ ।" दोस्रो परीक्षामा लगभग दुई लाख परीक्षार्थी सहभागी भएका थिए ।

शिक्षाशास्त्र पढेका र १० महिने शिक्षण तालिम लिएका व्यक्ति मात्रै शिक्षण अनुमतिपत्र प्राप्त गर्न योग्य हुने कानुनी व्यवस्था भए पनि शिक्षक-सरकार सहमति अनुसार एक पटकका निम्ति ५ मङ्सिर २०६३ भन्दा अघि नियुक्ति लिएर निरन्तर पढाइरहेका शिक्षकलाई समेत अस्थायी लाइसेन्सका लागि परीक्षामा सहभागी हुने अवसर दिइएको थियो ।

**प्रमोद आयाम**

भने, "माग भए अनुसार अनुदान दिने हो भने थप रु.३ अर्ब आवश्यक पर्थ्यो । जुन सम्भव थिएन ।" निर्देशिकामा कक्षा १२ सम्मका लागि पीसीएफ अनुदान दिने भनिए पनि विभागले बजेट अपुग भएको जनाउँदै उक्त अनुदान कक्षा ८ सम्म सीमित गरेको छ ।

यस वर्ष प्राथमिक तहमा रु.६४ करोड २७ लाख ८२ हजार ७५० र निम्नमाध्यमिक तहमा रु.३५ करोड ७२ लाख पीसीएफ अनुदान पठाइएको जनाइएको छ । बारा जिल्लाले सबैभन्दा बढी रु.५ करोड ५२ लाख अनुदान पाएको छ भने डोल्पाले सबैभन्दा कम रु.७७ हजार ४२३ पाएको छ । बढी अनुदान पाउनेमा तराई र पश्चिम पहाडका जिल्लाहरू छन् । मनाङ र मुस्ताङमा शिक्षक आवश्यक नपरेकाले ती जिल्लामा अनुदान पठाइएको छैन ।

शिक्षा विभागले आगामी आर्थिक वर्ष २०६७/६८ को पीसीएफ अनुदानका निम्ति रु.१ अर्ब ४२ करोड माग गरेको छ । यसमा माध्यमिक तहको कक्षा ९-१० का लागि रु.३० करोड र आधारभूत तह (कक्षा १-८)को लागि रु.१ अर्ब १२ करोड प्रस्ताव गरिएको छ । सरकारले गत वर्षदेखि राहत अनुदान रोकेर सबै तहमा पीसीएफ अनुदान पठाउने नीतिगत निर्णय गरेको थियो ।



## फेरि कुटिए शिक्षक

**राहतकोटाको** शिक्षक नियुक्तिको निहुँमा दोलखाका एक प्रधानाध्यापक नराम्ररी कुटिएका छन् । दोलखाको पवटीगाउँस्थित दियालेखर्क निमाविका प्रअ परशुराम कोइरालालाई २३ जेठमा एउटा समूहले मरणासन्न हुनेगरी कुटपिट गरेको थियो । कुटपिट गर्ने समूह नेकपा एमालेसँग सम्बद्ध रहेको र सो समूहको अगुवाई एमालेको पवटी गाउँ कमिटीका अध्यक्ष प्रेम थापाले गरेको बताइएको छ । तर एमालेको स्थानीय नेतृत्वले उक्त कुटपिटमा आफ्नो पार्टीको संलग्नता नभएको दाबी गरेको छ ।

टाउको र काँधमा गम्भीर चोट लागेका कोइरालालाई दोलखास्थित च्छो-रोल्पा अस्पतालमा उपचार हुन नसकेपछि काठमाडौं लगिएको छ । दियालेखर्क निमाविमा निजी स्रोतमा पढाइरहेका एमाले निकट शिक्षक रामेश्वर थापालाई राहतकोटामा नियुक्त नगरेको भन्दै एमाले कार्यकर्ताको समूहले उनलाई आक्रमण गरेको पीडित पक्षको दाबी छ ।

प्रअ कोइरालालाई पिट्ने बद्मासहरूले स्कूल हाताभित्र प्रवेश गरी उनलाई कालोमोसो दल्ने र टाउकोमा कुर्सीले हान्ने काम गरेका थिए । आक्रमण रोक्न खोज्ने शिक्षक वीरेन्द्र राउतलाई पनि उनीहरूले कुटपिट गरेका थिए । एमालेको इकाई अध्यक्ष थापासहित पवटी-२ का गोपाल कालीकोटे, माधव पाण्डेसहितका कार्यकर्ताको समूहले आक्रमण गरेको पीडितको परिवारले जनाएको छ ।

जिल्लास्थित नेपाल शिक्षक संघ, नेपाल विद्यार्थी संघ, नेपाल ट्रेड युनियन काङ्ग्रेस, स्वतन्त्रलगायतका संघ/संस्थाले आक्रमणप्रति खेद जनाउँदै दोषीलाई कारबाही गर्न माग गरेका छन् । तर प्रहरीले कसैलाई पनि पक्रिएको छैन ।

**दीपशंकर चौलागाईं, दोलखा**

रिपोर्ट **त्रिविको शिक्षाशास्त्र**

प्रमोद आयाम

# पढ्ने धेरै, पढाउन सक्ने थोरै

**'शिक्षा' पढाउने उमावि/कलेज गाउँ-गाउँसम्म खुले। घरपायक, सस्तो र 'सजिलो' समेत भएपछि विद्यार्थी त्यहीँ ओइरिए। परिणाम जे हुनुथियो त्यही भयो– 'शिक्षा' पढ्नेको सङ्ख्या ह्वात्तै बढ्यो, राम्ररी पढाउन सक्ने योग्य 'शिक्षक'को उत्पादन भने बढेन।**



प्रमोद आयाम

**त्रिविमा अध्ययनरत एम.एड. (अङ्ग्रेजी) दोस्रो वर्षका विद्यार्थीहरू।**

बी.एड. र एम.एड. (अङ्ग्रेजी)को प्रथम खण्ड समेत सर्वोच्च अङ्कमा उत्तीर्ण ललितपुर भट्टेडाँडाका रमेश घिमिरे अहिले त्रिभुवन विश्वविद्यालयमा एम.एड. (अङ्ग्रेजी) दोस्रो वर्षका विद्यार्थी हुन्। 'शिक्षक बन्ने' विधा पढिरहेका रमेश शिक्षाशास्त्रको पठनपाठनप्रति त्यति सन्तुष्ट छैनन्। सिद्धान्तमुखी पढाइ, कमजोर प्रयोगात्मक अभ्यास र अव्यावहारिक परीक्षा प्रणालीलाई उनी शिक्षाशास्त्रको मुख्य समस्या ठान्छन्।

बाँके, कोहलपुरका तिलक शर्मा अर्थशास्त्रमा एम.एड. गरिरहेका छन्। उनी शिक्षाशास्त्र पढे पनि आफूमा पढाउने सीपको विकास नभएको महसुस गर्छन्। तिलक भन्छन्, "सैद्धान्तिक कुरा त जानियो, तर पढाउने कला जानिएन।"

त्रिवि, कीर्तिपुरमा शिक्षाशास्त्र पढिरहेका अधिकांश विद्यार्थी रमेश र तिलकको जस्तै विचार राख्छन्। *शिक्षक* प्रतिनिधिले भेटेका प्राय: सबैले शिक्षाशास्त्रमा प्रयोगात्मक अभ्यासको पाटो ज्यादै कमजोर रहेको अनुभव सुनाए। विद्यार्थीको यो तर्कसँग तिनलाई पढाउने कतिपय शिक्षकहरू पनि सहमत देखिन्छन्।

स्कूलका लागि दक्ष शिक्षक उत्पादन गर्ने उद्देश्यले २०१३ सालमा कलेज अफ एजुकेशनको स्थापना भएको भयो। २०२८ सालमा नयाँ शिक्षा योजना लागू भएपछि त्यही कलेजलाई त्रिभुवन विश्वविद्यालयअन्तर्गत 'इन्स्टिच्युट अफ एजुकेशन'मा रुपान्तरण गरियो। शिक्षक उत्पादनका लागि अहिले पनि सबैभन्दा ठूलो र प्रमुख अङ्ग नै त्रिविको शिक्षाशास्त्र सङ्काय तथा यसका आङ्गिक र सम्बन्धनप्राप्त क्याम्पसहरू हुन्। काठमाडौं विश्वविद्यालयले एम.एड., पूर्वाञ्चलले बी.एड. र एम.एड. तथा नेपाल संस्कृत विश्वविद्यालयले पनि एकवर्षे बी.एड.को कक्षा सञ्चालन गर्ने गरेका भए पनि विद्यार्थीको ठूलो हिस्सा त्रिविमै छ। त्रिवि, शिक्षाशास्त्र सङ्कायअन्तर्गत १७ वटा विषयमा पढाइ हुने गरेको छ।

## ज्ञान छ, सीप छैन

शिक्षाशास्त्र आफैंमा सीपमूलक र प्राविधिक विषय भएकाले स्वाभाविक रूपमै यसको पठनपाठन अन्य सङ्कायको तुलनामा फरक हुनुपर्ने मान्यता राखिन्छ। तर

शिक्षाशास्त्र सङ्कायका कक्षाकोठा र त्यहाँको पठनपाठन मानविकी र व्यवस्थापन सङ्कायको भन्दा भिन्न देखिँदैन। पढाउने तरिका शिक्षक केन्द्रित नै छ।

विद्यार्थीमा शिक्षण सीपको विकास गराउन सैद्धान्तिक र व्यावहारिक दुवै ज्ञान दिइनुपर्ने भए तापनि विभिन्न कारणले गर्दा त्यसो गर्न नसकिएको कुरा सम्बद्ध पदाधिकारी तथा प्राध्यापकहरू स्वीकार गर्छन्। त्रिवि शिक्षाशास्त्र केन्द्रीय विभागका प्राध्यापक डा. तीर्थराज पराजुली भन्छन्, "शिक्षक उत्पादन गर्ने हाम्रो पद्धति सन्तोषजनक छैन, हामी अझै पनि परम्परागत बाटोमा छौं। हामीले सीप दिन सकेका छैनौं।"

शिक्षाशास्त्रमा विद्यार्थीको चाप बढिरहेकाले पनि शिक्षक-विद्यार्थीबीच पर्याप्त छलफल र प्रयोगात्मक अभ्यास हुन नसकेको कतिपय प्राध्यापकहरूको धारणा छ। शिक्षाशास्त्रमा अधिकतम ४० जना विद्यार्थीसम्मलाई कक्षाकोठाको उपयुक्त आकार मानिन्छ। तर, कक्षाकोठाको अभावमा २५० जना सम्मलाई एउटै कोठामा खाँदेर पढाएको देखिन्छ। कक्षामा बस्ने ठाउँ नपाएर बाहिरै उभिएका विद्यार्थी समेत त्यहाँ भेटिन्छन्। अङ्ग्रेजी विषयका प्राध्यापक डा. जयराज अवस्थी भन्छन्, "विद्यार्थीको सङ्ख्या धेरै भएकाले पनि कक्षाकोठा अव्यवस्थित छ। यही अवस्थामा प्रयोगात्मक अभ्यास गराउन सजिलो छैन।" शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुरमा एम.एड.मा भर्ना भएका लगभग पाँच हजार विद्यार्थीमध्ये करिब १५०० अङ्ग्रेजी विषयमा छन्। आई.एड.देखि एम.एड. सम्म लगभग १५ हजार विद्यार्थी रहेको ताहाचलस्थित महेन्द्ररत्न क्याम्पसको पठनपाठन पनि कीर्तिपुरको भन्दा भिन्न छैन।

पाठ्यक्रम नियमित रूपमा अद्यावधिक नहुनु त्रिवि शिक्षाशास्त्र सङ्कायको अर्को कमजोरी देखिन्छ। त्रिविले एक दशकपछि अघिल्लो सालदेखि बी.एड. र एम.एड.का पाठ्यक्रम परिमार्जन थालेको छ। त्रिवि शिक्षाशास्त्र सङ्कायका डीन प्रा.डा. प्रकाशमान श्रेष्ठ भन्छन्, "हाम्रो पाठ्यक्रम कमजोर रहेको गुनासो पहिलेदेखिकै हो। यसपालि नयाँ शैक्षणिक विधि र प्रयोगात्मक अभ्यासलाई जोड दिने प्रयास गरेका छौं।"

शिक्षाशास्त्रको परीक्षा एवं मूल्याङ्कन प्रणाली पनि विषय अनुकूल छैन। शिक्षाशास्त्रका विद्यार्थीको सैद्धान्तिक ज्ञानसँगै उसको सीपको पनि मापन गर्नुपर्ने हुन्छ। यसका लागि निरन्तर मूल्याङ्कन प्रणाली आवश्यक पर्छ। तर विद्यार्थीको समग्र मूल्याङ्कन वार्षिक परीक्षामै निर्भर छ। यस्तो परीक्षामा मूलत: विद्यार्थीको सैद्धान्तिक ज्ञान परीक्षण गर्ने खालका प्रश्नहरू सोधिन्छन्। व्यावहारिक ज्ञान जाँच्ने प्रक्रिया र मापदण्ड नै छैन।

## प्रभावहीन अभ्यास शिक्षण

गत वर्ष महेन्द्ररत्न, ताहाचल र काठमाडौं शिक्षा क्याम्पसबाट बी.एड. तहका २४ जना विद्यार्थी अभ्यास शिक्षणका लागि काठमाडौंको कुलेश्वर माविमा खटाइए। त्यति धेरै प्रशिक्षार्थी विद्यार्थीलाई अभ्यास शिक्षणका लागि स्कूलमा कक्षाको अभाव थियो। कक्षा नपुगेपछि विद्यार्थीले पालो गरेर ४-५ दिनमा एकपटक पढाए। ती विद्यार्थीको सुपरीवेक्षण पनि प्रभावकारी थिएन। कुलेश्वरका शिक्षक रामहरि पण्डितका अनुसार, कक्षा नपुगेपछि क्याम्पसबाट खटिएका सुपरीवेक्षकले एउटै कक्षामा विद्यार्थीलाई पालैपालो ५-१० मिनेट पढाउन लगाएर विद्यार्थीको सुपरीवेक्षण गरेका थिए।

विद्यार्थीको शिक्षण सीप मूल्याङ्कन गर्ने एउटा प्रमुख आधार अभ्यास शिक्षणलाई नै मानिन्छ। प्रशिक्षार्थी शिक्षकले दैनिक पाठयोजना र शैक्षिक सामग्री तयार गरेर ४५ दिनसम्म अभ्यास शिक्षण गर्नुपर्ने प्रावधान रहे पनि यताका वर्षमा यो प्रभावकारी रूपमा सञ्चालन भएको छैन। त्रिविको बी.एड. र एम.एड.को पाठ्यक्रममा क्रमश: १०० र ५० पूर्णाङ्कको अभ्यास शिक्षण तोकिएको छ। महेन्द्ररत्न क्याम्पसका अभ्यास शिक्षण प्रमुख चन्द्रबहादुर श्रेष्ठ विद्यार्थीको चाप बढिरहेकाले अभ्यास शिक्षण गराउन कठिनाई भएको बताउँछन्।

## कक्षा लिनु नपर्ने पढाइ !

**काठमाडौंको** सिंहदरबार वैद्यखाना विकास समितिका कर्मचारी सतिश पौडेल ताहाचलस्थित महेन्द्ररत्न क्याम्पसमा एकवर्षे बी.एड.का विद्यार्थी हुन्। भर्ना भएयता उनी एक दिन पनि क्याम्पस पुगेका छैनन्। यसको प्रस्ट कारण छ, उनी शिक्षण सेवामा लाग्छु भनेर बी.एड.मा भर्ना भएका होइनन्। उनी भन्छन्, "शिक्षक बन्ने रहरले होइन। शैक्षिक योग्यता बढाइराखुँ भनेर मात्रै हो।" पौडेल जस्ता धेरै एकवर्षे बी.एड.का विद्यार्थी छन्, जो भर्ना भएदेखि क्याम्पसको गेटमा पनि पुग्दैनन्।

भक्तपुरको सानोठिमी शिक्षा क्याम्पसमा पनि यस वर्ष ५० भन्दा बढी विद्यार्थी एकवर्षे बी.एड.मा भर्ना भएका छन्। तर सहप्राध्यापक माधवप्रसाद ढकालका अनुसार, विद्यार्थी नआएका कारण कक्षा चल्नै सकेको छैन।

३०० भन्दा बढी विद्यार्थी भर्ना भएको महेन्द्ररत्न क्याम्पसको अवस्था पनि त्यस्तै छ। विद्यार्थीको अभावमा त्यहाँ पनि एकवर्षे बी.एड.को कक्षा फाट्टफुट्ट मात्रै सञ्चालन हुने गरेको छ।

### त्रिविमा शिक्षाशास्त्रका विद्यार्थी सङ्ख्या

| आई.एड. प्रथम वर्ष | | | आई.एड. दोस्रो वर्ष | | |
|---|---|---|---|---|---|
| साल | परीक्षार्थी | उत्तीर्ण % | साल | परीक्षार्थी | उत्तीर्ण % |
| २०६२ | १५,३५८ | ३१.४४ | २०६२ | ७,०८२ | ४५.७९ |
| २०६३ | १५,२७८ | २६.४६ | २०६३ | ९,४८१ | ३९.९६ |
| २०६४ | १६,४३० | २८.४४ | २०६४ | १०,१२० | ४६.१८ |
| २०६५ | १५,९३५ | ३३.७९ | २०६५ | ९,७६१ | ४५.१६ |

## रिपोर्ट त्रिविको शिक्षाशास्त्र

### हेपिएको जेठो संस्था




२०१६ सालमा त्रिभुवन विश्वविद्यालय स्थापना हुनु तीन वर्षअघि बसेको हो, शिक्षाशास्त्र सङ्कायको जग। २००७ सालको राजनीतिक परिवर्तनसँगै देशभरि खुलेका स्कूलमा दक्ष शिक्षक आपूर्ति गर्ने उद्देश्यले २०१३ सालमा 'कलेज अफ एजुकेशन' को स्थापना भयो। उक्त कलेजमा १० कक्षा पास भएका विद्यार्थीलाई १० महिने शिक्षण तालिम र एसएलसी पास भएका विद्यार्थीलाई चारवर्षे बी.एड. पढाउन थालियो। साथमा शैक्षिक अनुसन्धान र स्कूलका पाठ्यक्रम तयार गर्ने काम कलेज अफ एजुकेशनबाटै हुन थाल्यो।

नयाँ शिक्षा योजना, २०२८ लागू भएपछि कलेज अफ एजुकेशनलाई शिक्षाशास्त्र अध्ययन संस्थान (इन्स्टिच्युट अफ एजुकेशन) मा रुपान्तरण गरी त्रिवि मातहतमा ल्याइयो। उक्त योजनाले शिक्षकलाई तालिम अनिवार्य गरेको थियो। त्यतिबेला स्कूलको आवश्यकता हेरी इन्स्टिच्युटमा भर्ना गर्ने विद्यार्थी सङ्ख्या सरकारले निर्धारण गर्थ्यो। २०३८ सालमा यो अध्ययन संस्थानलाई 'शिक्षाशास्त्र सङ्काय'मा परिणत गरियो।

शिक्षाशास्त्रका पूर्व डीन प्रा.डा. केदारनाथ श्रेष्ठ भन्छन्, "अध्ययन संस्थान (इन्स्टिच्युट) रहँदासम्म यसलाई सरकारको पनि सहयोग थियो र आवश्यकता हेरेर शैक्षिक जनशक्ति उत्पादन गरिन्थ्यो। तर, सङ्कायमा परिणत भएपछि क्याम्पस र विद्यार्थी थपिँदै गए र गुणस्तर चाहिँ खस्किन थाल्यो।"

अभ्यास शिक्षणको सुपरीवेक्षण शिक्षण अवधिमा मुस्किलले दुईपटक मात्रै हुने गरेको छ। एउटा स्कूलमा अभ्यास शिक्षण गर्न पठाएको विद्यार्थीलाई सुपरीवेक्षकले आफूलाई सजिलो पर्ने स्कूलमा बोलाएर सुपरीवेक्षण गरेको दृष्टान्त समेत भेटिएको छ। तीन वर्षअघि महेन्द्ररत्न क्याम्पसबाट बी.एड. सकेका दीपकराज ओझा भन्छन्, "मैले अभ्यास शिक्षण सीतापाइलाको एउटा स्कूलमा गरेँ। तर, सुपरीवेक्षक कुमार थापाले मेरो सुपरीवेक्षण चाहिँ बाफलको ज्ञानोदय स्कूलमा गर्नुभयो।"

अभ्यास शिक्षणलाई व्यवस्थित तुल्याउन शिक्षाशास्त्र डीन कार्यालयले आई.एड.देखि एम.एड. तहसम्मको अभ्यास शिक्षणसम्बन्धी छुट्टाछुट्टै निर्देशिका बनाएको छ। त्यसमा क्याम्पस, अभ्यास शिक्षण हुने स्कूल, सुपरीवेक्षक र विद्यार्थीका जिम्मेवारी किटान गरिएका छन्। शिक्षाशास्त्रका डीन प्रा.डा. प्रकाशमान श्रेष्ठ भविष्यमा उक्त निर्देशिका कडाइका साथ लागू हुने दाबी गर्छन्।

### लक्ष्य नै अज्ञात

हरेक वर्ष कुन विषय र तहमा कति शिक्षक चाहिने भन्ने आधारमा शिक्षक उत्पादनको संरचना तयार गर्नुपर्ने हो। तर यसमा शिक्षा मन्त्रालय र विश्वविद्यालयका शिक्षाशास्त्र सङ्कायहरूबीच कुनै किसिमको समन्वय भएको पाइँदैन। आवश्यकताको विश्लेषण विना नै शिक्षाशास्त्रमा विद्यार्थी भर्ना लिने पद्धतिले गर्दा अर्को खालको समस्या सिर्जना भइरहेको छ।

त्रिवि, परीक्षा नियन्त्रण कार्यालयको आँकडामा २०६५ सालमा आई.एड.देखि एम.एड.सम्म १ लाख ७९ हजार २४० जनाले परीक्षा फारम भरेको देखिन्छ। २०६६ सालमा बी.एड. प्रथम वर्षमा मात्रै लगभग ८० हजार विद्यार्थी भर्ना भएको डीन कार्यालयको अनुमान छ। अन्य सङ्कायको तुलनामा शिक्षाशास्त्रमा धेरै बढी विद्यार्थीहरू भर्ना भइरहेका छन्। उता, उच्च माध्यमिक शिक्षा परिषद्सँग सम्बन्धन लिएका २,५१२ उमाविमध्ये आधाभन्दा बढीले पनि शिक्षाशास्त्र नै पढाइरहेका छन्। कक्षा ११ र १२ का कुल ५ लाख २४ हजार ८८९ विद्यार्थीमध्ये ४७.३४ प्रतिशत हिस्सा शिक्षाशास्त्र पढ्नेको छ। शिक्षाविद् प्रा.डा. मनप्रसाद वाग्ले भन्छन्, "स्कूलको आवश्यकतालाई आत्मसात् नगरी शिक्षाशास्त्रमा विद्यार्थी भर्ना गर्ने पद्धतिले गुणस्तरहीन जनशक्तिको भीड बढाएको छ।"

शिक्षाशास्त्र डीन कार्यालयका अनुसार, २४ वटा आङ्गिकसहित ४२५ वटा क्याम्पसहरूमा शिक्षाशास्त्रको पठनपाठन चलिरहेको छ। थप ६६ वटा क्याम्पसले एम.एड. अध्यापनका लागि त्रिविसँग सम्बन्धन मागेका छन्। क्याम्पसको सङ्ख्या बढ्न थाले पनि त्रिविले गत वर्षदेखि बी.एड.को नयाँ सम्बन्धन रोकेको छ। सहायक डीन प्रा. कुलनरसिंह श्रेष्ठका अनुसार, बी.एड.को नयाँ सम्बन्धन दिने हो भने त्यसनिम्ति अरू २०० क्याम्पस थपिने स्थिति छ। उमाशि परिषद्बाट शिक्षाशास्त्रका विद्यार्थी धेरै उत्पादन हुनु र तिनलाई बी.एड. पढाउनका लागि नयाँ सम्बन्धन दिँदै जानुले शिक्षा क्याम्पस र विद्यार्थीको सङ्ख्या यसरी बढ्दै गएको हो।

त्रिविका शिक्षण सहायक प्रेम फ्याकको भनाइमा शिक्षाशास्त्रमा मूलत: तीन किसिमका विद्यार्थीहरू पढ्ने गरेका छन्। एकथरी पहिल्यैदेखि शिक्षण गरिरहेका जो बढुवाको आशले भर्ना हुने गर्छन्। दोस्रो, उमावि र क्याम्पसको सहज र घरपायक उपलब्धता तथा अन्य विषयभन्दा सजिलो हुने मानसिकताले गर्दा कमजोर र

### त्रिविमा शिक्षाशास्त्रका परीक्षार्थी

| बी.एड. प्रथम वर्ष | | | बी.एड. दोस्रो वर्ष | | | बी.एड. तेस्रो वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|
| साल | परीक्षार्थी | उत्तीर्ण % | साल | परीक्षार्थी | उत्तीर्ण % | साल | परीक्षार्थी | उत्तीर्ण % |
| २०६२ | २६,८८९ | २५.५२ | २०६२ | १५,००१ | ३४.५३ | २०६२ | ११,२९६ | ४१.५२ |
| २०६३ | ३५,२८४ | २२.०५ | २०६३ | १९,१३७ | ३६.९० | २०६३ | १२,०३९ | ४५.९१ |
| २०६४ | ५२,५९७ | ३४.१३ | २०६४ | २७,१७२ | ४८.८२ | २०६४ | १५,९३३ | ४९.०३ |
| २०६५ | ६३,८५८ | ३५.६८ | २०६५ | ३८,०९२ | ४३.२२ | २०६५ | २२,१७६ | ५६.१३ |

औसत विद्यार्थीहरू यसतर्फ आकर्षित हुने गरेका छन् भने तेस्रो चाहिँ साँच्चिकै शिक्षक बन्छु भन्ने भावना लिएर शिक्षाशास्त्र पढ्न आउनेहरू छन्। तेस्रोखाले विद्यार्थीको सङ्ख्या अत्यन्त कम हुने फ्याकको बुझाइ छ। त्रिविमा भर्ना भएकामध्ये तहअनुसार ४० देखि ६० प्रतिशत विद्यार्थी मात्रै नियमित कक्षामा उपस्थित हुने गरेका छन्।

शिक्षाशास्त्रको परीक्षा नतिजा पनि सन्तोषजनक देखिँदैन। बी.एड.को तुलनामा एम.एड.को उत्तीर्ण प्रतिशत कम देखिन्छ *(हे. तालिका)*। कमजोर पठनपाठन पद्धति, दक्ष शिक्षकको अभाव, विद्यार्थीको अत्यधिक चाप, कक्षामा तिनको न्यून उपस्थित आदिलाई कमजोर नतिजाको कारण मानिएको छ।

| एम.एड. प्रथम वर्ष | | | एम.एड. दोस्रो वर्ष | | |
|---|---|---|---|---|---|
| साल | परीक्षार्थी | उत्तीर्ण % | साल | परीक्षार्थी | उत्तीर्ण % |
| २०६२ | ३,७६७ | २३.७८ | २०६२ | २,४५५ | २९.१२ |
| २०६३ | ५,००१ | ३६.०१ | २०६३ | २,८६६ | ३७.९६ |
| २०६४ | ७,५१७ | २७.८५ | २०६४ | ३९८३ | ३८.६६ |
| २०६५ | १३,६४१ | ३०.८० | २०६५ | ६,९४४ | ४३.०२ |

स्रोत : परीक्षा नियन्त्रण कार्यालय, त्रिवि

## सुधारका उपाय

शिक्षाविद्‌हरूका अनुसार, कैयौँ मुलुकमा शिक्षाशास्त्रमा भर्ना पाउनै मुस्किल पर्छ। त्यहाँ प्रवेश परीक्षामा उत्कृष्ट ठहरिएका विद्यार्थीले मात्रै शिक्षाशास्त्र पढ्ने अवसर पाउँछन्। त्रिविमा पनि २०६२ सालसम्म प्रवेश परीक्षाबाट मात्रै विद्यार्थी भर्ना लिइन्थ्यो। विद्यार्थी सङ्गठनहरूको दबाबमा प्रवेश परीक्षा प्रणाली खारेज भएपछि क्याम्पसहरू आफ्नो क्षमताभन्दा बढी विद्यार्थी भर्ना लिन बाध्य छन्। त्यति मात्रै होइन, वार्षिक परीक्षाको आवेदन खुलिसक्दा समेत विद्यार्थी युनियनको दबाबमा क्याम्पसले विद्यार्थी भर्ना लिइरहेका हुन्छन्। शिक्षाशास्त्रबाट उत्पादित जनशक्ति कमजोर हुनुको एउटा प्रमुख कारण यो पनि हो। स्कूलको आवश्यकतालाई हेरेर शिक्षक उत्पादन गर्ने हो भने प्रवेश परीक्षालाई प्रभावकारी बनाएर योग्य विद्यार्थीलाई मात्रै शिक्षाशास्त्रमा प्रवेश गराउनुपर्ने देखिन्छ।

धेरै देशमा मुख्यतया दुई किसिमले शिक्षक उत्पादन हुने गरेको पाइन्छ। त्यहाँ विषयवस्तुको गहिरो ज्ञान, शिक्षण विधि र प्रयोगात्मक अभ्यासलाई प्राथमिकता दिएर बी.एड.मा चार वा पाँचवर्षे कोर्स पढाइन्छ भने अन्य सङ्कायबाट स्नातक सकेका विद्यार्थीलाई एकदेखि दुईवर्षसम्मको शिक्षण सीप सिकाइन्छ। त्रिविमा २०५४ सालदेखि तीनवर्षे बी.एड.को पढाइ भइरहेको छ भने एकवर्षे बी.एड.को पठनपाठन औपचारिकता मात्रै बन्दै गएको छ। त्रिविमा पनि चारवर्षे बी.एड.को पाठ्यक्रम तयारी भइरहेको जानकारी शिक्षाशास्त्रका डीन डा. श्रेष्ठले दिएका छन्।

शिक्षाविद् डा. वाग्ले चाहिँ विज्ञान, मानविकी, व्यवस्थापन जस्ता विषयमा स्नातक गरेका विद्यार्थीलाई एकदेखि दुईवर्षको शिक्षण विधिको कोर्स दिनुपर्ने बताउँछन्। उनी भन्छन्, "अरू नै सङ्कायबाट विषयगत दक्षता पाएका विद्यार्थीलाई एकदेखि दुई वर्षसम्म शिक्षण विधिको कोर्स मात्रै सिकाउँदा त्यसबाट गतिला जनशक्ति उत्पादन हुन्छन्। तर, त्यसको पढाइ अहिलेको एकवर्षे बी.एड. जस्तो प्रभावहीन हुनुहुँदैन।" साथै, एसएलसी पास गर्नेबित्तिकै शिक्षण सीप सिक्न विद्यार्थीको क्षमता नपुग्ने भएकाले त्रिविको आई.एड.सँगै दशजोड दुईमा पनि शिक्षाशास्त्र विषय खारेज गर्नुपर्ने वाग्लेको सुझाव छ।

प्राज्ञिक तथा आर्थिक/प्रशासनिक निर्णयका लागि त्रिविका सङ्कायहरू र ती अन्तर्गतका विभाग स्वायत्त नहुनु पनि एउटा समस्याकै रूपमा देखिएको छ। अहिले पाठ्यक्रम परिमार्जनका लागि प्राज्ञिक परिषद् र आर्थिक/प्रशासनिक निर्णय लिन कार्यकारी परिषद्‌को स्वीकृति लिनुपर्ने बाध्यता छ। शिक्षाशास्त्रका डीन डा. श्रेष्ठ यसले गर्दा पाठ्यक्रम परिमार्जन र अन्य नीतिगत प्रणालीमा व्यवधान सिर्जना भएको बताउँछन्।

३-४ घण्टे वार्षिक परीक्षा नै मूल्याङ्कनको अन्तिम आधार रहेको अहिलेको संरचनालाई सुधारेर आन्तरिक मूल्याङ्कन प्रणालीलाई बढावा दिइनुपर्ने देखिन्छ। त्यस्तो परीक्षा प्रणाली सैद्धान्तिकसँगै अभ्यास शिक्षण र प्रयोगात्मक क्रियाकलापमा केन्द्रित भएमा त्यसको मापन प्रभावकारी हुन आउँछ। कतिपय जानकारहरू भने अहिलेको वार्षिक शैक्षिक प्रणालीलाई 'सेमेस्टर' प्रणालीमा लैजानुपर्ने बताउँछन्। त्रिविका शिक्षण सहायक प्रेम फ्याक भन्छन्, "सेमेस्टर प्रणाली र आन्तरिक परीक्षा प्रणाली लागू गर्दा विद्यार्थीहरू नियमित उपस्थित हुन बाध्य हुन्छन्। त्यसले शिक्षण सीपप्रति विद्यार्थीको दक्षता समेत बढाउँछ।"

# शिक्षक र लाठी !





“

पहिले छापिएका दुईवटा तस्बिर हेरेर आफ्नो बुझाइ र विचार लेख्न हामीले गरेको अनुरोध (*शिक्षक*, जेठ, २०६७) स्वीकार गरी उत्साहसाथ लेख-रचना पठाउनुहुने सम्पूर्ण लेखक/शिक्षक/पाठकहरूलाई धन्यवाद दिन्छौं ।

स्थानाभावका कारण थुप्रै-थुप्रै लेखरचनाहरू छाप्न नसकेको र प्रकाशित रचनाहरू पनि सम्पादन गरी धेरै छोट्याउनु परेको हाम्रो बाध्यता सविनय जानकारी गराउँछौं ।

तर्कको सान्दर्भिकता, भाषा र शैलीमा संयमता तथा समग्र प्रस्तुतिको आधारमा हामीलाई दुईवटा रचना उत्तिकै राम्रा लागे । यसर्थ पुरस्कार रकम दुवै विजेतालाई दामासाही रूपमा दिइनेछ ।

यो बहस तपाइँलाई कस्तो लाग्यो ? आफ्नो विचार र सुझाव लेखेर हामीलाई मार्गनिर्देश गर्दै रहनुहोला । धन्यवाद !

– सम्पादक

”

# तीन प्रकारका लाठी

सम्पादकज्यू, शिक्षकका हातमा मात्र हो र लाठी ? लाठी त शिक्षकको मानसिकता र शैक्षिक नीतिमा पनि छ। त्यो तपाईंका दृष्टिमा परेन; फरक त्यति हो। तस्विरमा देखिएको शिक्षकको हातको लाठी शारीरिक यातनाका लागि प्रयोग गरिने बाह्य वस्तु मात्र हो। नदेखिने लाठीको चोट त अरू कडा हुन्छ। मेरो विचारमा; विद्यार्थीका कक्षागत तह जस्तै लाठीका पनि तीन तह हुन्छन्: १) शिक्षकको हातमा, २) शिक्षकको मानसिकतामा र ३) शिक्षा नीतिमा। मैले तीनै किसिमका लाठी खाएको छु।

विद्यार्थी जीवनमा पहिलो तहको लाठी त धेरै खाएँ तर दुई पटकको भोगाइ विशेष स्मरणीय छ। कुरा कक्षा चारमा पढ्दाको हो। म बाले पढाउने स्कूलमा नै पढ्थें। मेरो दाइ र काका कक्षा ५ मा पढ्नुहुन्थ्यो। बाले एकदिन आफ्ना स्टाफहरूसँग भन्नुभएछ, "सानो छोरा अलिक अप्ठ्यारो छ, अरूको त कुरै छाडौं दाइको जूठो पनि खाँदैन। दराजमा माझेर राखेको थाल पनि आमालाई फेरि माज्न लगाउँछ।" अनि त के चाहियो र अङ्ग्रेजी सरलाई ! उहाँले मलाई दाइको कक्षामा बोलाउनुभयो। डरले म जान सकिनँ। पछि उहाँले दाइ र काकालाई पठाउनुभयो र उहाँहरूले मलाई दुईतिर उचालेर लिएर जानुभयो। कक्षा ५ का विद्यार्थीका अगाडि राखेर 'दाइको जूठो नखाने' भन्दै सरले बाँसको मसिनो लट्ठीले हान्न थाल्नुभयो। १०० सम्म गनेपछि मलाई हान्न रोकियो। त्यो पिटाइको शरीरको पीडा त तीन-चार दिनको ज्वरोपछि निको भयो तर मानसिक पीडा भने अहिलेसम्म निको भएको छैन। आज पनि म ती दाइ-काकाहरूलाई सम्झँदा र भेट्दा एक किसिमले तर्सन्छु।

कक्षा ६ मा फेरि नमीठो पिटाइ खान पुगें। एकदिनको कुरा हो- सरले लाइन-वाई-लाइन पढाइरहनुभएको थियो। अचानक अलमलिएछु। मैले छेउको साथीलाई खुसुक्क सोधें, "ए, कहाँ पुग्यो?" सरले देखिहाल्नुभएछ। के भनिस्? भनेर सरले सोध्नुभयो। मैले इमानदारीपूर्वक "कहाँ पुग्यो भनेर सोधेको" भनें। सरले अगाडि बोलाउनुभयो र दुवै गालामा जोडले एकएक चड्कन दिनुभयो र दायाँबायाँतर्फ परपर देखाउँदै भन्नुभयो, "ऊ त्यहाँ पुग्यो देखिस्।"

कक्षा ६ मा हात र लाठीसँगै म शिक्षकको मानसिक ताडनाको पनि सिकार हुन थालें। पढ्न नजान्ने भनेर गुरुले 'हली' नामले सम्बोधन गर्न थाल्नुभयो। त्यति मात्र कहाँ हो र ! सरहरू बासँग 'खै यसलाई पढाएर काम लाग्दैन' भन्ने कुरा निरन्तर गर्नुहुन्थ्यो। कक्षामा पनि म नजान्नेमा दर्ता भएँ। सबैतिरबाट यो कुरा समाजमा पनि पुग्यो। म अपराधी झैं शिर निहुराएर हिँड्न विवश भएँ। परिणामत: मैले स्नातक तह नथाल्दासम्म कहिल्यै आफूलाई विश्वास गर्न सकिनँ।

**विद्यार्थीका कक्षागत तह जस्तै लाठीका पनि तीन तह हुन्छन्: १) शिक्षकको हातमा, २) शिक्षकको मानसिकतामा र ३) शिक्षा नीतिमा। मैले तीनै किसिमका लाठी खाएको छु।**

धेरैचोटि मैले आफ्नो छाती छामें, मन छामें, मस्तिष्क छामें र निष्कर्षमा पुगें- म सक्छु। तर, मेरो मानसिकता कमजोर बनाउने गरी शिक्षकको मानसिकताको लाठी निकै कठोरतापूर्वक बज्रिएको थियो मेरो थाप्लोमा।

अब लागौं तेस्रो तहको लाठीतर्फ। यो सबैभन्दा उपल्लो तहको लाठी हो। यो शैक्षिक नीतिको नामले चिनिने लाठी हो, जसको प्रत्यक्ष कार्यान्वयन एक तहमा शिक्षकहरूले नै गर्दछन्। यो लाठीको प्रहार मैले विद्यार्थी जीवनमा तीन पटक खपें- कक्षा ६, १० र प्रमाणपत्र तहमा। परीक्षामा ३२ अङ्क ल्याउनुपर्थ्यो, मैले जम्मा २५ नम्बरको मात्र जानें। तसर्थ मैले यी तीनै कक्षामा प्रमाणपत्र पाइनँ। मैले २५ नम्बरको जानेको कुरा कहीं कतै उल्लेख भएन। धन्न, म लागिरहें र एक दिन ३२ सै नम्बरमा प्रमाणपत्र हात पारें। तर मेरा कतिपय साथीहरू आज त्यही २५ नम्बर जानेको चोटयुक्त लाठीले दिल्लीका गल्लीमा भौंतारिँदा छन्। ३१ ल्याउँदैमा अनुत्तीर्ण हुने र ३२ ल्याउँदैमा उत्तीर्ण हुने यो शैक्षिक लाठीले आज पनि धेरै विद्यार्थीको भविष्यमा प्रश्नचिन्ह लगाइरहेको छ। मेरो मत के हो भने हाम्रो मूल्याङ्कन अत्यन्त अवैज्ञानिक छ र विद्यार्थीलाई सिकार बनाइरहेको छ। वर्ग विभाजन गर्ने मूल्याङ्कन प्रणाली लागू गर्न नसक्दासम्म विद्यार्थीहरूले मैले जस्तै यो लाठी बारम्बार खेप्नुपर्नेछ।

संयोग यी लाठीहरू खेप्दाखेप्दै पनि आज एक वर्षदेखि शिक्षण पेशामा संलग्न छु। मेरो छोटो अनुभवमा मलाई उपल्ला कक्षाहरूमा भन्दा तल्ला कक्षाहरूमा शिक्षण गर्दा बढी प्रभावकारी भएको लाग्छ। तल्ला कक्षाहरूमा म बढी खुल्छु। त्यहाँ मलाई विद्यार्थीहरू साथी जस्तै लाग्छन्। उपल्ला कक्षाहरूमा म बढी औपचारिक हुन्छु। तल्ला कक्षाहरूमा मैले गीत गाएँ, चुट्किला भनें, थपडी बजाएँ, कथा भनें। कसैलाई जोरजबरजस्ती जथाभावी नियम लादिनँ, करकापमा पारिनँ। जबरजस्ती पोशाकका नियम पनि लगाइनँ, नङ पालेका किशोरीहरूलाई फाल्न सुझाव दिएँ, नफाल्नेलाई कसरी सफा गर्ने भन्ने सिकाएँ। त्यसैको देन हुनुपर्छ, छोटो समयमा नै सबैले अपार माया दिएर अश्रुयुक्त भावपूर्ण बिदाइ गरे, जुन म कहिल्यै बिर्सन सक्दिनँ। मेरो कक्षामा कुनै दिन पनि अनावश्यक हल्ला भएन र लाठीको प्रहार पनि गर्नुपरेन।

यसरी मैले लाठीका तीन तह भेटें। विद्यार्थीलाई 'तपाईं' भन्नुस् भन्ने समाचार पनि शिक्षक मै पढें। मैले भेटेका तीनै तहमा लाठी भाँच्न र लाठीका ठाउँमा सम्मानयुक्त प्रोत्साहन र प्रेरणारुपी पुरस्कार स्थापना गर्नु आजको आवश्यकता हो भन्ने मलाई लाग्छ। विद्यार्थीसँग आत्मीयताको हात बढाउने, अध्ययनशील बानीको विकास गर्ने र जतिसक्दो अनौपचारिक रूपमा प्रस्तुत हुने हो भने शिक्षकले प्रत्यक्ष प्रयोग गर्ने दुई प्रकारका लाठी प्रयोग गर्नुपर्दैन। उपल्लोस्तरको लाठीका बारेमा उपल्लै स्तरमा सोच्नुपर्ने र छलफल चलाउनुपर्ने आवश्यकता छ।

**शिवशरण ज्ञवाली**
महेन्द्र बहुमुखी क्याम्पस, बाग्लुङ

# बहस

## आत्मरक्षाका लागि होला !

माथिल्लो तस्बिरका शिक्षकले हातको लट्ठी भाँचेका छन् भने तल्लो तस्बिरका शिक्षकले लट्ठी चलाउन सिक्दैछन्। लट्ठी भाँच्ने शिक्षकहरूले साङ्केतिक रूपमा अब विद्यार्थीमाथि लट्ठी प्रयोग गरिन्न भन्ने सन्देश दिन खोजेको देखिन्छ। यसबाट मलाई के लाग्छ भने यी शिक्षकमा असल शिक्षकको दायित्वबोध अझ बढी भएको छ। लट्ठी लगाएर पढाउनु गलत हो भन्ने कुरालाई तिनले महसुस गरेको देखिन्छ। यस तस्बिरले देशभरका सबै शिक्षकलाई लौरो देखाएर पढाउने आफ्नै पुरानो खराब आदत भए त्यसलाई त्याग्न प्रेरित गर्दछ।

माथि नै भनियो कि तल्लो तस्बिरका शिक्षकले लट्ठी चलाउन सिकिरहेका छन्। अतः यी दुईखाले तस्बिरमा विरोधाभास त छ नै। तथापि विद्यार्थीमाथि प्रयोग गर्नकै लागि लट्ठी तालिमको आवश्यकता पर्दैन थियो होला र त्यसो गर्ने उनीहरूको पनि मनसाय होइन होला भन्न सकिन्न।

१८ वैशाख २०६७ मा नागरिक दैनिकमा छापिएको भनिएको यस तस्बिरलाई त्यो समय र सन्दर्भसँग जोडेर हेर्नुपर्छ जस्तो लाग्छ। सो तस्बिरको तल उनीहरूलाई 'माओवादी निकट शिक्षक' भनी लेखिएको छ। यसबाट माओवादी आमहडतालको सँघारमा उनीहरूले यो तालिम लिएको देखिन्छ। त्यतिबेला ठाउँ-ठाउँमा माओवादी कार्यकर्ताले लट्ठी र खुकुरी तालिम लिएको चर्चा पनि चलेकै हो। माओवादी नेतृत्वले पनि आमहडतालका लागि सबै जनवर्गीय सङ्गठनलाई परिचालन गर्ने बताएको थियो। यसबाट ती शिक्षकले पनि आमहडतालको प्रदर्शनमा कसैबाट आक्रमण भए त्यसको प्रतिकार र आत्मरक्षाको लागि यो तालिम लिएको हुनसक्ने लख काट्न सकिन्छ। यदि त्यसै हो भने बौद्धिक वर्ग हुनुका नाताले उनीहरूले बलले होइन बुद्धिले माछा मार्न सकिन्छ भन्ने पाठ अरूलाई सिकाउनुपर्ने हो। त्यस विपरित आफैँले लट्ठीको सहारा लिन खोजेको देखिनु शोभनीय होइन। जो कोहीका अगाडि शालीनताको उदाहरण बनी देखाउनुपर्ने हामी गुरुवर्ग स्वयं लठैत बनी हिँड्न थालेपछि समाजले शालीनता कोबाट सिक्ने ?

**गणेशप्रसाद चौलागाई (प्रशिक्षक)**
शैक्षिक तालिम केन्द्र, जुम्ला

## व्यर्थ छ लाठी

यी दुईवटा तस्बिरले धेरै कुरा भनेका छन्। पहिलो तस्बिरले शिक्षकले बालबालिकामा डर, धम्कीको आभास नहुने गरी बालअनुकूल वातावरण तयार गरेर दण्डरहित वातावरणमा पढाउनुपर्छ, शिक्षकले कक्षाकोठामा कुनै प्रकारको दण्डको प्रयोग गर्नुहुँदैन भन्ने कुरा बुझेको देखाएको छ। मनोवैज्ञानिक/शिक्षाशास्त्री रूसोले भने झैँ "बालबालिका खुला किताब हुन् र तिनलाई शिक्षकले पाना पाना गरेर पढ्नुपर्छ" र बालबालिकाको व्यवहारमा सापेक्षिक परिवर्तन गर्नुपर्दछ। शिक्षकले बालबालिकाको बानीव्यहोरा, संवेग, उमेर, पारिवारिक-सांस्कृतिक-सामाजिक अवस्था, शारीरिक-मानसिक अवस्था, कक्षाकोठाको अवस्था, मनोआकाङ्क्षा आदि विविध पक्षहरूको ख्याल गरी उनीहरूको अवस्था अनुसारको शैक्षिक वातावरण सृजना गरी पढाउनुपर्दछ। यो काम पिटेर, डरधम्की देखाएर शिक्षण गर्ने होइन भन्ने कुरा मेरो मनमा लाग्यो।

दोस्रो तस्बिरले मलाई ७ वर्ष अगाडि २०६० साल चैत ७ गते राति म्याग्दी जिल्लाको सदरमुकाम बेनी बजारमा माओवादी छापामारले भीषण आक्रमण गरेको घटना सम्झायो। उक्त आक्रमणमा सुरक्षाकर्मी, माओवादी छापामार र सर्वसाधारण जनता गरी दर्जनौंको मृत्यु भएको थियो। मैले पढाउने विद्यालयबाट पनि त्यस घटनाका हृदयविदारक आवाजहरू सुनिएको थियो।

त्यस घटनाको केही दिनपछि मैले विद्यालयमा पनि माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त भएको देखेँ। कतै लास देखिन्थे, कतै घाइते भएर ऐया बाबा ! भनेको चित्कार सुनिन्थ्यो। कोही लास लिएर हिँड्दै थिए। कोही घाइतेलाई उपचार गरिरहेका थिए। यो सबै युद्धको भूमिका कक्षा १ देखि ३ सम्म सञ्चालित विद्यालयमा पढ्ने विद्यार्थीहरूले गरेका थिए। ती अबोध बालबालिकाले युद्धमा जे भएको सुनेका थिए र देखेका थिए त्यसैको नक्कल गरेका थिए।

घरपरिवारका सदस्यहरूको भूमिका, शिक्षक-विद्यार्थीको भूमिका गरेर सानो छँदा खेल खेल्ने गरेको सम्झना हामीमा अझै आउँछ। बालबालिकाहरूले समाजका हरेक क्रियाकलापको अवलोकन गरिरहेका हुन्छन् र त्यसको नक्कल गरिहाल्छन्। यसरी बालबालिकामा नकारात्मक असर पर्ने नभई सकारात्मक दृश्यहरू देख्न सक्ने वातावरण सबैले मिलाउनुपर्दछ। माओवादी छापामार र सुरक्षाकर्मीबीच भएको भिडन्त र साथमा भएको हातहतियारको दृश्यले त विद्यार्थीमा त्यस्तो नकारात्मक असर पर्ने रहेछ भने स्वयम् शिक्षकहरूले नै हातमा लाठी लिएर तालिम लिँदै गरेको दृश्य विद्यार्थीले देख्ने र त्यस तालिमको कार्यान्वयन शिक्षकले कक्षाकोठामा गर्ने हो भने विद्यार्थीमा कस्तो नकारात्मक असर पर्ला ? सोचौँ त !

दोस्रो तस्बिर त शिक्षकले शिक्षण गर्न गरेको तालिम नभई युद्धको तालिम जस्तो लाग्छ। जुन शिक्षकले लाठीको

**विद्यालयमा पनि माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त भएको देखेँ। कतै लास देखिन्थे, कतै घाइते भएर ऐया बाबा ! भनेको चित्कार सुनिन्थ्यो। कोही लास लिएर हिँड्दै थिए।**

तागतप्रति विश्वास गरेका हुन्छन्, उनले लाठी भाँच्लान् भन्न सकिन्न। यदि शिक्षकले शैक्षिक सामग्रीको सट्टा लाठी लिएर कक्षाकोठामा पसी विद्यार्थीलाई शिक्षण गर्न लागियो भने उनीहरूमा डर, त्रास, भय उत्पन्न हुन्छ। उनीहरूको मस्तिष्कमा डरैडर, भय, त्रास हुने हुनाले शिक्षकले विषयवस्तु राम्ररी शिक्षण गरे पनि विद्यार्थीले बुझ्न सक्दैनन्। यदि बुझिहाले पनि सिकाइ दिगो हुन सक्दैन। अस्पष्ट भएका विषयवस्तु विद्यार्थीले शिक्षकसँग सोध्न सक्दैनन् र शिक्षकले जे भन्छन् केवल सुनेर मात्र मौन बसिरहन्छन्। शिक्षकसँगको सम्बन्ध राम्रो हुँदैन। शिक्षकसँग नजिक हुन सक्दैनन्। दण्डको कारणबाट पढ्नै छाडेका कयौँ बालबालिकाका उदाहरणहरू प्रशस्त छन्। त्यति मात्र होइन विद्यार्थीमा शिक्षकप्रति इज्जत, मान-सम्मानको सट्टा प्रतिशोधको भावना उत्पन्न हुनसक्छ।

**नारायणप्रसाद तिवारी**
देउराली प्रावि, बाँसखर्क-८, पर्वत

# काठ मात्रै होइन, शब्दका लाठी पनि फ्याँकौं

लाठी सजायको प्रतीक हो । शिक्षकमा प्रकाशित लाठी भाँचेको तस्विरको सन्देश हो- अब उप्रान्त लाठीहरूको प्रयोग नगरौं । हिजो हामीले स्कूलमा पढ्दा पाएको सजाय आज विद्यार्थीतिर नफर्काऔं ।

त्यो तस्बिर त्यति भनेर मात्र चुप लाग्दैन, त्यसले थप भन्छ- विद्यार्थीहरूलाई शारीरिक र मानसिक सजाय दिनु भनेको असभ्यताको लक्षण हो । हातले, लाठीले, डस्टरले मात्र होइन, वचन र व्यवहारले पनि विद्यार्थीहरूलाई नपिटौं । बेञ्चमाथि उभ्याएर लज्जित पार्ने, शौचालयमा थुन्ने, कान समातेर उठबस गर्न लगाउने, गालामा तथा पाखुरामा चिमोट्ने, कान निमोठ्ने, कन्सिरीका रौं उखेल्ने, जगल्ट्याउने, कपाल भुत्ल्याउने, दुई औंलाका बीचमा सिसाकलम राखेर च्याप्ने, एक खुट्टाले टेक्न लगाई घामतिर मुख फर्काएर उभ्याउने, कक्षाकोठा तथा चर्पी सफा गर्न लगाउने, यदाकदा सिस्नु लगाउने जस्ता कार्यहरू बाँकी छन् भने यस्ता जङ्गली र दानवीय व्यवहारहरू तुरुन्त बन्द गरौं ।

तस्बिर अझ बोल्छ- मनोवैज्ञानिक असर पार्ने गरी गधा, पशु, गोरु, सुँगुर, कुकुर, बौलाहा, मूर्ख, लम्फु र बेहुदा आदि जस्ता शब्दहरू प्रयोग नगरौं । हाम्रा यस्ता व्यवहारले बालबालिकाहरूलाई पठनपाठनमा सहयोग पुर्‍याउने त कदापि होइन उल्टै उनीहरूलाई निरुत्साहित पारिरहेको हुन्छ । हाम्रो पिटाइले बालबालिकाहरू निरास र आफू असहाय भएको महसुस गर्दछन् । दण्डले उनीहरू क्रुद्ध, आक्रामक र रिसाहा

**हरेक बालबालिकामा सुषुप्त अवस्थामा रहेको प्रतिभा उजागर गर्न भयमुक्त वातावरणको आवश्यकता पर्दछ । अतः आजैदेखि हामी सबै शिक्षकहरूले आ-आफ्ना विद्यालयहरूलाई सजायरहित क्षेत्र बनाउनतिर जुटौं ।**

स्वभावका बन्दछन् । हाम्रो थप्पडले उनीहरूको मस्तिष्कमा चोट पुग्ने, अन्धो हुने, बहिरो हुने, अपाङ्गसम्म हुनसक्ने खतरा हुन्छ । त्यसैले हामी शिक्षकहरूले आफू सभ्य भएर उनीहरूलाई पनि सभ्य हुन सिकाऔं । शिष्ट बन्न प्रेरित गरौं । विद्यार्थीलाई सार्वजनिक रूपमा बेइज्जत नगरौं । धम्की नदिऔं । जातीय विभेद बन्द गरौं । अभिभावकलाई विद्यालयमा नै बोलाएर उसका बदमासी नभनौं । आफैं सुधारतर्फ अग्रसर बनौं । हामीमा इच्छा र जाँगर छ भने जस्तोसुकै बदमासलाई पनि सुधार्न सकिन्छ । बदमासीको जरो पत्ता लगाऔं अनि त्यहीं उपचार खोजौं ।

हरेक बालबालिकामा सुषुप्त अवस्थामा रहेको प्रतिभा उजागर गर्न भयमुक्त वातावरणको आवश्यकता पर्दछ । अतः आजैदेखि हामी सबै शिक्षकहरूले आ-आफ्ना विद्यालयहरूलाई सजायरहित क्षेत्र बनाउनतिर जुटौं । सजायरहित शिक्षाका माध्यमबाट आफ्नो पठनपाठनलाई अगाडि बढाऔं । यसैमा हामी सबैको कल्याण छ ।

सभ्य मानिसले अरूलाई पीडा दिनुहुन्न । आफूभन्दा सानालाई त झनै कुनै पनि किसिमका कष्ट दिनुहुन्न । समाज सभ्य, शिष्ट, अनुशासित र भयरहित बनाउने काम सजायरहित शिक्षाबाट शुरु हुन्छ ।

सँगै प्रकाशित 'शिक्षकका हातमा पनि लाठी' हेर्दा लाग्यो– शिक्षण जस्तो पवित्र पेशामा लाग्नेले लठ्ठी चलाउनु कदापि शोभनीय कार्य होइन । कुनै पनि राजनीतिक दलको आडमा शिक्षकहरूले लठ्ठी किन खेलेका होलान् ? मागबमोजिम चन्दा नदिए शिक्षकको नै थाप्लो फोर्न त होइन ? अथवा अर्कोपट्टि आस्था राख्ने शिक्षकका करङ भाँच्न पो हो कि ? या त सुकिलामुकिलाहरूलाई ठेगान लगाउन त होइन ? या बन्दहडताल नगर्नेहरूका खुट्टा भाँच्न त होइन ? अथवा कसका घुँडा फुकाल्न यस्तो कर्म थालिएको होला जस्ता विविध कुराहरू मनमा खेले । जेहोस् कलमजीवी शिक्षकहरू लठ्ठी चलाउनतिर नलागौं । आफूसँग भएका लठ्ठीहरू पनि भाँचौं ।

**शान्तादेवी अधिकारी**
तेज विनायक मावि, गोठाटार

# परम्पराको रक्षा !

पुराना शिक्षकहरू लाठीको प्रयोग गर्दा-गर्दा थाकेर लाठी भाँचे र प्रतिबद्धता गरे- 'अब हामी लाठी लिएर कक्षामा जाँदैनौं' । तर नयाँ शिक्षक के कम, तिनै पुराना शिक्षकका विद्यार्थी; हामी शिक्षक हुँदा कक्षामा लाठी लिएर जान किन नपाउने ? त्यो नियम भङ्ग हुनुपर्छ भन्दै सो प्रतिबद्धताको विरोधस्वरुप लाठी तालिम लिएको हुनुपर्छ ।

यसो नगरे त हाम्रो संस्कृति, हाम्रो परम्परा लोप भइहाल्छ नि ! संस्कृति र परम्परा जोगाउने जिम्मा नयाँ पुस्तामा छ । फेरि नेपालको परम्परा कुनै पनि निर्णय हुनासाथ त्यसको विरोध

**पुराना शिक्षकहरू लाठीको प्रयोग गर्दा–गर्दा थाकेर लाठी भाँचे । तर नयाँ शिक्षक के कम, तिनै पुराना शिक्षकका विद्यार्थी; हामी कक्षामा लाठी लिएर जान किन नपाउने ?**

गर्ने नयाँ लोकतान्त्रिक परिपाटी बसिसकेकै छ । त्यही भएर होला सरकारले नयाँ शिक्षक दरबन्दी सिर्जना नगरेको, किनभने त्यस्तो गर्दा विरोध भइहाल्छ । आवश्यक परेको खण्डमा अस्थायी र राहतमा परीक्षण गरेर सन्तुष्टि भयो भने एक कालमा स्थायी होला । यस्तै हो भने भविष्यका बच्चाहरूले के गर्लान् ? जुन शिक्षकहरू आफूलाई पढाउन छाडेर लाठी तालिम लिँदैछन् ।

**राजेश थापा मगर**
माध्यमिक विद्यालय, भँगेरी, रामेछाप

# लट्ठी देख्दैमा किन तर्सिने !

शिक्षक मासिक अङ्क २६ (२०६७ जेठ) मा शिक्षकहरूलाई लेख्न उत्प्रेरित गर्न 'शिक्षक र लाठी' शीर्षकअन्तर्गत दिइएका दुईवटा तस्बिर हेरेपछि मेरो अन्तर्मनभित्र प्रतिक्रियाका धेरै तरङ्गहरू उठे । ती तरङ्गलाई मैले दुई पक्षबाट हेर्ने जमर्को गरेको छु ।

## राजनीतिक पक्ष

राजनीतिबाट समाजको कुनै पनि वर्ग, तह-तप्का, पेशा-व्यवसाय अछुतो छैन । अझ नेपालको अस्थिर र तरल परिस्थितिको कारण हरेक पार्टीले शिक्षकहरूलाई हदैसम्म प्रयोग गर्ने गरेका छन् । राजनीतिले हरेक पक्षमा सहजै प्रभाव पार्न सक्ने हुँदा हामी शिक्षकहरू पनि त्यसबाट अछुतो रहन सक्ने कुरो भएन ।

समाजको एउटा सचेत नागरिकको नाताले हामीले कुनै राजनीतिक विचारधारा अँगाल्नु अनौठो होइन । तर पनि हामी बढी नै राजनीतिक प्राणी भएका छौं । हामी शिक्षकहरूले नै पार्टीहरूका एजेण्डालाई विना हिचकिचाहट बोकेर हिँड्छौं । पार्टीहरूसँग गुनासो गर्ने हक हामीले गुमाइसकेका छौं । किनकि हामी नै पार्टीहरूका अङ्ग बनेका छौं– संघ, सङ्गठन, परिषद्, मञ्च, फोरम वा यस्तै कुनै पार्टीको नामको पुच्छर जोडिएका झुण्डको रूपमा । फेरि, शिक्षकहरू कुनै पार्टीको सदस्य बन्न नपाउने भन्ने प्रावधान शिक्षा नियमावलीबाट समेत हटाइसकिएको परिप्रेक्ष्यमा यसमा हामीले चिन्ता गरेर नै के पो हुन्छ र ?

शिक्षक मात्रै होइन, हाम्रा अधिकांश सञ्चारमाध्यमहरू पनि कुनै न कुनै पार्टीको मुखपत्र बन्ने गरेका छन् । नागरिक दैनिकमा प्रकाशित उक्त तस्बिर मैले सो पत्रिकामा नै हेरिसकेको हुँ । त्यसबखत मलाई त्यति अस्वाभाविक लागेको थिएन तर जब सोही तस्बिर शिक्षक मा महत्त्वका साथ प्रकाशित भयो अनि म केही लेख्न बाध्य भएँ । दुईवटा तस्बिरमा प्रयोग गरिएका लट्ठीलाई शिक्षक ले दुई विपरीत सन्देश दिने अर्थमा लिएको पाएँ । शिक्षक को बुझाइमा माथिल्लो तस्बिरमा हेटौंडाका शिक्षकहरू आजपर्यन्त विद्यार्थीमाथि प्रयोग गर्ने गरेका लट्ठी अब आइन्दा प्रयोग नगर्न प्रतिबद्ध छन् र तल्लो तस्बिरमा सुर्खेतका 'माओवादी निकट शिक्षकहरू' लट्ठीलाई आफ्नो जीवनपद्धतिको रूपमा अपनाउन कटिबद्ध छन् ।

तल्लो तस्बिरप्रतिको मेरो बुझाइ शिक्षक को भन्दा केही फरक छ । पहिलो कुरा त 'नागरिक'ले लेखेको क्याप्सन हटाएर हेर्ने हो भने उक्त तस्बिरमा लट्ठी तालिम लिँदै गरेका व्यक्ति शिक्षक नै हुन् भनेर बुझाउने कुनै पनि सङ्केत देखिँदैन । ती व्यक्ति कुनै राजनीतिक पार्टी समर्थक शिक्षक हुन् भन्ने बुझाउने कुनै ब्यानर, साइनबोर्ड, तुल, युनिफर्म, रिवन आदि पनि देखिँदैन । पत्रिकामा तस्बिर छापिनुको सार्थकता त्यसबखत रहन्छ जुनबेला तस्बिरको आशय बुझ्न त्यसको क्याप्सन पढ्नु नपरोस्, तस्बिरले भन्न खोजेको कुरा तस्बिरले आफैं बोलोस्, माथिल्लो तस्बिरमा जस्तै । अझ भनौं, माओवादीको बृहत् जनप्रदर्शन हुने दिन उक्त तस्बिर प्रकाशित गर्ने सो दैनिकले राजनीतिक पार्टीहरूप्रति निरपेक्ष रहेर सामग्री प्रस्तुत गर्छ भन्ने कुरामा शिक्षक ले आफ्ना पाठकहरूलाई विश्वास दिलाउन सक्छ ? के ती शिक्षक माओवादी समर्थक नै रहेछन् भने पनि उनीहरूले माथिल्लो तस्बिरको भन्दा ठीक विपरित आउँदा दिनहरूमा विद्यार्थीहरूमाथि प्रयोग गर्न लट्ठी अभ्यास गरेका हुन् भन्ने शिक्षक को बुझाइ हो ?

फेरि, कसैसँग हातमा लट्ठी हुनेबित्तिकै हामी आत्तिइहाल्नु जरुरी छ र ? के कुनै व्यक्ति आत्मसुरक्षाको लागि कुनै शारीरिक अभ्यास गर्न स्वतन्त्र छैन र ? त्यसैगरी, शिक्षक एउटा सामाजिक प्राणी भएकाले उसले समाजका हरेक क्रियाकलापमा सक्रिय सहभागिता जनाउनुपर्ने हुन्छ । त्यसक्रममा कुनै काम विशेषले कुनै शिक्षकले हातमा लट्ठी बोक्नुपर्ने अवस्था आउँदैन भन्न सकिन्नँ । कुनै पत्रकारले



फोटो खिचेर पत्रिकामा प्रकाशित गरिदेला, शिक्षक ले त्यसैको पछि लागेर हिँड्ने ? यस सम्बन्धमा मेरो धारणा एक वाक्यमा संश्लेषण गरौँ– हातमा लट्ठी हुनु कुनै ठूलो कुरा होइन, हातको लट्ठी कुन कामको लागि र कसका विरुद्धमा प्रयोग गरिन्छ, त्यो महत्त्वपूर्ण कुरा हो ।

### व्यावहारिक आयाम

पूरै जीवन शिक्षण पेशामा समर्पित गरिसकेपछि भविष्यसम्म पनि विद्यार्थीहरूको नजरमा आदर्श शिक्षकको रूपमा स्थान बनाइराख्ने चाहना कुन शिक्षकलाई हुँदैन होला र ? तर, एउटै कक्षामा ४०-५० देखि ८०-९० जनासम्म राखेर एकजना शिक्षकले दैनिक ७-८ पिरियडसम्म पनि

**हातमा लट्ठी हुनु कुनै ठूलो कुरा होइन, हातको लट्ठी कुन कामको लागि र कसका विरुद्धमा प्रयोग गरिन्छ, त्यो महत्त्वपूर्ण कुरा हो ।**

पढाउनुपर्ने बाध्यता धेरै ठाउँमा छ । समयमा कोर्स सिध्याएर धेरैभन्दा धेरै विद्यार्थीलाई उत्तीर्ण गराउनुपर्ने दायित्व पनि शिक्षकमा नै रहन्छ ।

जो कसैलाई पनि अनुशासनमा राख्न र असल आचरण निर्माण गर्न कडा नियम बनाएर लागू गर्नुपर्छ । कुनै विद्यालयमा तोकिएको प्रतिशतभन्दा कम विद्यार्थी उत्तीर्ण भएमा विद्यालयलाई दिइआएको अनुदान कटौती गरिने व्यवस्था शिक्षा नियमावलीमा नै गरिएको छ (नियम १६७) । फलत: अङ्ग्रेजी, गणित र विज्ञान जस्ता विषयका शिक्षकहरू बढी दबाबमा हुन्छन् । यी विषय पढाउने शिक्षकले विद्यार्थीलाई सकेसम्म कडाइ गर्नुपर्छ भन्ने अपेक्षा गरिन्छ । शिक्षकले मनोवैज्ञानिक तरिकाले विद्यार्थीको व्यवहार परिवर्तन गर्न खोज्यो भने त्यसलाई हाम्रो समाजले कमजोरीको रूपमा लिन्छ । अधिकांश अभिभावकहरू भन्ने गर्छन्, "सर, यसले त हामीलाई घरमा पटक्कै पत्याउँदैन, पिटेर पढाउनुहोस् है । यसलाई जति पिटे पनि हामी केही भन्दैनौं ।" सोही समाजमा हुर्के/बढेका हाम्रा विद्यार्थीहरू आफूहरूलाई गाली नगर्ने र शारीरिक दण्ड नदिने शिक्षकलाई निम्छरो शिक्षकको रूपमा लिन्छन् । यस्तो अवस्थामा विद्यार्थीको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन त परै छोडौं आफ्नो जिम्मामा रहेको पाठ्यवस्तु निर्धारित समयमा सिध्याउन मात्र होइन कक्षा क्रियाकलाप गराउनको लागि विद्यार्थीहरूको ध्यान केन्द्रित गर्न समेत कठिनाई उत्पन्न हुन्छ ।

त्यस्तो अवस्थामा सबभन्दा सजिलो र प्रभावकारी उपाय के हुन्छ, त्यो यहाँ उल्लेख गरिराख्नु आवश्यक नपर्ला । एउटा यथार्थलाई शायद हामी सबै स्वीकार्छौं, विद्यार्थीहरू कक्षामा सबभन्दा कडा रूपमा प्रस्तुत हुने शिक्षकको विषयको गृहकार्य गर्न पहिलो प्राथमिकता दिने गर्छन्, फलस्वरुप परीक्षामा अपेक्षित नतिजा प्राप्त गर्छन् । जुन विद्यालयमा कडा नियम र अनुशासनको व्यवस्था छ, सो विद्यालयमा परीक्षाको नतिजा राम्रो आउने गरेको छ । तर कुन विद्यालयले बालअनुकूल वातावरणमा शिक्षा दिन्छ, कुन विद्यालयले विद्यार्थीहरूलाई असल चरित्र निर्माण गर्नमा जोड दिन्छ, कुन विद्यालयले विद्यार्थीहरूलाई जीवनोपयोगी र व्यावहारिक शिक्षा दिन्छ भनेर कहिल्यै लेखाजोखा गरिँदैन ।

हाम्रा अधिकांश संस्थागत विद्यालयहरूमा सामुदायिक विद्यालयमा भन्दा राम्रो नतिजा आउने गरेको कुरालाई लिएर सदैव चर्चा/परिचर्चा हुने गरेको छ । त्यसको पछाडि के कुराले काम गरेको छ भन्नेतर्फ त्यति ध्यान दिइँदैन । तर हामी सबैले आत्मसात् गर्नुपर्ने कुरा के हो भने, कथित अनुशासनको नाममा बाल्यावस्था तथा किशोर अवस्थाका विद्यार्थीहरूलाई उनीहरूको क्षमताले धान्न सक्ने भन्दा बढी मानसिक दबाब पर्ने गरी शिक्षा दिनु शारीरिक दण्डभन्दा कठोर निर्ममता हो ।

विद्यार्थीको व्यवहारमा आउने सकारात्मक परिवर्तन र परीक्षाको नतिजामध्ये कुनलाई हाम्रो समाजले प्राथमिकता दिन्छ साथै हाम्रो शिक्षा परिपाटी कस्तो हुनुपर्छ भन्ने कुरामा शिक्षकका विभिन्न संघ-सङ्गठनहरू र शिक्षासम्बन्धी काम गर्ने अन्य विभिन्न सरकारी निकाय र गैरसरकारी संघ-संस्थाहरूले बहस चलाउनु आवश्यक छ । सस्तो लोकप्रियता आर्जन गर्नको लागि कुनै कार्यक्रमको आयोजना गरी त्यसमा लट्ठी भाँचेर देखाउनु फोटोसेसन गर्नु सिवाय केही ठहर्दैन । 📖

**बालकुमार जमरकट्टेल**

नवयुग मावि मावि, काठमाडौं

## दुवै राम्रा लागेनन्

शिक्षकहरू वास्तवमै शिक्षक (गुरु) भएपछि लाठी चाहिँदैन । तर त्यसो हुनसकेको छैन । अत: यी दुवै तस्विर मलाई राम्रो लागेनन् । किनभने शिक्षकको जात एउटै हो भने तिनले पहिला लाठी भाँच्ने प्रतिबद्धता किन गरे अनि शिक्षक फेरि किन लाठी तालिममा सहभागी भए त ? 📖

**विनोदकुमार पाल**

उच्च मावि वरकुर्वा, रघुनाथपुर, धनुषा

## जताबाट पनि लट्ठीमुनि !

प्रस्तुत दुवै चित्रमध्ये पहिलोमा शिक्षकहरूले आफ्ना सिर्जनशील र सचेत हातले लट्ठी भाँचेर विद्यार्थीको भयरहित वातावरणको सिकाइबाट निर्माण हुने सुनिश्चित भविष्य देखेका छन् भने दोस्रो चित्रमा शिक्षकहरू लट्ठीको सहायताले सुरक्षित भविष्यको सपना देखिरहेका छन् । यद्यपि ती दुवै चित्र हेर्दा हामी शिक्षकहरू आजसम्म पनि लट्ठीमुनि रहेछौं भन्ने प्रस्ट हुन्छ ।

ठूलो सभासद् मण्डल, ठूलो मन्त्रिमण्डल, सबैभन्दा धेरै आमहडताल, धेरै नेपाल बन्द, धेरै सार्वजनिक बिदा आदिले गर्दा 'ठूलो' भन्ने विशेषण पाएको नेपालमा विद्यार्थी र तीमार्फत समुन्नत र सुन्दर समाजको परिकल्पना गरेका शिक्षकहरूको मस्तिष्कमा पनि यति 'ठूलो' मतभेद देख्दा महाकविले झैं मलाई पनि प्रश्न गर्न लाग्छ- साँच्चै के नेपाल सानो छ त ? 📖

**लक्ष्मण घिमिरे**

बुद्ध निमावि, अर्खले, गुल्मी

लट्ठी होइन चक डस्टर समाउनुहोस् गुरु,
त्रास होइन दिई माया रमाउनुहोस् गुरु !
शिक्षा असल दिएर आफ्ना ती चेलालाई,
हजूरले अपार कमाउनुहोस् गुरु !! 📖

**कर्णबहादुर बोहरा**

गंगामाला निमावि, पिपिरा, सुर्खेत

# गतिला गुरु र तागतिला गुरु !

मकवानपुरे गुरुहरूले लाठी भाँचे। भो अब पिट्दिनँ भने। नाइँ अब थर्काउँदिनँ भने। माया गर्ने, फकाई-फकाई सिकाउने, फुर्काई-फुर्काई ज्ञान घुसाउने उपाय अपनाए। अरू उपाय खोज्ने विचार गरे, दण्डलाई विधिभित्र नपार्ने निर्णय गरे। लाठी त बिम्व मात्र हो। विद्यालयमा हिंसाको प्रयोग नगर्ने, दण्डित नगर्ने, नकारात्मक विधिलाई निषेध गर्ने निर्णय हुनु भनेको सकारात्मक विधिलाई प्रोत्साहन गर्नु हो।

मकवानपुर त उदाहरण मात्र हो। हिंसाविरुद्धको आवाज सबैतिर फैलिएको छ। दण्डलाई निषेध गर्नुपर्ने चाहना सबैको छ। दण्डका कारण ज्यादती भयो। व्यक्ति क्रूर बन्यो। बच्चाले दण्डको प्रयोग अत्यास लाग्ने गरी सिक्यो। 'अथोरेटोरियन' हुनुपर्ने रहेछ भनेर जान्यो। धेरै डरले नै पढ्न छोडेर भागे।

गुरु कस्तो हुन्छ? कमलको फूल जस्तो शान्त, सौम्य। सरस्वती जस्तै करुण। षडानन्द जस्तै मित्रवत्। दयानन्द सरस्वती जस्तो सज्जन। वीणाको आवाज जस्तो मधुर। विद्यार्थीले पत्याउने। माया गर्ने। बच्चालाई नजिक नजिक आउँ जस्तो लाग्ने। सिकौं सिकौं जस्तो लाग्ने। सुनौं सुनौं लाग्ने। पछ्याउँ पछ्याउँ लाग्ने। गुरुको शास्त्रीय परिभाषाले यसै भन्छ।

आधुनिककालका गुरुहरू फुर्तिला हुन थाले र चड्काइदिनथाले। राम्रै सोचेर होला, सिकुन् भनेर होला। तर तर्साएर र थर्काएर सिकाउन सजिलो भएन। झन् बेस्सरी पिटाइ खान थाल्यो बच्चोले।

किन पिट्यो गुरुले? बच्चोले पढेन, टेरेन, लेखेन, घोकेन। हुँदाहुँदा रिस समेत उठायो। गुरुसँग तागत छ। चिचिलोलाई पड्काइदियो। उसरी ऊ नामी सर र खरो गुरु भयो।

जुग बदलियो। तागतिलो गुरु कि विनम्र गुरु? दण्ड दिने गुरु कि माफी दिने? थर्काउने गुरु कि फकाउने? झुक्ने गुरु कि झुकाउने? बहस चल्दैछ। मथेपछि नौनी निस्कन्छ। बहसले उपाय सुझायो। भाँचियो लाठी।



**कविलाले लड्ने लडाइँ शिक्षकले लड्ने ? ज्ञानप्रतिको विश्वास भएरै हो ? वा विश्वास उडेर हो ? गान्धीले पनि सङ्घर्ष त गरे त ! बुद्धको पनि लडाइँ नै थियो। किन हिटलर प्यारो ? लाठी बोकेको मास्टर त हिट्लर नै हो नि बच्चाको लागि।**

मकवानपुर मात्र छैन मानचित्रमा। सुर्खेतले अर्कै कुरा गरेछ। ठाउँको गुण पनि हैन। दोष पनि छैन। कुरा प्रवृत्तिको हो। आत्मरक्षाका लागि भनेर लाठो बोकेछ। सङ्घर्षका लागि लाठी चलाउने तालिम पनि लिएछ। हात उही, मान्छे उही, पढाउने, ज्ञानी बनाउने। कलमसँगै लाठी। डस्टरसँगै मुङ्ग्रो।

समाजमा द्वन्द्व छ। द्वन्द्व पढाउनुपर्छ रे! ज्ञानीका नाममा पिछलग्गु बनाउने हैन रे! सङ्घर्ष सिकाउने रे! राजनिति सिकाउने रे! शिक्षकका पेशागत सङ्घर्षलाई बलियो बनाउने। मलाई त मन परेन। राजनीति भयो। कामकुरो बिर्सिइयो। पेशाको आफ्नो धर्म हुन्छ। चटक्कै माया मार्‍यो। डाक्टरलाई चित्त नबुझोस्, कैंचीको ठाउँमा तरबार बोकोस्। हुन्छ? गुरुहरू पनि धर्मछाडा भए। पेशागत धर्मबाट टाढा।

कलमप्रति विश्वास नभएको गुरुले के सिकाउला? जिम्मेवारी बोझिलो भएको हुनुपर्छ यी मित्रलाई। गलत जिम्मेवारी आइलागेको जस्तो। युद्धका मोर्चामा सरदार बनाउनुपर्ने। युद्धका गुरु। क्रान्तिले वीरहरू मागिरहेको छ। पढाउनुपर्ने। हाम्रा विद्यालयमा बुद्ध चाहिएको छ। कर्ण दासले भने जस्तो। अर्को एउटा बुद्ध। हाम्रा कक्षाकोठामा। सद्भाव सिकाउने। द्वन्द्व न्यूनीकरण गर्ने। भिन्न अवस्थामा समानता खोज्ने। मित्रता सिकाउन सक्ने। हार्दिकता सिकाउन सक्ने। जङ्गबहादुर पनि चाहिएको होला। राजनीति गर्नेले जानुन्। विवाद गरुन्। गान्धी हो कि जबरा। कक्षामा बुद्ध नै चाहिएको हो।

शिक्षकले सङ्घर्ष नगर्ने भनेकै हैन। समाज अगाडि बढ्न सङ्घर्ष त चाहियो। तर मुङ्ग्रे हैन। विद्वान्ले बौद्धिक लडाइँ लड्नुपर्‍यो। कविलाले लड्ने लडाइँ शिक्षकले लड्ने? ज्ञानप्रतिको विश्वास भएरै हो? वा विश्वास उडेर हो? गान्धीले पनि सङ्घर्ष त गरे त! बुद्धको पनि लडाइँ नै थियो। किन हिटलर प्यारो? लाठी बोकेको मास्टर त हिटलर नै हो नि बच्चोको लागि।

आउनुस्, फालौं लाठी!

**मधु लोहनी**
सुदेशा हाइस्कूल, नख्खु, ललितपुर

# त्रास उखेल्दै, त्रास रोप्दै !

अभिभावक फकाएर छोराछोरीलाई स्कूल पठाउँछन् । हामी शिक्षक ठटाएर घर फर्काइदिन्छौं । यसरी अभिभावक र शिक्षकरुपी जाँताका दुई पाटाका बीचमा परेको विद्यार्थी घरबाट त निस्कन्छ 'स्कूल जान्छु' भनेर तर जब उसलाई सम्झना आउँछ लौरोछाप मास्टरको अनि उसका पाइला अनायासै कक्षाकोठाबाट बाहिरिन्छन् र समाजले पाउँछ एक शिक्षित नागरिकको साटो एउटा समस्याग्रस्त व्यक्ति ।

तस्बिरै त हो । एउटाले त्रास उखेलेको विज्ञापन गर्छ, अर्कोले त्रास रोप्दै गरेको विज्ञापन गर्छ । ऊ भन्छ, म एक त्रास हुँ । म त्रासमै जन्मेँ, त्रासमै हुर्के । त्रास रोप्छु, उमार्छु, त्रास फलाउँछु र त्रास स्याहार्छु । त्रासैत्रासको पिरामिडमा मेरो सिंहसान छ । म प्रतिमूर्ति हुँ त्रासको । जुन दिन म त्रासको खेती गर्दिनँ त्यसैदिन म भोकै मर्छु, मेरो अस्तित्व समाप्त हुन्छ । म एक त्रास हुँ चाहे कक्षाकोठामा लगिने दुई हातको लट्ठीको रूपमा होस् । चाहे प्रशिक्षण केन्द्रमा समातिने चारेहाते लाठीमा होस् ।

**कक्षाकोठामा भयको साम्राज्य छ र सम्राट छ लट्ठी । जहाँ भए पनि, जत्रो भए पनि यो भयको प्रतीक हो; चाहे यसलाई अनुशासक भनौं चाहे जनअदालतको न्यायोपासक ।**

कक्षाकोठामा भयको साम्राज्य छ र सम्राट छ लट्ठी । समाजमा भयको साम्राज्य छ र सम्राट छ लाठी । म यी लट्ठी र लाठीमा तात्त्विक भिन्नता देख्दिनँ- शब्दमा र आकारमा बाहेक । जहाँ भए पनि, जत्रो भए पनि यो भयको प्रतीक हो; चाहे यसलाई कक्षाकोठामा अनुशासक भनौं चाहे जनअदालतको न्यायोपासक ।

मेरो बुद्धि मलाई भन्छ– तँ मुक्त हो- तस्बिर छपाउने र समाचार लेखाउने महत्त्वाकाङ्क्षी प्रचारवाद र लाठीको भरमा न्याय हाँक्न सकिन्छ भन्ने अतिवादबाट । लौरा भाँच्छस्, भाँच् । तर ती लौरो भाँच् जुन विद्यार्थीको मन-मस्तिष्कमा एक आतङ्का रूपमा ठडिएका छन् । ती लौरालाई दाउरा ठानेर अँगेनामा पोल् तर तस्बिर नखिचा । ताली बजाउन नलगा, समाचार भनाउन र छपाउन नलगा । त्यो तेरो दायित्व हैन । तँलाई किन चाहियो यान्त्रिक क्यामेरा? आफ्नो मनलाई क्यामेरा बना । भई गयो नि ! किन सुनाउनुपऱ्यो अरूलाई ? आफ्नै मनलाई सुना; पुगिहाल्यो नि ! सधैं 'ए केटा' र 'ए केटी' ले सम्बोधित विद्यार्थीलाई केवल एकपटक 'ए बाबु', 'ए नानी' भनेर त हेर; त्यस्ता एक हैन, दस हैन हजारौं लौराहरू एकसाथ भाँचिनेछन् अनायासै । न त्यहाँ क्यामेराम्यान हुनेछ र न संवाददाता रहनेछ । त्यहाँ रहनेछन् तेरा प्यारा विद्यार्थी र विद्यार्थीहरूको प्यारो तँ । अन्यथा लौरो भाँचेको र लाठी भाँजेको (नचाएको) तस्बिर देखाएर कसैले मलाई सोध्यो भने उत्तर हुनेछ, 'उस्तै-उस्तै हो !'

**रमेशहरि शर्मा ढकाल**
जनज्योति उमावि, चन्द्रनिगाहपुर, रौतहट

# बलभन्दा बुद्धि ठूलो भनेको हैन र !

शिक्षक प्रशिक्षण भनेको विद्यार्थीलाई बुझ्ने र त्यो बुझाइका आधारमा प्रभावकारी, स्थायी र जीवन्त सिकाइ हो । तर लाठी तालिमले आफ्ना कुरा मनाउनका लागि दण्ड, भय आदिको प्रयोग गर्न सिकाउँछ । मानिस सर्वश्रेष्ठ प्राणी हो भने उसले कुनै पनि कुरा हासिल गर्न उपाय पनि सर्वश्रेष्ठ अपनाउनुपर्छ । उसले कुनै पनि कार्य बल होइन बुद्धि र विवेकका भरमा गर्ने प्रयत्न गर्नुपर्छ ।

शिक्षण कार्यमा शारीरिक र मानसिक सजायमा कमी ल्याउन सबभन्दा पहिले शिक्षकको सोचाइमै परिवर्तन ल्याउनु जरुरी छ । कुनै पनि शिक्षक बालमनोविज्ञान एवम् दण्डरहित बालअनुकूल सिकाइबारे प्रशिक्षण लिएको हुनुपर्छ, विद्यार्थीलाई तर्साएर र थर्काएर होइन माया गरेर र बुझाएर पढाएको कुरा दिगो एवम् प्रभावकारी हुन्छ ।

यी दुईवटा तस्बिरको आशय ठीक विपरित छ । पहिलो तस्बिरमा शिक्षकहरूले प्रतिबद्धता कार्यक्रममा लौरो भाँच्दै भयमुक्त सिकाइ अभियान चलाएका छन् । दोस्रो तस्बिरमा, लाठी (बल) नै कुनै पनि कार्य सम्पन्न गर्ने भरपर्दो माध्यम हो भनी लाठी तालिममा संलग्न भइरहेका छन् ।

**कुनै पनि शिक्षक बालमनोविज्ञान एवम् दण्डरहित बालअनुकूल सिकाइबारे प्रशिक्षण लिएको हुनुपर्छ, विद्यार्थीलाई तर्साएर र थर्काएर होइन माया गरेर र बुझाएर पढाएको कुरा दिगो एवम् प्रभावकारी हुन्छ ।**

लाठी तालिमले केही शिक्षकलाई अरू शिक्षकहरूभन्दा बेग्लै बनाउन खोजेको जस्तो देखिन्छ । स्कूलमा पढाउनुको साटो उनीहरूलाई कुनै सङ्गठनको काममा परिचालन गर्न खोजेको बुझिन्छ । लाठी तालिमको तस्बिरले जनतालाई लाठीको र बलको भर पर्न र नेपालमा कुनै पनि कार्य लाठीविना गर्न सकिँदैन भन्ने कुरा स्थापना गर्न खोजेको देखिन्छ ।

पार्टीगत राजनीतिको हस्तक्षेपका कारण हाम्रा विद्यालयहरू तहसनहस भएका छन् । केही शिक्षक लाठी भाँच्ने कार्यक्रममा सहभागी हुने गरेका छन् भने कोही चाहिँ लाठी तालिम कार्यक्रममा । शिक्षकहरूलाई दलीय राजनीतिले पिरोलेका कारण यस्तो भएको हो । शिक्षकहरूलाई दलीय राजनीतिबाट मुक्त गर्न एउटै पेशागत संस्था निर्माण गर्नु आवश्यक देखिन्छ ।

**सन्तोषीकुमारी चौधरी**
महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौं

# 'चियामा कति दाँत हालौं ?'

जुनसुकै कुराको पनि ठाउँ मनमा हुन्छ । फाले पनि राखे पनि, साँचे पनि भाँचे पनि लाठी हाम्रो मनमा कति बलियो गरी बसेको छ भन्ने नै मुख्य कुरा हो ।

ठूलो ब्यानरमा 'लट्ठी भाँच्ने प्रतिबद्धता' लेखिएको कार्यक्रममा शिक्षकहरूले हातमा भएको लौरो त सजिलै भाँचेर कार्यक्रमलाई रोचक पनि बनाए होलान् तर भयमुक्त शिक्षण-सिकाइलाई सार्थक बनाउन हातमा भएको लौरो मात्र भाँचेर पुग्दैन मनभित्रको लौरोलाई पनि भाँच्न सक्नुपर्छ । किनभने भय मनभित्र हुन्छ । रक्सीबाट छुटकारा पाउन रक्सीको बोतल नै फुटाउनुपर्छ भने जस्तो लाग्दैन । हामी लौरो भाँचेर फालौंला र कक्षाकोठामा रित्तै जाउँला तर मनभित्र रहेको भयप्रतिको विश्वास हटेको छैन भने हामी हातले भय देखाउन सक्छौं, आँखाले भय देखाउन सक्छौं, त्यस्तै डस्टर इत्यादिले भय देखाउन सक्छौं । विद्यार्थीको लागि स्वयं शिक्षक नै भय हो तसर्थ आफूलाई भयङ्करताबाट मुक्त बनाएर विद्यार्थीहरूको साम् उपस्थित हुनुपर्छ । एउटा सानो बालक रेडियो, टिभी इत्यादिबाट कुनै गीत सुन्यो भने एक-दुई दिनमा ऊ आफैं गाउन थाल्छ किनकि त्यहाँ सिक्ने प्रक्रिया स्वतन्त्र हुन्छ, रमाइलोपन हुन्छ जसले गर्दा तुरुन्तै सिक्न सफल हुन्छ । तर, किताबको होमवर्क गर्दा हामीले 'टाइम' तोकेका हुन्छौं, सजाय तोकेका हुन्छौं जसले गर्दा ऊभित्र भयको सिर्जना हुन्छ र असफल हुन्छ ।

लौरो भाँच्नु त भयमुक्त शिक्षण-सिकाइको लागि हो तर लाठी तालिम केको राजनीतिको फूटबल मैदान बनाइएको छ । र, आज त्यही राजनीतिकरणको कारणले विद्यालय व्यवस्थापन समितिको चुनावमा लाखौं रुपैयाँ खर्च गरिन्छ भने कतै-कतै विवाद भई मान्छेको मृत्यु समेत हुने गर्दछन् । प्रत्येक राजनीतिक पार्टीहरूले आफ्नो दलीय स्वार्थको लागि शिक्षकहरूलाई लाठी तालिम दिएर अनि विभिन्न सङ्गठनमा विभाजन गरेर शिक्षण जस्तो मर्यादित

**शिक्षकहरूले हातमा भएको लौरो त सजिलै भाँचेर कार्यक्रमलाई रोचक पनि बनाए होलान् तर भयमुक्त शिक्षण-सिकाइलाई सार्थक बनाउन हातमा भएको लौरो मात्र भाँचेर पुग्दैन मनभित्रको लौरोलाई पनि भाँच्न सक्नुपर्छ ।**

लागि ? यदि लाठी तालिम आत्मरक्षाको लागि हो भने अहिलेसम्म यसको आवश्यकता किन महसुस भएन ? अर्को कुरा; माओवादीनिकटका शिक्षक बाहेक अरू पार्टी-निकट शिक्षकहरूलाई किन यसको आवश्यकता परेन ? यो राजनीति मात्र हो र शिक्षा क्षेत्रमा राजनीति 'भाइरस'का रूपमा प्रवेश गरिसकेको छ । यसले सम्पूर्ण शिक्षाजगतलाई प्रभाव पारिरहेको छ ।

सबै शिक्षकहरूको अलग्गै एउटा साझा सङ्गठन हुनुपर्नेमा राजनीतिक पार्टीका विभिन्न भ्रातृ सङ्गठनमा विभाजित भएर शिक्षण जस्तो मर्यादित संस्थालाई पेशालाई राजनीतिकरण गर्न लागेका छन् । शायद यसै कारण शिक्षकलाई लाठी तालिम चाहिएको हो ।

जुनसुकै कुराको पनि ठाउँ मनमा हुन्छ । फाले पनि राखे पनि, साँचे पनि भाँचे पनि लाठी हाम्रो मनमा कति बलियो गरी बसेको छ भन्ने नै मुख्य कुरा हो । यसबारेमा एउटा कथा याद आयो ।

एकजना शिक्षकका घरमा एकदिन पाहुना आउने रहेछन् । ती पाहुनाका दाँत अलि लामा र बाहिरसम्म निस्केका थिए, जसले गर्दा पाहुनाको अनुहार राम्रो देखिँदैनथ्यो । त्यसैले कसैले उनको दाँतका बारेमा कुरा गऱ्यो भने उनी साह्रै रिसाउँथे । आफ्नो छोराले पाहुनाका दाँतका बारेमा सोध्यो भने अनर्थ हुन्छ भनेर शिक्षकलाई डर लाग्न थाल्यो । त्यसैले दुई-तीन दिन अघिदेखि नै 'फलानो दिन मेरो साथी हाम्रो घर आउँछ, तिमीले अरू कुरा गर्ने तर उसको दाँतको बारेमा केही पनि नबोल्ने' भनेर शिक्षकले छोरालाई सिकाउन थाले । भनेकै दिन पाहुना आए । आदर-सत्कारसहित बसाए । अनि शिक्षकले चिया बनाउन टेबुलमा भएको गिलासमा चिया राख्दै आफ्नो साथीलाई सोधे, "साथी, चियामा कति दाँत हालौं !" यस्तो सुनेपछि चुपचाप बसिरहेको छोरो हाँस्न थाल्यो । अनि शिक्षक रुल्याँस्स भए, लौ न नि मैले के भनें ! 'चियामा कति चिनी हालौं भन्नुपर्नेमा कति दाँत हालौं' भन्न पुगेछु ! भन्नुको तात्पर्य; हामीले आफ्नो मनभित्र रहेको कुरालाई बाहिर फ्याँक्न सकेनौं भने जतिसुकै लौरो भाँचेर कार्यक्रम गरे पनि प्रभावकारी हुँदैन ।

**रवीन्द्रकुमार दास**
मावि जिनाखु-३, सिन्धुली

## झाडापखाला रोकथामका उपायहरूबारे जानकारी

बर्खायाममा प्रायः सबै पानीका स्रोतहरू प्रदूषित हुने र सो दूषित पानी पिउनाले झाडापखाला रोग लाग्न सक्दछ । झाडापखाला हुँदा शरीरमा भएको पानी, नुन, ग्लुकोज र तागतिलो पदार्थ खेर जान्छ । यस्ता पदार्थहरू खेर गएपछि शरीर सुक्खा हुन गई जलवियोजन भएर मानिस मर्न पनि सक्दछ । तसर्थ झाडापखाला रोकथामका निम्न उपायहरू अपनाउनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।

**झाडापखाला रोकथामका उपायहरू**

- खानेपानी भकभकी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।
- खाना खानुअघि, बच्चालाई खाना खुवाउनुअघि, खाना पकाउनु अगाडि, दिशा धोएपछि र फोहोर वस्तु चलाएपछि साबुन पानीले राम्ररी हात धुने गरौं ।
- फोहोर, बासी, सडेगलेको, झिङ्गा भन्केको र खुला रूपमा राखिएका खानेकुराहरू नखाऔं ।
- घरमा पानी राख्ने भाँडा सफा राखौं र पिउने पानीलाई सधैं छोपेर राखौं ।
- सबैले चर्पीमा मात्र दिसापिसाब गरौं र बच्चाको दिसापिसाब पनि चर्पीमा नै लगेर फाल्ने गरौं ।
- काँचै खाइने खानेकुरा र फलफूलहरू जस्तै मूला, गाँजर, काँक्रो र सागपातहरूलाई सफा पानीले राम्ररी पखालेर मात्र खाने गरौं ।
- खानेपानीका स्रोत वा मुहानलाई सफा गरी आवश्यक मात्रामा क्लोरिनको झोल हाली शुद्धीकरण गरौं ।
- घोङ्गी, गँगटा, माछा, मासु जस्ता खानेकुराहरू राम्ररी पकाएर मात्र खाने गरौं । मरेका र बिरामी पशुपक्षीको मासु र सडेको माछा नखाऔं ।

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय**
**राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र, टेकु, काठमाडौं**

# EMBASSY OF INDIA
# KATHMANDU

Congratulations to the students who have been selected under various scholarship Schemes and in MBBS (self financing) scheme. Students whose name have been selected in more than one course are directed to inform Mission personally or send a signed letter at Fax No. 4414149 on choosing one stream and surrendering the other option.


Students selected under MBBS self financing scheme are directed to contact Mission personally to know the fees structure in Medical studies in India for their decision to pursue their studies.

Information with regard to institution under scholarship scheme is available at the notice board of Education Wing.

आवरण

सुदर्शन घिमिरे/प्रमोद आयाम

# अभिभावक जागे



प्रमोद आयाम

धादिङको जीवनपुरस्थित भुवनेश्वरी माविका विद्यार्थीहरू ।

# सप्रिन्छ स्कूल



- ६ वर्षअघिसम्म अस्तव्यस्त जस्तै रहेको हिमाली प्रावि (अहिले निमावि), घैलाडुब्बा, झापा जिल्लाकै नमुना सार्वजनिक विद्यालय बन्न सफल भएको छ। वरिपरिका निजी स्कूल छाडेर अभिभावकहरू आफ्ना केटाकेटीहरू यसमै पठाउन थालेका छन्। तीन वर्षदेखि जिल्ला शिक्षा कार्यालयले यसलाई उत्कृष्ट स्कूलको रूपमा पुरस्कृत गर्दै आएको छ।
- प्रजातन्त्रको स्थापनासँगै २००८ सालमा खुलेको पाल्पा जिल्लाको चिसापानीस्थित चन्द्र माध्यमिक विद्यालयको नाम लिँदा पाँच वर्षअघिसम्म मानिसहरू नाक खुम्च्याउँथे। तर हाल सो विद्यालयले काँचुली नै फेरेको छ।
- यसपटक दोस्रो पटक एसएलसीमा सहभागी भएको धादिङ, जीवनपुरको भुवनेश्वरी माध्यमिक विद्यालयको प्रगति सबैलाई लोभ्याउने खालको छ। विद्यालयको भव्य भवन, कम्प्युटर ल्याव जस्ता भौतिक पूर्वाधार र पढाइको गुणात्मक स्तरका कारण धेरैको ध्यान खिच्न सफल भएको छ।
- सडकछेउमा गिटी कुट्ने श्रमिक अभिभावकहरूको बाहुल्य भएको धादिङ महादेवबेसीमा करिब एक दशकअघि बालविकास केन्द्रबाट शुरु भएको नवस्थापित जनजागृति मावि समुदायको मेहनत र लगानीको एउटा सफल नमुना बनेको छ। खोलाको किनारमा छाप्रोबाट शुरु भएको सो स्कूलसँग अहिले दुईतले पक्की भवन मात्र छैन, त्यसले उम्दा पढाइ हुने स्कूलको पहिचान पनि बनाइसकेको छ।

यी विद्यालयहरूको सफलताको पछाडि भेटिने एउटै कारण हो- राम्रो व्यवस्थापन। जनजागृति माविका व्यवस्थापन अध्यक्ष पूर्णबहादुर कार्कीका अनुसार, उनको स्कूलमा नयाँ शैक्षिक सत्रको शुरु र अन्त्यमा अभिभावकको भेला हुने गरेको छ। भेलाले स्कूल सुधारका योजना बनाउने, आयव्यय सार्वजनिक गर्ने, विगतका कामहरूको समीक्षा गर्ने र भविष्यमा गरिने कामहरूको सूची बनाएर त्यसको सफल कार्यान्वयन कसरी गर्ने भन्ने कुरामा ध्यान दिने गरेको छ। उक्त स्कूलमा हरेक महिना कक्षागत अभिभावकहरूको भेला गरिन्छ। उनका अनुसार, त्यो भेला चाहिँ बच्चाको प्रगतिबारे अभिभावक र शिक्षकबीचमा छलफल तथा अन्तरक्रियाहरू गर्नका लागि आयोजना गरिन्छ। अभिभावक र शिक्षकबीचको निरन्तर छलफल तथा संवादले केटाकेटीको पढाइमा धेरै नै सकारात्मक प्रभाव परेको कार्की बताउँछन्।



# हामी इमान्दार भए स्कूल राम्रो हुँदो रहेछ

**पूर्णबहादुर कार्की (५२)**
अध्यक्ष, विद्यालय व्यवस्थापन समिति;
जनजागृति मावि, महादेवबेसी, धादिङ

**तपाईंका कुनै सन्तान यो स्कूलमा पढिरहेका छन् ?**

कान्छी छोरीले यसपालि यही स्कूलबाट एसएलसी दिई। भाइका छोराछोरीहरू पनि यही स्कूलमा पढ्छन्।

**विद्यालयको व्यवस्थापन राम्रो गर्न के गर्नु पर्दोरहेछ ?**

सबैभन्दा पहिला व्यवस्थापन समितिको छनोट नै सही हुनुपर्दोरहेछ। स्कूलको उन्नतिका लागि प्रतिबद्ध र केही गरौं भन्ने भावना भएका मानिस नै व्यवस्थापन समितिको पदाधिकारी हुनुपर्दछ। समितिको टिम राम्रो बन्न सक्यो भने बेस हुँदोरहेछ। व्यवस्थापन समिति भन्दा पनि धेरै महत्त्वपूर्ण भूमिका चाहिँ प्रधानाध्यापकको हुँदोरहेछ। मेरो स्कूलको प्रअ स्कूल राम्रो बनाउन प्रतिबद्ध नभएको भए व्यवस्थापन समितिले जति नै गरे पनि के अर्थ हुन्थ्यो र! स्कूलको भवन राम्रो बन्ला तर पढाइ राम्रो गराउने काम त मैले गर्न सक्दिनँ नि! त्यो काम त प्रअकै हो। त्यसैले प्रअ स्कूल सुधार्न प्रतिबद्ध र शिक्षकहरूको टिमलाई नेतृत्व दिन सक्षम हुनु जरुरी रहेछ। त्यस्तै समुदायलाई परिचालन नगरिकन विद्यालयमा सुधार ल्याउन सकिंदैन।

**अभिभावकलाई चाहिँ कसरी परिचालन गर्ने ?**

त्यसको लागि उनीहरूको विश्वास जित्नुपर्दोरहेछ। प्रअ, शिक्षक र व्यवस्थापन समिति मिलेर स्कूललाई राम्रो बनाउन सक्दो प्रयास गरिरहेका छन् भन्ने सन्देश अभिभावकहरूलाई दिँदै जान सकियो भने उनीहरूको विश्वास जित्न सकिँदोरहेछ। जब अभिभावकको विश्वास जित्न सकिन्छ, त्यसपछि उनीहरूलाई स्कूलको हितमा परिचालन पनि गर्न सकिँदोरहेछ। किनकि उनीहरू केटाकेटीको हित चाहन्छन्।

**वर्षमा कति पटक अभिभावक भेला बोलाउनुहुन्छ ?**

सामान्यतया एक शैक्षिक सत्रमा दुई पटक अभिभावक भेला बोलाइन्छ। शैक्षिक सत्रको शुरुमा नयाँ भर्नाका बेलामा र अन्त्यमा नतिजा सार्वजनिक गर्ने बेलामा भेलाहरू हुन्छन्। वर्षभरिको आयव्ययबारे जानकारी दिन र भावी योजनाबारे पनि छलफल हुन्छ। त्यसबाहेक हरेक महिनाको एक पटक कक्षागत रूपमा अभिभावकको भेला हुन्छ। त्यो भेला चाहिँ बच्चाको प्रगतिबारे अभिभावक र शिक्षकबीचमा छलफल तथा अन्तरक्रियाहरू गर्नका लागि हो।

**अभिभावक भेला उपयोगी छन् ?**

एकदमै। स्कूलको भावी योजना बनाउने कुरामा अभिभावकको सहभागिताले भविष्यमा उनीहरूको सक्रिय सहभागिता र प्रतिबद्धता सुनिश्चित गर्दोरहेछ। आफू सहभागी भएर गरेको निर्णयमा सबैले अपनत्वको महसुस गर्छन्। र कार्यान्वयनमा पनि चासो र सक्रियता देखाउँदा रहेछन्। त्यस्तै कक्षागत भेला पनि एकदमै उपयोगी सिद्ध भएको छ। किनकि केटाकेटीको अवस्था जानकारी दिएर शिक्षकहरूले अरु प्रगति गर्न घरमा अभिभावकको भूमिका बारे सम्झाइबुझाइ गर्ने गर्छन्। त्यसले अभिभावकहरूलाई मेरो केटाकेटीले केही त सिकिरहेको रहेछ, मैले यसो गरिदिए अरु बढी सिक्दोरहेछ भनेर थाहा पाउँछन्। यसले गर्दा उनीहरू अरु केटाकेटीको पढाइमा ध्यान दिँदा रहेछन्। तर हाम्रा थुप्रै अभिभावक दिनभर गिटी कुटेर ज्यान पाल्ने मजदुर, जो आफैं निरक्षर छन्; उनीहरूबाट हामीले खोजे जस्तो सहभागिता पाउन सकेका छैनौं, जुन अस्वाभाविक पनि होइन होला।

**काम गर्दा आउने द्वन्द्वहरूको व्यवस्थापन**

यस सन्दर्भमा *शिक्षक* प्रतिनिधिहरू पुगेका सबै स्कूलहरूको एउटै भनाइ छ, स्कूल सुधार गर्ने हो भने अभिभावक र विद्यालयबीच निरन्तर र सार्थक संवाद भइरहनुपर्छ। पाल्पाको चन्द्र माविकी अभिभावक मुना ढकाल आफ्ना केटाकेटीले पढ्ने स्कूल नाम चलेका निजी स्कूलभन्दा भिन्न नभएको ठान्छिन्। यो सब विद्यालयको व्यवस्थापन समिति र प्रअ तथा शिक्षकहरूको 'टिमवर्क'का कारण भएको हो भन्ने उनको बुझाइ छ। सो विद्यालयको व्यवस्थापन समितिका सदस्य दुर्गाप्रसाद बस्याल थप्छन्, "हामीबीचको एकता, सहमति र सहकार्यबाटै विद्यालयको सुधार भएको हो। शिक्षकहरू पनि १०-४ बजे मात्र नभनी जतिबेला पनि विद्यालय र केटाकेटीको पढाइका लागि खट्ने गरेकाले यो प्रगति सम्भव भएको हो।"

हुन पनि, नेतृत्व गर्ने मानिस उदाहरणीय बन्न सक्यो भने ऊ आफ्ना सहकर्मी र सिङ्गो समाजका निम्ति प्रेरणाको स्रोत बन्न पुग्छ। स्कूलका हकमा पनि यो कुरा लागू हुन्छ। जनजागृति मावि, महादेवबेसीका व्यवस्थापन अध्यक्ष पूर्णबहादुर कार्की (५३) पेशाले व्यवसायी हुन्। तर उनी दुई-तीन दिनमा कम्तीमा एक पटक स्कूल पुग्छन्। १५ वैशाखमा *शिक्षक* प्रतिनिधिहरू विद्यालयमा जाँदा भुवनेश्वरी मावि, जीवनपुरका व्यवस्थापन अध्यक्ष वासुदेव बाँस्कोटा (३०) स्कूलको वरिपरि नै भेटिएका थिए। उनी भन्दैथिए, "दिनदिनै जस्तो स्कूल आइरहन्छु।"

अभिभावकहरूलाई विश्वासमा लिइयो र स्कूलको निर्णय प्रक्रियामा सहभागी गराइयो भने स्कूललाई चाहिने साधनस्रोत जुटाउन अभिभावकहरू आफैं अग्रसर

**चाहिँ कसरी गर्नुहुन्छ ?**

काम गर्दा झमेलाहरू त आउँछन् नै । तर धैर्य, समझदारीबाट यसको हल हुन सक्छ । द्वन्द्वको कारकतत्वको पहिचान छलफलबाट र निवारण पनि छलफलबाटै हुन्छ । यदि व्यवस्थापन समिति र प्रअको स्कूलको हित बाहेक अर्को कुनै स्वार्थ छैन भने यस्ता समस्याहरू धेरै समय टिक्दैनन् । समाधान पनि स्कूलकै पक्षमा हुन्छ । यदि प्रअ र व्यवस्थापन समितिको अध्यक्षमध्ये एक वा दुवैको नियत सफा भएन भने त समस्या बल्झिरहन्छन् । द्वन्द्व जति सक्दो छिटो व्यवस्थापन गर्नुपर्छ । नत्र त्यसले स्कूलको समग्र वातावरणलाई बिगार्दै लैजान्छ ।

**कत्तिको समय दिनुपर्छ ?**

स्कूलमै गएर त धेरै समय बस्नुपर्दैन तर दिमाग चाहिँ चौबीसै घण्टा *इनगेज* हुन्छ । कतिबेला के हुन्छ के गर्नुपर्छ थाहा हुँदैन । तैपनि दुई-तीन दिन बिराएर एकपटक स्कूल पुग्छु ।

**शिक्षकहरूलाई उत्प्रेरित गर्नुपर्ने खाँचो कत्तिको देख्नुहुन्छ ?**

यो एकदम जरुरी रहेछ । शिक्षकले राम्रोसित काम गरेन भने स्कूलको पठनपाठनै बिग्रन्छ । प्रअ र व्यवस्थापन समितिका पदाधिकारीले स्कूलका लागि मरिमेटेर काम गरेका छन्, व्यक्तिगत फाइदा पाउन केही गलत काम गर्दैनन् भन्ने सन्देश शिक्षकलाई दिन सकियो भने यसले धेरै काम गर्दोरहेछ । त्यस बाहेक एक दुई वर्षमा थोरै भए पनि तलब बढाउने गरिएको छ ।

**भविष्यका योजना के छन् ?**

हाल नर्सरी र केजीमा शुरु गरिएको अङ्ग्रेजी माध्यमलाई क्रमशः कक्षा १० सम्म लैजाने लक्ष्य छ । कक्षा ११ र १२ छिट्टै शुरु गर्ने र भविष्यमा कृषि क्याम्पस स्थापना गर्ने सोच छ ।

**विद्यालय व्यवस्थापनसम्बन्धी कुनै तालिम लिनुभयो ?**

छैन । तर यो ज्यादै आवश्यक रहेछ भन्ने महसुस भएको छ । तालिम लिन पाएदेखि हाम्रो स्कूललाई अझै राम्रो बनाउने उपायहरू जानिन्थ्यो कि !

**स्कूल व्यवस्थापनमा मूल समस्या के हुन् ?**

आर्थिक स्रोत पहिलो समस्या हो । स्रोत नभएरै हामीले पर्याप्त भवन बनाउन सकेनौं । शैक्षिक सामग्री र पुस्तकालय पनि भने जस्तो बनाउन सकिएको छैन । अभिभावकको आर्थिक स्तर कमजोर भएकाले पनि साधनस्रोत भने जति जुटाउन सकिरहेका छैनौं । राम्रोसित पढाउन नसक्ने शिक्षकलाई पनि बिदा गर्न पाइँदोरहेनछ । कुनै न कुनै दलले त्यस्ता शिक्षकलाई संरक्षण दिँदारहेछन् ।

**जिल्ला शिक्षा कार्यालयको चाहिँ कुनै हस्तक्षेप हुन्न ?**

हाम्रो अनुमति मात्र प्राप्त गरेको स्कूल हो । शिक्षा कार्यालयले राहत कोटा दिएको छ, त्यसमा शिक्षक छनोट गर्ने हाम्रो अधिकारलाई उसले सम्मान गरेको छ । त्यसैले पनि होला, अहिलेसम्म त्यस्तो कुनै विवाद वा नराम्रो केही भएको छैन ।

**साधन-स्रोतको अभाव कसरी हल गर्न सकिएला ?**

यसबारेमा मलाई धेरै थाहा छैन । तर मेरो विचारमा स्कूलमा शुल्क कति उठाउन पाउने भन्ने अधिकार स्कूल व्यवस्थापन समितिलाई दिइनु उचित हुन्छ । सरकारले पर्याप्त आर्थिक स्रोत पनि नदिने अनि स्कूलले पनि उठाउन नपाउने अवस्थाको अन्त्य हुनैपर्दछ । त्यस्तै विद्यालयको लागि आवश्यक आर्थिक स्रोत जुटाउने अधिकार र दायित्व गाविसलाई दिनु उचित होला । तर सरकारले पनि आफ्नो तर्फबाट विद्यालयमा अनुदान त बढाउनै पर्छ । राजनीतिक दलहरूले पनि केटाकेटीको भविष्यप्रति अलिकति ध्यान दिए भने उनीहरूबाट हुने हस्तक्षेप कम हुनेथियो कि !

**अरू व्यवस्थापन समितिलाई के सुझाव दिनुहुन्छ ?**

दलीय राजनीति गर्ने ध्येय थियो भने पनि अब त्यो त्यागिदिऊँ । स्कूलको सेवा गर्ने भाव राखेर इमानदारी र लगनका साथ काम गर्ने हो भने स्कूलमा महत्त्वपूर्ण सुधार गर्न सकिन्छ । स्कूल राम्रो भयो भने हाम्रा केटाकेटीहरूको भविष्य उज्ज्वल हुनेछ । स-साना नानीहरूको भविष्य हाम्रो हातमा छ । यसमा खेलबाड चाहिँ किमार्थ नगरौं ।

हुन्छन् । सरकारले माध्यमिक तहसम्मै निःशुल्क घोषणा गरेको कुराप्रति धादिङ, विशालटारका जनता बेखबर छैनन् । तर पर्याप्त शिक्षक तथा आर्थिक स्रोत नभई स्कूलको पठनपाठन स्तरीय हुनसक्दैन भन्ने बुझेका अभिभावकहरू शुल्क तिर्न तत्पर भए । २८ वैशाख २०६६ मा चन्द्रोदय उच्च माविको प्राथमिक शाखामा भेला भएका महिला अभिभावकहरूले एक बच्चा हुनेले रु.१०० र दुईदेखि चार बच्चा हुनेले सबैको गरी रु.२०० मासिक शुल्क तिर्ने निर्णय गरे । अभिभावक जुनु विक भन्छिन्, “निजी स्कूलमा महिनाको रु.४०० सम्म लिन्छन् भने हाम्रा केटाकेटीले कम पैसामै राम्रो शिक्षा पाउँछन् भने किन नतिर्ने ?” यस्तै, भुवनेश्वरी स्कूलको गत चैत ३० गते सम्पन्न अभिभावक भेलाले पनि भर्ना शुल्क लगाउने निर्णय गऱ्यो । करिब १२५ जना अभिभावकको उपस्थिति र त्यसमध्ये आधाभन्दा बढी महिला सहभागी भएको सो भेलाले शिक्षकको तलबलगायत विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउन सबै कक्षामा भर्ना शुल्कबापत रु.२०० देखि रु.१ हजार लिने निर्णय गरेको छ ।

## प्रतिबद्ध प्रअले धेरै गर्न सक्छ

प्रधानाध्यापक अर्थात् स्कूलको नेता गतिलो हुँदा समुदायलाई जागृत तुल्याएर कसरी स्कूल सपार्न सकिन्छ भन्ने कुराको उदाहरण हो, झापाको हिमाली निमावि । २०६० साल फागुनमा अर्को विद्यालयबाट सरुवा भएर आउँदा शिक्षक केशवप्रसाद ओझालाई विद्यालयको अवस्था देखेर विरक्त लागेको थियो । सो विद्यालयमा आएको एक महिना पनि नबित्दै जिल्ला



माधव अर्याल

शिक्षा कार्यालयले प्रअको जिम्मेवारी दियो । व्यवस्थापन समितिका अध्यक्ष समेत महिनौंदेखि सम्पर्कमा नभएको सो स्कूलमा वर्षमा रुण्डै एकचौथाई विद्यार्थीले पढाइ छोड्न थालेका थिए । "विद्यालयको अवस्था देख्दा अपजसको भारी के जिम्मा लिनु जस्तो लागेको थियो । तर सुधार गरेर चुनौतीको सामना गर्नु उचित लागेकाले स्कूल बनाउन कस्सिएँ", प्रअ ओझाले प्रतिज्ञा गरेका दिन सम्झँदै भने ।

स्कूल कसैले एक्लै चलाउने कुरा होइन । त्यसको लागि राम्रो टिम चाहिन्छ । विद्यालयको व्यवस्थापन समिति राम्रो बन्यो भने आफूले खोजे जस्तो टिम बन्ने र त्यसले नै स्कूल सुधारको गति दिने कुरामा प्रअ ओझालाई विश्वास थियो । उनी प्रत्येक अभिभावकका घर गए, सम्झाइबुझाइ गरे । अभिभावक भेला बोलाएर नयाँ व्यवस्थापन समिति गठन गर्न मद्दत गरे । उनी भन्छन्, "हामी शिक्षकहरू स्कूल राम्रो बनाउन प्रतिबद्ध छौं । हामीलाई राम्रो व्यवस्थापन समिति बनाइदिनुस् भनेर अभिभावकलाई अनुरोध गर्‍यौं । अभिभावकले पनि हामीलाई विश्वास गरे । देवराज निरौलाको नेतृत्वमा व्यवस्थापन समितिको राम्रो टिम बन्यो । त्यसपछि हाम्रो स्कूल राम्रो स्कूल बनाउने अभियानले गति लियो ।"



चेतन अधिकारी

**हिमाली निमावि, झापाका प्रअ केशवप्रसाद ओझा ।**

निजी स्कूलहरूको बढ्दो प्रभाव र आफ्नो विद्यालयप्रतिको घट्दो जनविश्वासका कारण कहाँबाट काम शुरु गर्ने भनेर ठम्याउन सजिलो थिएन । तर शिक्षक र व्यवस्थापन समितिले एउटा उपाय निकाल्यो, केटाकेटीलाई ड्रेस र टाई-बेल्ट लगाइदिने । बाहिरबाट हेर्दा छिमेकका निजी स्कूलभन्दा भिन्न नदेखिने गरी व्यवस्थापकीय सुधार गरियो । यो कदम अभिभावक र विद्यार्थी दुवैमा नयाँ आशाको सञ्चार गराउन सफल भयो । परिणामस्वरुप स्कूल छाडेर जान लागेका विद्यार्थी त रोकिए नै, नयाँ केटाकेटीहरू पनि भर्ना हुन आए । स्कूलको पढाइमा सुधार भयो । विद्यालयमा अभिभावकको निगरानी तथा सहभागिता बढाउन व्यवस्थापन समितिले अभिभावकहरूका लागि ऋण तथा बचत कार्यक्रम शुरु गर्‍यो । यसलाई सहारा नेपाल नामक गैरसरकारी संस्थाले सघायो ।

व्यवस्थापन समितिका हालका अध्यक्ष गोपालप्रसाद बडालको विचारमा, उक्त निर्णयले गर्दा अभिभावकहरूलाई विद्यालयमा नियमित रूपमा आउन, आफ्ना केटाकेटीको पढाइबारे शिक्षकसँग परामर्श गर्न, शिक्षकले गरिरहेको कामको अवलोकन गर्ने कार्यको थालनी भयो । त्यसबाट अभिभावकलाई आफ्ना केटाकेटीको पढाइमा आफूले के के गर्दा सुधार हुन्छ भन्ने कुराको बोध हुँदै गयो र अभिभावकहरूको सहभागिता पनि स्कूलमा बढ्न थाल्यो । विद्यालयप्रति अभिभावकको चासो कति बढेको छ भने अभिभावक मुना गुरागाइँ गत वर्षभरिमा १५४ दिन विद्यालय गइन् अनि व्यवस्थापन समितिकी सदस्य रमा रिमालले ३८ पटक स्कूलको निरीक्षण गरिन् । यस वर्ष प्राथमिक तहमा मात्र करिब चार सय विद्यार्थी भर्ना भएका छन् भने कक्षा छाड्ने दर घटेर डेढ प्रतिशतमा ओर्लिएको छ । कक्षा छाड्ने दरमा आएको यो गिरावट आफैंमा ठूलो उपलब्धि हो हिमाली निमाविको । त्यस्तै शैक्षिक उपलब्धि दर २४ प्रतिशतबाट उकालो लागेर ६६ प्रतिशत पुगेको छ ।

धादिङको बैरेनीस्थित वागेश्वरी उच्च माविका प्रधानाध्यापक ध्रुवराज खतिवडा त्यस्तै अर्को उदाहरण हुन्, जसले स्कूल राम्रो बनाउन प्रअको हैसियतमा सबैभन्दा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको कुरा सबै शिक्षक र अभिभावक सहर्ष स्वीकार गर्छन् । औपचारिक शैक्षिक योग्यताभन्दा प्रतिबद्धता, नेतृत्व क्षमता र व्यवस्थापकीय कौशलयुक्त प्रअले स्कूलमा महत्त्वपूर्ण परिवर्तन ल्याउन सक्छ भन्ने कुराको उदाहरण पनि हुन् उनी । *शिक्षक* ले प्रअ खतिवडाको एउटा मात्र गुण लेखेर दिन अनुरोध गर्दा उनका सहकर्मी शिक्षकहरूको मूल्याङ्कन यस्तो थियो: "सबैलाई समान व्यवहार गर्ने, शैक्षिक वातावरण सुधार गर्न हरबखत तत्पर, शिक्षकहरूसँग सल्लाह गरेर मात्र निर्णय लिने, शिक्षकलाई राम्रो गर्न उत्प्रेरित गर्ने, अभिभावक र व्यवस्थापन समितिलाई सक्रिय पार्न अहं भूमिका खेल्ने, स्कूलप्रति प्रतिबद्ध र व्यवस्थापन समिति, अभिभावक र शिक्षकहरूबीच समन्वयकारी भूमिका निर्वाह गर्ने ।" खतिवडामा उनका सहकर्मीले फेला पारेका जति गुण सार्वजनिक विद्यालयको औसत प्रअमा भइदिने हो भने हरेक सार्वजनिक विद्यालयको स्तर सुध्रिने कुरामा सन्देह रहँदैन ।

जुन स्कूलको पठनपाठन राम्रो हुनसकेको छैन, त्यहाँ प्रधानाध्यापकको नेतृत्व क्षमता वा प्रतिबद्धतामध्ये एउटामा वा दुवैमा केही न केही समस्या भएको अनुमान लगाउन कठिन पर्दैन। त्यसैले सार्वजनिक स्कूल सुधार गर्नका निम्ति प्रधानाध्यापक पदका लागि योग्य शिक्षकको छनोट गर्ने कुरामा जिल्ला शिक्षा कार्यालय र विद्यालय व्यवस्थापन समितिहरूले ध्यान दिनु जरुरी देखिन्छ।

### दलीय राजनीति पाखा लाग्यो !

नेपालका सार्वजनिक स्कूलहरूको सुधार अपेक्षित रूपमा हुन नसक्नुमा सबैभन्दा बढी के कुरा जिम्मेवार छ भनेर कसैले सोध्यो भने शिक्षामन्त्री, कर्मचारीदेखि शिक्षकसम्म अधिकांशको एउटै जवाफ हुन्छ, दलीय राजनीति। स्कूल राम्रो हुँदै जान थालेपछि दलीय राजनीति आफैं पाखा लाग्दै जाँदोरहेछ भन्ने कुरा कतिपय राम्रा स्कूलहरूको अवस्थाबाट स्पष्ट देखिएको छ। भुवनेश्वरी माविका व्यवस्थापन अध्यक्ष वासुदेव बाँस्कोटा माओवादीका सक्रिय कार्यकर्ता हुन्। यताका वर्षहरूमा सबैभन्दा बढी उनकै पार्टीले हस्तक्षेप गरेर पठनपाठन बिगारेको आरोप लाग्ने गरेको छ। तर सो स्कूलको व्यवस्थापन समितिका निर्णयमा दलीय राजनीति हावी नभएको प्रअ रामचन्द्र आचार्य बताउँछन्, जबकि उनी एमाले समर्थित भएको कुरा गोप्य थिएन। अध्यक्ष बाँस्कोटा भन्छन्, "स्कूलमा पार्टीगत राजनीति छिरायो भने समग्र वातावरण नै धमिलिने रहेछ। त्यसैले दलगत राजनीति स्कूल बाहिरै गर्नुपर्ने रहेछ।"

भुवनेश्वरी माविका प्रअ रामचन्द्र आचार्यको अनुभवमा, व्यवस्थापन समिति र शिक्षकहरूले स्कूललाई केन्द्रमा राखेर काम गर्न थालेपछि विद्यालयमा दलीय राजनीति आफसेआफ कम हुँदोरहेछ। प्रअ या शिक्षक र व्यवस्थापन समितिमध्ये कुनै एक पक्ष स्कूलप्रति भन्दा आफ्ना अरू नै स्वार्थतिर लाग्यो भने स्कूलमा राजनीति बढ्दो रहेछ। "अभिभावक, व्यवस्थापन समिति र शिक्षक तीनैथरीले स्कूलको प्रगतिलाई केन्द्रमा राख्यौं भने दलीय राजनीतिले हामीलाई बिगार्न सक्दैन", उनले भने।

### क्षमता अभिवृद्धिमा ध्यान देऊ

विद्यालय व्यवस्थापन गर्ने तरिकाहरूबारे शैक्षिक जनशक्ति केन्द्रले प्रअहरूलाई तालिम दिने गरेको छ। केन्द्रका उपनिर्देशक कमल पोखेलका अनुसार, करिब २५ हजारको सङ्ख्यामा रहेका प्रअहरूमध्ये ७५ प्रतिशत जतिले मात्र तालिम लिएका छन्। केन्द्रले दिएका शिक्षक तालिम जैं यो पनि प्रभावकारी भने हुनसकेको छैन।

जसले जे जानेको छ, उसले त्यति मात्र गर्दछ। अर्थात् नजानेको काम कसैले पनि गर्न सक्दैन। स्कूलको व्यवस्थापन आफैंमा केही प्राविधिक काम पनि हो। हाम्रा स्कूलहरूमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरू आम अभिभावकमध्येबाटै छानिन्छन्। त्यसैले उनीहरूमध्ये अधिकांशसँग शिक्षा व्यवस्थापनबारे सुसङ्गत ज्ञान नहुनु स्वाभाविक नै हो। अत: व्यवस्थापन समितिका पदाधिकारीहरूको पनि क्षमता अभिवृद्धि गरिनुपर्ने कुरामा कसैको दुईमत छैन। सैद्धान्तिक रूपमा सहमत भए पनि पर्याप्त साधनस्रोतको अभाव देखाएर सरकारले अहिलेसम्म तालिम आयोजना गरेको छैन। भविष्यमा स्कूल अध्यक्षहरूलाई पनि तालिम दिनुपर्छ भन्ने कुरा हाम्रो योजनामा छ, उपनिर्देशक पोखेलले भने। तर भुवनेश्वरी माविका व्यवस्थापन अध्यक्ष बाँस्कोटाको माग छ, हामीलाई राम्रो तरिकाले स्कूल व्यवस्थापन गर्ने तालिम दिनुपर्‍यो। किनकि हामीसँग स्कूल व्यवस्थापनको राम्रो ज्ञान छैन। तालिमले आफूहरूलाई राम्रो स्कूल बनाउन सघाउ पुर्‍याउने उनको ठम्याइ छ।

शिक्षाको सुधारसँग गाँसिएको महत्त्वपूर्ण कुरा हो, अभिभावक शिक्षा। पश्चिमा देशहरूमा केटाकेटीहरूको समग्र विकास र राम्रो स्वभाव निर्माणका लागि बाबुआमालाई अभिभावक शिक्षा दिने चलन छ। केटाकेटीहरूको हुर्काइ-प्रक्रिया राम्रो हुनसके भने स्कूलमा उनीहरूले बढीभन्दा बढी कुराहरू सिक्न सक्छन्। त्यसैले पश्चिमा देशहरूले पहिलेदेखि नै अभिभावक शिक्षाको सुरुआत गरेका हुन्। नेपालमा सरकारले आमसञ्चारमाध्यमलाई समेत प्रयोग गरेर अभिभावक शिक्षा दिनुपर्ने भनी तीन वर्ष पहिले शिक्षा मन्त्रालयद्वारा गठित शिक्षाको सञ्चार रणनीति निर्माण कार्यदलले सरकारलाई सुझाव दिएको थियो। तर शिक्षा मन्त्रालयले अहिलेसम्म यसबारेमा कुनै चासो देखाएको छैन।

**साथमा चेतन अधिकारी, झापा**
**र माधव अर्याल, पाल्पा**

## मुल कुरा स्थानीयको सशक्तिकरण

स्थानीय स्तरलाई उपयुक्त कानूनी व्यवस्थासहित सशक्तिकरण गरिनु आवश्यक छ। स्कूलका सरोकारवालाको भूमिका र कामबारे उनीहरूलाई पर्याप्त जानकारी दिइनुपर्छ। अभिभावक-शिक्षक संघलाई शिक्षक र अभिभावकलाई सहयोग गर्न, आर्थिक स्रोत जुटाउन, स्कूलका गतिविधि सम्पन्न गर्न र अभिभावकमा जागरण पैदा गर्न जिम्मेवारी दिइनुपर्छ। त्यसका अतिरिक्त उसलाई स्कूलका गतिविधिहरूमा अभिभावकको सहभागिता बढाउन प्रोत्साहित गरिनुपर्छ। प्रधानाध्यापकको नेतृत्वलाई महत्त्व दिइनुपर्छ। उसलाई दैनिक कामहरूमा मात्र अलमल्याइनु हुन्न। व्यवस्थापन समिति र अभिभावक शिक्षक संघको क्षमता अभिवृद्धि गरिनुपर्छ। र, एउटा संस्थाको रूपमा स्कूलको क्षमता विकासलाई निरन्तरता दिइनुपर्छ। त्यस्तै बदलिँदो परिवेश अनुसार स्थानीय निकायलाई स्कूलको व्यवस्थापन सुधारमा अर्थपूर्ण रूपमा सहभागी गराइनुपर्छ।

*स्कूल गभर्नेन्स अफ नेपाल* नामक प्रतिवेदनबाट। (उक्त अध्ययन त्रिवि शिक्षा विकास तथा अध्ययन केन्द्र सेरिडका लागि सहप्राध्यापक हरिप्रसाद उपाध्यायको नेतृत्वमा सन् २००८ मा गरिएको थियो।)

आवरण अनुभव

धनञ्जय शर्मा अधिकारी



# हाम्रो स्कूल यसरी बनायौं राम्रो

**तपाईं आफ्नो विद्यालयलाई राम्रो बनाउन के गर्न चाहनुहुन्छ– गर्नुस्, भने जस्तो भएन फेरि गर्नुस्; अझै भएन फेरि गर्नुस्; गरेको गर्‍यै गर्नुस्; नथाक्नुहोस्, नआत्तिनुहोस्, नडराउनुहोस्। पटक्क हरेश नखाइकन गरिरहनुभयो भने एकदिन तपाईंले जस्तो चाहनुभएको हो त्यस्तै विद्यालय बन्छ। बन्दोरहेछ !**



सुरेशराज न्यौपाने

विद्यालय व्यवस्थापन, शिक्षक, अभिभावक र शैक्षिक सरोकारवालाहरूसमेत सबैको केन्द्रबिन्दु विद्यार्थी हुन्। विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक र सरकार सबै विद्यार्थीका लागि हुन्। विद्यार्थीको अभावमा उपर्युक्त कुनै पनि पक्षको औचित्य रहन्न। विद्यालय विद्यार्थीका लागि स्थापित संस्था हो।

विद्यालयको प्रभावकारी व्यवस्थापनका लागि प्रधानाध्यापक, व्यवस्थापन समिति, शिक्षक वर्ग, शिक्षक, अभिभावक र स्थानीय समुदायको भूमिका अहम् हुन्छ। त्यसमध्ये प्रधानाध्यापकको भूमिका नेतृत्वदायी हुन्छ। शिक्षकहरूबीच समन्वय कायम गर्ने, स्थानीय समुदाय र व्यवस्थापन समितिको विश्वास आर्जन गरेर उनीहरूलाई विद्यालयको विकासमा सक्रिय तुल्याउने, सरकारी निकायसँग समन्वय गर्ने आदि दायित्व प्रधानाध्यापकको हुन्छ। यो पृष्ठभूमिमा, हामीले हाम्रो विद्यालयको व्यवस्थापनमा के कस्ता सुधारका प्रयासहरू गर्‍यौं, गरिरहेका छौं भन्ने अनुभव बाँड्ने जमर्को यहाँ गरेको छु।

आ.व. २०४०/४१ सम्म हाम्रो विद्यालय (ज्ञानोदय मावि वाफल, काठमाडौं) का ५ कक्षासम्मका विद्यार्थी सुकुलमा बसेर पढ्थे। विद्यार्थी सङ्ख्या ३०० को हाराहारीमा थियो। व्यवस्थापन समिति खासै सक्रिय थिएन। विद्यालय सुधारको पहिलो पाइलाका रूपमा व्यवस्थापन समिति पुनर्गठन गरियो। समितिमा व्यावसायिक र समाजसेवी व्यक्तिहरू समावेश गरिए। नयाँ व्यवस्थापन समितिले विद्यालयको भौतिक विकास र सुधारको योजना बनायो। व्यवस्थापन समितिकै सक्रियतामा स्थानीय समुदायबाट आर्थिक सहयोग जुटाई तत्कालीन विद्यार्थी सङ्ख्यालाई पुग्ने कक्षाकोठा र फर्निचरहरूको व्यवस्था गरियो। पूर्व प्राथमिक कक्षा शुरु गरियो।

त्यतिबेला शुरु गरिएको पूर्व प्राथमिक कक्षा नै पछि गएर हाम्रो विद्यालयको शैक्षिक उन्नयनको मजबुत जग बन्न पुग्यो। पूर्वप्राथमिक तहमा भर्ना भएका विद्यार्थीहरूको पहिलो समूहले २०५२ सालमा एसएलसी दियो र त्यही वर्षदेखि एसएलसीको परीक्षाफलमा चामत्कारिक परिवर्तन शुरु भयो। त्यसअघि ३६ प्रतिशतभन्दा माथि उक्लिन नसकेको एसएलसीको परीक्षाफल एकैचोटि ८५ प्रतिशत पुग्यो। यसलाई हामीले 'जग बलियो भयो भने घर बलियो हुन्छ' भन्ने अर्थमा लियौं र पूर्वप्राथमिक कक्षालाई अरु प्रभावकारी र बालबालिका अनुकूल बनाउन प्रयत्न गर्‍यौं। एसएलसीको परीक्षाफल प्राप्त यो उपलब्धिलाई निरन्तरता दिनको निम्ति प्रभावकारी सिकाइ पद्धतितिर उन्मुख भयौं। परिणामत: त्यसपछि एसएलसीको परीक्षाफल आजसम्म ८५ प्रतिशत भन्दा तल झरेको छैन। त्यतिमात्रै नभई; विगत १५ वर्षदेखि हामीसँग एउटै पनि 'एक्जाम्टेड' विद्यार्थी हुने गरेका छैनन्। नियमित परीक्षामा अनुत्तीर्ण एक-दुई विद्यार्थी पनि पूरक परीक्षा दिएर सोही वर्ष उत्तीर्ण हुने गरेका छन्। एसएलसी जस्तै नर्सरीदेखि १० कक्षासम्म नै अनुत्तीर्ण दर १ प्रतिशतमा झरेको छ। यसलाई शून्य प्रतिशतमा झार्न प्रयत्नशील छौं।

शैक्षिक उपलब्धिसँगै विद्यालयको भौतिक संरचना र विद्यार्थी सङ्ख्या पनि बढ्दै गएको छ। पर्ती जग्गामा बनेको ८ कोठे टहरोबाट अहिले तीसौं करोडको भौतिक संरचना हाम्रो सम्पत्ति भएको छ। विद्यार्थी सङ्ख्या ३०० को हाराहारीबाट करिब दुई हजार पुगेको छ। विद्यालयमा ७६ जना शिक्षक-कर्मचारी कार्यरत छौं।

## शिक्षकको टीम निर्माण

सरकारी दरबन्दीमा होस् या निजी स्रोतबाट- शिक्षक नियुक्त गर्दा सधैं योग्यता, क्षमता र कार्य दक्षतालाई प्राथमिकता दियौं। शिक्षक नियुक्तिमा यदाकदा दबाबहरू नआएका होइनन्, तर व्यवस्थापन समिति योग्य शिक्षकको पक्षमा दृढतापूर्वक रहिरह्यो। पुराना शिक्षकलाई क्षमता वृद्धि गर्न प्रेरित गरियो। कुन शिक्षकसँग कस्तो क्षमता छ ? त्यसको पहिचान गरी सोही अनुसारको जिम्मेवारी दिइयो। कक्षाकोठाको अध्यापनलाई प्रभावकारी बनाउन र शिक्षकहरूको ज्ञान-सीपलाई अद्यावधिक बनाइराख्न हरेक शुक्रबार विषयगत शिक्षकहरूको कक्षा शिक्षणसँग सम्बन्धित समस्या वा उपलब्धिबारे छलफल कार्यक्रम चलाउन थालियो। यसले सिक्ने-सिकाउने क्रमलाई निरन्तरता दियो।




हामीले विद्यालयमा कार्यरत सबै शिक्षकहरूलाई 'समान अवसर र समान जिम्मेवारी'को नीति अपनायौं। निजी स्रोत होऊन् वा दरबन्दीका- सबैलाई समान तलब भत्ता दिने, तीन वर्षसम्म सन्तोषजनक सेवा गर्ने निजी स्रोतका शिक्षकलाई पनि विद्यालयको तर्फबाट स्थायी नियुक्ति दिई सञ्चयकोष र ग्रेड उपलब्ध गराउने प्रबन्ध मिलाइयो। विद्यालय हाताभित्र राजनीतिक आस्थाका आधारमा काखापाखा गर्ने परिपाटीलाई निषेध गरियो। शिक्षकलाई कक्षामा नियमित गराउन क्या.वि. र पर्व बिदा बचत गरेमा पारिश्रमिक दिने व्यवस्था मिलाइयो। लामो अवधि तालिममा जाने शिक्षकले सट्टा शिक्षक राखेर मात्र जान पाउने नियम बसालियो। निजी स्रोतका शिक्षकले अवकाश पाउँदा रित्तोहात जानु नपरोस् भनेर 'शिक्षक कर्मचारी कल्याण कोष' स्थापना गरियो। विद्यालयमा लागू गरिने हरेक नीतिनियम शिक्षकहरूको बैठकमा सामूहिक छलफल र निर्णय गर्ने परिपाटी बसालियो।

शिक्षक बैठक महिनाको एक पटक मात्र बस्ने हुँदा शिक्षकका समस्या बुझ्न र गुनासो सुन्न हप्तैपिच्छे सानो समूहमा शिक्षकसँग अन्तरक्रिया गर्न थालियो। कहिले पूर्व प्राथमिक तहकासँग, कहिले नेपाली विषय पढाउनेसँग, कहिले नि.मा.वि, कहिले मा.वि; तहगत र विषयगत शिक्षकसँग निरन्तर अन्तरसंवाद गरिनै रहने प्रथा चलाइयो। विद्यालयले निर्धारण गरेका अतिरिक्त पाठ्यपुस्तक अध्यापनका लागि अतिरिक्त शिक्षक र अतिरिक्त समयको व्यवस्था गरियो। विद्यालय समयलाई १० बजेदेखि ५.१५ सम्म बनाइयो। पहिलो घण्टीमा आउने शिक्षक ४ बजे र दोस्रो घण्टीमा आउने शिक्षक ५.१५ मा जान पाउने गरियो। विद्यार्थीहरू पनि तहगत रूपमा अलग अलग समयमा छुट्ने तालिका बनाइयो।

स्कूल राम्रो बनाउनका लागि शिक्षक तथा कर्मचारीहरूमा कामप्रति उत्साह र हौसला बढाउनु अति नै आवश्यक रहेछ। त्यसनिम्ति जेष्ठ र राम्रो काम गर्ने शिक्षकलाई वर्षैपिच्छे पुरस्कार र सम्मान गर्ने चलन चलाइयो। शिक्षकलाई निरन्तर प्रोत्साहन र प्रेरणा दिने, उनीहरूमा सकारात्मक सोचको विकास गराउने र 'कक्षाकोठा भित्र शिक्षक रमाउनुपर्छ' भन्ने मान्यता स्थापित गरियो।

**अतिरिक्त पाठ्यपुस्तक अध्यापनका लागि अतिरिक्त शिक्षक र अतिरिक्त समयको व्यवस्था गरियो। विद्यालय समयलाई १० बजेदेखि ५.१५ सम्म बनाइयो। पहिलो घण्टीमा आउने शिक्षक ४ बजे र दोस्रो घण्टीमा आउने शिक्षक ५.१५ मा जान पाउने गरियो। विद्यार्थीहरू पनि तहगत रूपमा अलग अलग समयमा छुट्ने तालिका बनाइयो।**

नर्सरीदेखि कक्षा ३ सम्म ग्रेड टिचिङको व्यवस्था मिलाइयो। यस्तो व्यवस्था भएका कक्षामा २ कक्षा=३ शिक्षक र ४ कक्षा=१ आयाको व्यवस्था गरियो। यसले निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतिलाई सहज र व्यावहारिक बनायो। कुनै शिक्षकले कक्षा सजावटका लागि वा अन्य शैक्षिक एवम् सन्दर्भ समग्रीको माग गरेमा तत्काल सहज उपलब्ध गराउने परम्परा बसालियो। शिक्षक विद्यार्थी र अभिभावकका पीर-मर्का, गुनासा र सुझावलाई धैर्यपूर्वक सुन्ने र सकारात्मक रूपमा ग्रहण गर्न थालियो।

## अधिकार विकेन्द्रीकरण

सबै निर्णय सकभर आफैं गर्न पाए हुन्थ्यो भन्ने मनोविज्ञान सामान्यतया हामी धेरै प्रअसँग रहेको हुन्छ। तर हामीलाई स्कूल सुधार गर्नुथियो। यसका लागि अधिकारको विकेन्द्रीकरण महत्त्वपूर्ण हतियार हुनसक्छ भन्ने लाग्यो। अनि हामीले तहगत रूपमा सहायक प्रधानाध्यापक, कक्षा-शिक्षक, विषय-शिक्षक हुँदै 'क्लास मनिटर'सम्मको व्यवस्था गरेर उनीहरूमा अधिकार विकेन्द्रित गर्‍यौं। पद मात्र होइन प्रशासनिक र आर्थिक अधिकार पनि तल्लो तहसम्म दिइयो। हरेक कक्षामा छात्रतिर र छात्रातिर गरी चार जना मनिटर र सहायक मनिटर हुने र कक्षा व्यवस्थापनमा

# विचार

आपसी छलफलद्वारा उनीहरूले नै नीतिनियम बनाई लागू गर्ने चलन चलायौं । विद्यार्थीहरूलाई विश्वास गरेर जिम्मेवारी दिइयो भने हाम्रोभन्दा पनि राम्रोसँग उनीहरूले जिम्मेवारी पूरा गर्दा रहेछन् भन्ने हामीले देख्यौं । थोरै आश गरेर शुरु गरिएको कामको धेरै र चामत्कारिक उपलब्धि प्राप्त भयो । विद्यालय प्रशासनले कुनै निर्णय लिँदा सहायक प्रअहरू; शिक्षक प्रतिनिधि, जेष्ठ शिक्षक र विद्यार्थी प्रतिनिधिसँग समेत छलफल र सल्लाह गर्ने परिपाटी बसायौं । यसो गर्दा निर्णय कार्यान्वयन गर्न अत्यन्त सजिलो हुँदोरहेछ भन्ने बुझ्यौं । यस्तो प्रशासनिक टीमलाई आय-व्यय, खरिद-बिक्री अथवा पैसा खर्च हुने काममा पनि संलग्न गराउन थाल्यौं । यसो गर्दा आर्थिक पारदर्शिता प्रति सबै पक्ष ढुक्क हुने स्थिति बन्यो । धेरैजसो अधिकार विकेन्द्रित गर्दा प्रअको बोझ कम भई निरीक्षण सुपरीवेक्षणका लागि पर्याप्त समय उपलब्ध हुन थाल्यो ।

## आर्थिक पारदर्शिता र लागत साझेदारी

विद्यालयको नेतृत्व असफल हुनु या सङ्कटमा पर्नु पछाडिका विविध कारणमध्ये आर्थिक अपारदर्शिता प्रमुख कारण रहने गरेको छ । हामीले लेखापाल र सहायक लेखापालको व्यवस्था गरी दोहोरो लेखा प्रणालीमा लेखा राख्न लगायौं । आर्थिक कारोबार र हिसाबकिताब दुरुस्त राख्ने काममा व्यवस्थापन समितिले पर्याप्त चासो र सहयोग पुऱ्यायो । त्यसले चुहावटका सम्भावनाहरूलाई नियममा बाँधेर आर्थिक अनुशासनको कडाइका साथ पालना गर्न विद्यालय प्रशासन र लेखालाई निर्देशन दियो । समय-समयमा चेक जाँच गऱ्यो र आर्थिक पारदर्शिता कायम राख्यो । यसले गर्दा स्कूल र यसको व्यवस्थापनले सबै पक्षको विश्वास आर्जन गऱ्यो । हाम्रो लागि यो अर्को महत्त्वपूर्ण उपलब्धि सावित भयो ।

वार्षिक बजेट बनाउने, व्यवस्थापन समितिमा पेश गर्ने, व्यापक छलफल गरी परिमार्जन गर्ने, स्वीकृत बजेटको परिधिभित्र रहेर खर्च गर्ने, आम्दानी खर्चको अभिलेखहरू अद्यावधिक राख्ने अनि आम्दानी खर्चको हिसाबकिताब शिक्षक अभिभावकबीच प्रस्तुत गरी सामाजिक परीक्षण गराउने जस्ता कामले सबैको विश्वास जित्न विद्यालय प्रशासन सफल भयो । सामुदायिक विद्यालयलाई सरकारले पुग्दो अनुदान दिँदैन । त्यसैले हामीले 'सक्नेसँग लिने र नसक्नेलाई दिने' शुल्क पद्धति अपनायौं । कक्षगतरुपमा अभिभावकहरूको भेला डाकी प्रस्तावित शुल्क कसले कसले तिर्न सक्ने, क-कसले नसक्ने भनेर छलफल चलायौं । तिर्न सक्ने र नसक्ने अभिभावकको समूहमै पहिचान गऱ्यौं । अभिभावकबाट निर्धारण गराएर 'विशेष कक्षा अध्यापन शुल्क' शीर्षकमा शुल्क लिन थाल्यौं । आर्थिक पारदर्शिता कायम गरी अभिभावकहरूको विश्वास जित्ने र उनीहरूलाई निर्णय प्रक्रियामा सामेल गराउने हो भने सामुदायिक विद्यालयका अभिभावकले पनि आफूखुसी न्यूनतम शुल्क तिर्दा रहेछन् भन्ने हामीलाई बोध भयो । यसरी अभिभावकबाट लिइएको शुल्क नै विद्यालयको भौतिक र शैक्षिक उन्नतिको आर्थिक आधार बनेको छ ।

विद्यार्थीले सिलिङ पङ्खा मागे, सेतोपाटी मागे, पर्दा राख्नुपर्ने कुरो सुझाए, 'डष्टवीन' चाहियो भने, 'बुक कर्नर'को चाहना राखे । तर ती सबै माग पूरा गर्न हामीसँग पर्याप्त आर्थिक स्रोत थिएन । त्यसैले कक्षाकोठा भित्र गरिने यस्ता भौतिक सुधारमा लागत-साझेदारीको नीति अवलम्बन गऱ्यौं ।

**'जग बलियो भयो भने घर बलियो हुन्छ' भन्ने अर्थमा लियौं र पूर्वप्राथमिक कक्षालाई अझ प्रभावकारी र बालबालिका अनुकूल बनाउन प्रयत्न गऱ्यौं । त्यसपछि एसएलसीको परीक्षाफल आजसम्म ८५ प्रतिशत भन्दा तल झरेको छैन । त्यतिमात्रै नभई; विगत १५ वर्षदेखि हामीसँग एउटै पनि 'एक्जाम्प्टेड' विद्यार्थी हुने गरेका छैनन् ।**



अनि हामीले भन्यौं "ठीक छ, कुल लागतको आधा तिमीहरू उठाऊ, आधा स्कूलले बेहोर्छ । यी सामग्रीहरू तोडफोड भए वा नासिए भने तिमीहरू नै जिम्मेवार हुनुपर्छ नि !" उनीहरूले हुन्छ भने । ती सबै सामग्रीहरू जोडियो । विद्यार्थी आफैंले जिम्मेवारी बाँडफाँड गरेर हेरचाह र रेखदेख गर्न थाले । विद्यार्थीहरूको पनि लगानी भएको हुँदा तोड्ने, फोर्ने बिगार्ने, भाँच्ने क्रम स्वतः न्यून भयो । यसरी आफ्नो कक्षाकोठाप्रति विद्यार्थीलाई नै उत्तरदायी बनाइयो । माथिल्लो कक्षाको कुनै विद्यार्थी कुनै विषयमा कमजोर भयो, ट्युसन वा कोचिङको आवश्यकता पऱ्यो भने पनि 'लागत-साझेदारी'कै नीति अवलम्बन गऱ्यौं ।

## निरन्तर संवाद र अन्तरक्रिया

हामी नेपालीहरू चाहिने कुरामा कम छलफल र समय कटाउनका लागि रुचिका विषयहरूमा जति पनि छलफल गर्न उत्साही हुन्छौं । हाम्रो सामाजिक परिवेश पनि त्यस्तै प्रकारको भएकाले हामी अधिकांशको बानीव्यहोरामा त्यसको गहिरो छाप छ । तर २०४२/४३ सालतिरको एउटा प्रसङ्गले निरन्तर संवाद र अन्तरक्रियाको महत्त्व बुझाइदिएको थियो । त्यसबेला स्कूलमा भर्खर पूर्वप्राथमिक कक्षा शुरु गरिएको थियो । केटाकेटीको शारीरिक, बौद्धिक र संवेगात्मक विकास हेतु शुरु गरिएको यो कक्षामा उनीहरूलाई कखरा सिकाउने कुरै आएन । तर कतिपय अभिभावकहरूलाई स्कूलले आफ्ना नानीहरूलाई लेख्न-पढ्न नै सिकाएन भन्ने चिन्ता परेछ । उनीहरू स्कूलमै आएर गुनासो गर्न थाले । प्रति महिना रु.३० शुल्क तिरेकाले पनि उनीहरूको चासो बढी भएको बुझ्न कठिन थिएन । गुनासो गर्न आउने अभिभावकमध्ये धेरैलाई एउटा शिक्षकका रूपमा मैले नै सम्झाइबुझाइ गरेको थिएँ । एक-एक गर्दै अभिभावकहरूलाई पूर्वप्राथमिक शिक्षाको अवधारणा बताउँदा बताउँदा एक वर्ष बित्यो । तर त्यसले ठूलो काम गरेछ । अर्को वर्ष अभिभावकको गुनासो एकदमै कम भएर गयो । त्यतिबेला मैले बुझेँ कि अभिभावकसँग निरन्तर संवाद गरिरह्यो भने उनीहरूलाई कुरा बुझाउन सकिन्छ र उनीहरू नै स्कूलका सबैभन्दा प्रतिबद्ध



सुरेशराज न्यौपाने

**हामीले 'सक्नेसँग लिने र नसक्नेलाई दिने' शुल्क पद्धति अपनायौं। कक्षागत रूपमा अभिभावकहरूको भेला डाकी प्रस्तावित शुल्क कसले कसले तिर्न सक्ने, क-कसले नसक्ने भनेर छलफल चलायौं। तिर्न सक्ने र नसक्ने अभिभावकको समूहमै पहिचान गऱ्यौं। अभिभावकबाट निर्धारण गराएर 'विशेष कक्षा अध्यापन शुल्क' शीर्षकमा शुल्क लिन थाल्यौं। यसरी लिइएको शुल्क नै विद्यालयको भौतिक र शैक्षिक उन्नतिको आर्थिक आधार बनेको छ।**

सहयोगी बन्न सक्छन्। म आफू प्रधानाध्यापक भएपछि सबैभन्दा बढी संवाद र अन्तरक्रियालाई नै प्राथमिकता दिएँ। संवाद र अन्तरक्रियाबाट नै अभिभावकहरूको विश्वास जित्न सम्भव भयो। त्यसपछि उनीहरूले विद्यालयलाई आफ्नो ठान्न र सक्दो सहयोग गर्न थाले। आज ज्ञानोदय स्कूल जे छ, त्यसमा सबैभन्दा बढी योगदान अभिभावकहरूकै छ। र, उनीहरूको विश्वास जित्ने कारकतत्व यही निरन्तर संवाद र अन्तरक्रिया नै हो।

हाल हाम्रो स्कूलमा सरोकारवालाहरूसँग निरन्तर संवाद, बैठक, छलफल र अन्तरक्रियाको परिपाटी नै बसिसकेको छ। शैक्षिक सत्रको प्रारम्भमा प्रत्येक शनिबार एउटा कक्षाका अभिभावक र त्यस कक्षामा अध्यापन गर्ने शिक्षकहरूबीच छलफल गरिन्छ। यस्तो भेलामा विद्यालयको आर्थिक र शैक्षिक स्थिति, कमी-कमजोरीबारे छलफल गरी सुधारको उपाय पत्ता लगाइन्छ। अभिभावकको गुनासो, सिकायत र सुझाव सङ्कलन गरिन्छ र उचित सुझावलाई तत्कालै कार्यान्वयन गरिन्छ। कार्यान्वयन गर्न नसकिने भए अभिभावकलाई यति-यति कारणले कार्यान्वयन गर्न सकिँदैन भनेर बताइन्छ। यस्ता भेलामा आफ्ना छोराछोरीप्रति अभिभावकको दायित्व के हो भन्ने पनि बुझाइन्छ। फरक फरक उमेर समूहका बालबालिकासँग फरक फरक व्यवहार गर्नुपर्छ भनेर अभिभावकलाई सिकाइन्छ। अभिभावकका निजी समस्या बारेमा पनि छलफल हुन्छ। उनीहरूलाई उचित परामर्श दिइन्छ। विद्यार्थीको नियमितता, अनुशासन, पढाइ, गृहकार्य, परीक्षा, शैक्षिक सामग्री, शिक्षकको अध्यापनको प्रभावकारिता छलफलका विषय बन्छन्। अभिभावकलाई खुलेर आफ्ना मनका कुरा भन्न प्रेरित गरिन्छ। अनपढ अभिभावकबाट पनि राम्रा राम्रा सुझावहरू आउँछन्। "आफ्ना छोराछोरीलाई आदरार्थी सर्वनामबाट सम्बोधन गर्नेछु।" भन्ने प्रतिबद्धता लिइन्छ। यस्तो भेलामा "काबुभन्दा बाहिरको परिस्थिति परेर म आउन नपाउने भएँ" भनेर अग्रिम सूचना दिने अभिभावक बाहेक विना सूचना अनुपस्थित हुने अभिभावकले रु.१०० जरिवाना तिर्नुपर्ने नियम पनि अभिभावकहरूले नै बनाएका छन्।

यस बाहेक; सबै परीक्षाको परीक्षाफल लिन अभिभावक स्वयम् आउनुपर्छ। त्यतिबेला उनीहरूले आफ्नो बच्चाको पढाइका बारेमा कक्षा-शिक्षक र विषय-शिक्षकसँग छलफल गर्नुपर्छ। यसरी अभिभावक दिवस बाहेक वर्षको चारपटक अभिभावक र शिक्षकबीच भेटघाट र छलफल हुन्छ। चारै पटक ८५ प्रतिशतभन्दा बढी अभिभावकको सहभागिता रहने गरेको छ। अभिभावक-शिक्षक मात्र नभएर शिक्षक-व्यवस्थापन समिति, शिक्षक-विद्यार्थी, 'क्लास मनिटर'-विद्यालय प्रशासन, क्लासटिचर-विद्यालय प्रशासनबीच पनि कार्यतालिका अनुसार निरन्तर अन्तरक्रिया चलिरहन्छ। सरोकारवाला कुनै पक्षले पनि मनमा क्लेश नराखोस् भनेर यसो गरिएको हो। अभिभावकको यस्तो उत्साहवर्द्धक सहभागिता एकैचोटिको प्रयासले भएको भने होइन। पन्ध्र वर्षदेखिको निरन्तर प्रयासको परिणाम हो यो। बञ्चरोको एउटै चोटले ठूलो रूखको फेद काट्न सकिन्न तर निरन्तर प्रहार गऱ्यो भने रूख ढाल्न सकिन्छ भन्ने मान्यता विद्यालय विकासका सबै क्षेत्रमा लागू गरिएको छ।

छडी निषिद्ध, परामर्शमा जोड, सकारात्मक दृष्टिकोणको निर्माण, विद्यार्थीलाई 'तपाईं' भन्नुपर्ने अनिवार्यता, शिक्षक केन्द्रित शिक्षण विधिबाट विद्यार्थी केन्द्रित शिक्षण विधिमा रुपान्तरणको प्रयास, शिक्षकको उपदेशमुखी भूमिकामा परिवर्तन, शिक्षकलाई विद्यार्थीप्रति उत्तरदायी बनाउने प्रयासमा हामी धेरै हदसम्म सफल नै भएका छौं।

मेरो लामो शिक्षण अनुभवले के सिकायो भने "तपाईं आफ्नो विद्यालयलाई राम्रो बनाउन के गर्न चाहनुहुन्छ गर्नुस्, भने जस्तो भएन फेरि गर्नुस्; अझै भएन फेरि गर्नुस्; गरेको गऱ्यै गर्नुस्; नथाक्नुहोस्, नआत्तिनुहोस्, नडराउनुहोस्। पटक्क हरेश नखाइकन गरिरहनुभयो भने एकदिन तपाईंले जस्तो चाहनुभएको हो त्यस्तै विद्यालय बन्छ। बन्दोरहेछ!"

आवरण संवाद

# सुधारको मूलमन्त्र
# 'आफ्नो विद्यालयको व्यवस्थापन आफैं गरौं !'

**सार्वजनिक विद्यालय–व्यवस्थापनको भरपर्दो 'मोडल' कुन हो ? विद्यालय–व्यवस्थापनलाई कसरी चुस्त र परिणामदायी तुल्याउन सकिन्छ ? विद्यालयको पठन–पाठन सुधार्नमा सबैभन्दा बढी दायित्व र भूमिका कसको हुन्छ ?**

**माथिका प्रश्नको सेरोफेरोमा रही *शिक्षक* मासिकका तर्फबाट १९ चैत २०६६ मा कास्की जिल्लाका नगर तथा ग्रामीण क्षेत्रका विद्यालयका प्रअ, शिक्षक प्रतिनिधि, राजनीतिक दलका नेता र कार्यकर्ता तथा शिक्षासम्बन्धी सरकारी पदाधिकारीहरूबीच पोखरामा छलफल कार्यक्रम सञ्चालन गरिएको थियो। सामाजिक संवादका निम्ति सहकार्य (एसडी) को सहयोगमा सम्पन्न उक्त छलफलमा व्यक्त विचारहरूको सङ्क्षेपीकृत अंश प्रस्तुत गरिएको छः**

**मन्त्रीलाल पौडेल**
***प्रअ, शिशु सामुदायिक प्रावि, कास्की***

यहाँका सरकारी स्कूलका धेरै अभिभावक बिहानदेखि बेलुकासम्म मजदुरी गरेर खान्छन्। उनीहरूलाई आफ्ना केटाकेटीले के गरिरहेका छन्, कसरी सिकिरहेका छन् भनेर बुझ्नुपर्छ भन्ने ज्ञान छैन। त्यस्तो चासो राख्ने फुर्सद पनि छैन। त्यस्ता अभिभावकहरूलाई विद्यालयको हितमा सक्रिय बनाउन सजिलो छैन। अभिभावकलाई स्कूलप्रति विश्वास नभइकन उनीहरू सक्रिय हुँदैनन्। उनीहरूको सक्रिय सहयोग नभई विद्यालय कुनै हालतमा पनि सुधार गर्न सकिँदैन। मेरो अनुभवमा सरकारी विद्यालयप्रति जनआस्था पटक्कै


सुदर्शन घिमिरे

छैन । त्यसैले अब हामी शिक्षकहरूले नै आत्मसमीक्षा गर्नु जरुरी छ- हामीले कति इमानदारीपूर्वक काम गरेका छौं भनेर । सरकारी स्कूलको हालत यस्तो हुनुमा हामी पनि जिम्मेवार छौं । हामीले स्कूलमा पढाउँदैमा अभिभावकले विश्वास गरिहाल्दा रहेनछन् भन्ने कुराको साक्षी म आफैं छु । अभिभावकहरूले शिक्षकलाई उसको स्कूल बाहिरको गतिविधिसँग पनि गाँसेर हेर्दा रहेछन् । बाहिर र भित्र दुवैतिर राम्रो गरेकोलाई मात्र अभिभावकले राम्रो मान्दोरहेछ । अतः अभिभावकको विश्वास जित्न हामी शिक्षकहरू स्कूलभित्र र बाहिर दुवै ठाउँमा राम्रो देखिनुपर्दोरहेछ ।

सरकारी स्तरबाट जे जति आर्थिक तथा अन्य सहयोग विद्यालयमा गएको छ, त्यो पर्याप्त छैन । तर जनसहभागिता बिना सरकारी सहयोगको मात्र अर्थ हुँदोरहेनछ । जनसहभागिता बढाउन विद्यालयको प्रशासन स्वच्छ; लगनशील र पारदर्शी हुनैपर्दोरहेछ । शिक्षक र समुदायको बीचमा घनिष्ठ सम्बन्ध र निरन्तर संवाद भयो भने मात्र कुनै पनि विद्यालय राम्रो हुन सक्दोरहेछ । अतः अभिभावकलाई कुरा बुझाउने र उनीहरूको विश्वास जित्ने काममा पनि प्रअ र शिक्षकले ध्यान दिनु जरुरी देख्छु । अभिभावक, शिक्षक र विद्यार्थीको सही परिचालन- राम्रो स्कूल व्यवस्थापनको पहिलो शर्त हो । यसमा प्रमुख भूमिका शिक्षक र प्रधानाध्यापकको हुन्छ ।

### भद्रकाली लामिछाने
***प्रअ, तालबाराही उच्च मावि, कास्की***

हामी सरकारी विद्यालयका प्रधानाध्यापक, शिक्षक या जिल्ला शिक्षा कार्यालयका कर्मचारीहरूले नै आफ्ना छोराछोरीलाई निजी स्कूलमा पठाएका छौं । हामीलाई आफ्नै कामप्रति विश्वास नभएर केटाकेटीलाई निजी स्कूल पठाएका होइनौं र ? सार्वजनिक स्कूल सपार्ने सन्दर्भमा हामीले आफ्नो दायित्व निर्वाह गरेका छौं ? यी प्रश्नहरूको उत्तरसँग सार्वजनिक स्कूल सपार्ने कुरा जोडिएको छ ।

व्यवस्थापन राम्रो हुन स्कूलका धेरै कुरा पारदर्शी हुनुपर्छ । आयव्यय पारदर्शी भएन भने हामीले जति नै स्वच्छ काम गरेपनि अभिभावकले उल्टै हामीलाई शङ्का गर्छन् । त्यसैले आर्थिक पारदर्शिता राम्रो व्यवस्थापनको पहिलो पूर्वशर्त हो । तर समस्या व्यवस्थापन समितिको गठनमा छ । दलीय आधारमा समितिमा भागबण्डा

> **“अभिभावकलाई स्कूलप्रति विश्वास नभइकन उनीहरू सक्रिय हुँदैनन् । उनीहरूको सक्रिय सहयोग नभई विद्यालय कुनै हालतमा पनि सुधार गर्न सकिँदैन ।**
>
> **– मन्त्रीलाल पौडेल”**

गर्ने चलन बसाइएको छ । स्कूल कसरी राम्रो बनाउन सकिन्छ भनेर सोच्ने र मरिमेट्ने अनुभवी, पाका र सिनियरलाई व्यवस्थापन समितिमा राख्न सके मात्र स्थिति सहज र सकारात्मक हुन्छ ।

स्कूलको स्तर उकास्ने सबैभन्दा महत्त्वपूर्ण भूमिका शिक्षकको हुन्छ । त्यसनिम्ति शिक्षकको मनोबल उच्च हुनु आवश्यक हुन्छ । तर आज उसको मनोबल उच्च हुनु त परै जाओस् एकदम गिरेको छ । गिराइएको छ । कतिपय अवस्थामा राम्रो काम गर्ने दण्डित र नराम्रो काम गर्ने पुरस्कृत भइरहेका छन् । कामै नगर्ने शिक्षक र मरिमेटेर काम गर्ने शिक्षकको बीचमा सुविधा तथा प्रोत्साहनमा कुनै भेद छैन । स्थायी बनाउनको लागि समयमा आयोगको परीक्षा नै हुँदैन । त्यसले गर्दा अयोग्य शिक्षक 'फेल भएँ' भनेर बिदा हुन पनि पाउँदैनन् । खास खास राजनीतिक दलको कार्यकर्ता भएका शिक्षकको दुई चार वर्षमै बढुवा हुन्छ भने कुनै दलको फेर नसमातेको शिक्षकको २० वर्षमा पनि बढुवा हुने गर्दैन । यस्तो अवस्थामा शिक्षकको मनोबल कसरी उच्च हुनसक्छ ?

### पुण्यप्रसाद पौडेल
***पूर्व सभापति, जिल्ला विकास समिति, कास्की***

म शिक्षक हुँदाहुँदै राजनीतिमा लागेको मानिस हुँ । मैले करिब १० वर्षसम्म चलाएको स्कूललाई 'राम्रो स्कूल'को रूपमा स्थापित गराएको थिएँ । त्यसैले राजनीतिमा संलग्न हुँदाहुँदै पनि एउटा शिक्षकले स्कूललाई राम्रो बनाउन सक्छ भन्ने मेरो विश्वास छ । मुख्य कुरा स्कूलप्रतिको समर्पण र प्रतिबद्धता हो । त्यसैले शिक्षक साथीहरू आफ्नो पेशाप्रति इमानदार र वफादार हुनै पर्छ । विद्यालय शिक्षालाई सुधार्न सबैभन्दा बढी महत्त्वपूर्ण भूमिका शिक्षककै हो । त्यसपछि दोस्रोमा विद्यार्थी र तेश्रो नम्बरमा अभिभावक पर्न जान्छन् ।

उपलब्ध साधन-स्रोतको अधिकतम् परिचालन गरेर अधिकतम् उपलब्धि हासिल गर्नु नै कुशल व्यवस्थापन हो । त्यसैले स्कूलको व्यवस्थापनमा प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समिति, अभिभावक सबैको आ-आफ्नै भूमिका रहन्छ । शिक्षकले आफू विद्यालय आएपछि यो यो काम र कर्तव्य निर्वाह गर्नै पर्छ भन्ने बोध गरेको हुनुपर्छ । साथै अभिभावकले पनि हाम्रा छोराछोरी पढ्न स्कूल गएका छन् भने त्यहाँ के कसरी पढ्दैछन्, व्यवस्थापन कस्तो छ, हाम्रो भूमिका के हुन सक्छ जस्ता कुरामा ध्यान दिनु जरुरी छ ।

स्कूलको व्यवस्थापन राम्रो हुन नसक्नुको एउटा मुख्य कारण स्कूलप्रति स्वामित्व वा अपनत्वको अभाव हो । सरकारी स्कूलमा समुदाय या अभिभावकको

> **“हामीलाई आफ्नै कामप्रति विश्वास नभएर केटाकेटीलाई निजी स्कूल पठाएका होइनौं र ? सार्वजनिक स्कूल सपार्ने सन्दर्भमा हामीले आफ्नो दायित्व निर्वाह गरेका छौं ? यी प्रश्नहरूको उत्तर सँग सार्वजनिक स्कूल सपार्ने कुरा जोडिएको छ ।**
>
> **– भद्रकाली लामिछाने”**

स्वामित्वको अभावका कारण व्यवस्थापनमा असर परेको छ। त्यसैले अपनत्व सिर्जना गर्नका लागि सरकारी विद्यालय समुदायलाई हस्तान्तरण गरिनु आवश्यक छ। जहाँ जसलाई विद्यालय चाहिएको छ उनीहरूलाई नै 'आफ्नो विद्यालयको व्यवस्थापन आफैं गर है' भनेर अधिकार र जिम्मेदारी दुवै दिनुपर्छ। अधिकार पाएपछि उनीहरू आफैं जिम्मेदार भएर काम गर्छन्। जुन विद्यालयलाई समुदायले 'मेरो वा हाम्रो' भन्ने स्वामित्व महसुस गरेको छ, त्यस्तो स्कूल अवश्य सुधारिएको छ। केही वर्षयता सरकारले ल्याएको विद्यालय हस्तान्तरण कार्यक्रम अन्तरगत समुदायमा गएका विद्यालयको सुधारले पनि यो कुरालाई पुष्टि गरेको छ।

**दामोदर भक्त थापा**, ***सिड्स फाउण्डेशन***

राजनीतिक दलहरू पार्टीको कार्यक्रममा जुलुस लैजानु पर्दा विद्यालयलाई सम्झन्छन्। तर विद्यालयमा के कस्ता भौतिक पूर्वाधारको खाँचो छ, शैक्षिक गुणस्तर के कस्तो छ भन्ने सवालमा कहिल्यै कुनै पनि दलको ध्यान नजानु आफैंमा ठूलो बिडम्बना हो। स्कूलको स्तर कसरी सुधार गर्ने भन्ने सवालमा राजनीतिक दलहरूबीच प्रतिस्पर्धा भइदिनुपर्‍यो। हामीले जति कराए पनि विद्यालयमा दलीय राजनीति रोक्न सकिँदैन। त्यसैले विद्यालयमा नकारात्मक होइन सकारात्मक उद्देश्यका लागि राजनीतिक प्रतिस्पर्धा गराउने दिशातिर जानु ठीक होला। किनकि यस्तो प्रतिस्पर्धाले शिक्षक विद्यार्थी र अभिभावक सबैलाई लाभै लाभ हुनेथियो। बरु त्यो अवस्थाको सृजना कसरी गर्न सकिन्छ, त्यसबारेमा चाहिँ हामीले सोच्ने हो कि !

> **सार्वजनिक विद्यालयको स्तर खस्क्यो भनेर कराउने दिन पनि धेरै बाँकी छैनन्। अभिभावकहरूले अब कुरा बुझिसकेका छन्। 'विद्यालय हाम्रै हो; यसमा अरूको हस्तक्षेप हुनुहुँदैन' भन्ने खालको जागरण उनीहरूमा आइसकेको छ। उचित कानूनी प्रबन्ध हुने हो भने केही वर्षमै सही अर्थमा विद्यालयमा समुदायले अपनत्व अनुभव गर्न सक्छ।**
>
> **– लक्ष्मीराम पौडेल**

**भेषराज बराल**, ***अध्यक्ष, विद्यालय व्यवस्थापन समिति***

सबै तह र सबै क्षेत्रमा एकैखालको समिति गठन प्रक्रियाले गर्दा हामीकहाँ समस्या आएको छ। प्राइमरी तहको विद्यालयदेखि उच्चमाविसम्म अनि दूरदराजका गाउँदेखि शहरीक्षेत्रमा समेत उही नियम लागू हुन्छ। शैक्षिक रूपमा पछि परेको ग्रामीण भेगमा शिक्षा नियमावलीमा तोके अनुसारको शैक्षिक योग्यता पुगेका अभिभावकहरू नपाइनु स्वाभाविक हुन्छ। सबै ठाउँमा शैक्षिक योग्यता खोज्दै हिँडेर पनि काम लाग्दैन। किनकि औपचारिक शिक्षा हासिल नगरेका अभिभावकहरू पनि विद्यालयका लागि मरिमेटेर हिँडेका छन्। तिनले विद्यालय व्यवस्थापन समितिमा उचित स्थान पाउनै पर्छ।

स्कूलको व्यवस्थापनमा सुधार ल्याउनका निम्ति निश्चित अवधिमा प्रअ परिवर्तन गरिनुपर्छ। बीसौं वर्षसम्म एउटै प्रअ रहिरहने परिपाटीको सट्टा चार पाँच वर्षमा प्रअ परिवर्तन हुने परिपाटीको सुरुआत गर्नु उचित हुन्छ।

**लक्ष्मीराम पौडेल**

***क्षेत्रीय शिक्षा निर्देशक, पश्चिमाञ्चल***

सबै विद्यालयको व्यवस्थापन हस्तान्तरण गरेर समुदायमा 'यो विद्यालय हाम्रो हो, यसलाई बनाउने जिम्मा पनि हाम्रै हो' भन्ने अनुभूति नगराएसम्म जतिसुकै शिक्षक तालिम, स्रोतसाधनलगायतका विषयमा ध्यान दिए पनि उल्लेखनीय सुधार हुने छाँट देखिँदैन। यो यथार्थ सरकारले पनि बुझिसकेको छ।

सरकारले स्रोतसाधन जुटाइदिने, आवश्यक भएमा क्षमता अभिवृद्धिका तालिमहरू दिने काम गर्नुपर्छ; तर व्यवस्थापकीय जिम्मेवारी चाहिँ स्थानीय निकाय वा समुदायले नै लिनुपर्छ। मुख्य रूपमा विद्यालयको व्यवस्थापन सुधार गर्नका लागि शिक्षक, अभिभावक, व्यवस्थापन समिति नै जिम्मेवार हुनुपर्छ। यिनैलाई नै क्षमतावान् र जवाफदेही बनाउनुपर्छ। व्यवस्थापन राम्रो भयो भने शिक्षाको गुणस्तरमा वृद्धि हुने कुरामा शङ्का छैन।

व्यवस्थापन समितिको अध्यक्षको योग्यतालाई प्रअ वा अरू शिक्षकहरूसँग तुलना गरेर विवादको मुद्दा बनाउन म आवश्यक देख्दिनँ। मन्त्रालयमा पनि त दश कक्षा पास नगरेको मन्त्री हुन सक्छ नि ! साधारण लेखपढ मात्रै भएको व्यक्ति मन्त्री भएर आएकाले म मान्दिनँ भनेर शिक्षा सचिवले भन्न मिल्छ र ? कदापि मिल्दैन। व्यवस्थापन समितिको अध्यक्ष त नेता मात्र हो। उसलाई चाहिने सहयोग गर्ने दायित्व प्रधानाध्यापकको हो। हो, व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्नुपर्ने कुरामा दुईमत हुँदैन।

मेरो विचारमा, हामीले सार्वजनिक विद्यालयको स्तर खस्क्यो भनेर कराउने दिन पनि धेरै बाँकी छैनन्। अभिभावकहरूले अब कुरा बुझिसकेका छन्। 'विद्यालय हाम्रै हो; यसमा अरूको हस्तक्षेप हुनुहुँदैन' भन्ने खालको जागरण उनीहरूमा आइसकेको छ। उचित कानूनी प्रबन्ध हुने हो भने केही वर्षमै सही अर्थमा विद्यालयमा समुदायले अपनत्व अनुभव गर्न सक्छ।

विद्यालयको व्यवस्थापन राम्रो बनाउनका लागि प्रअ सक्षम हुनुपर्छ। नेतृत्व गर्ने व्यक्तिसँग योजना हुनुपर्छ, लक्ष्य हुनुपर्छ अनि 'भिजन' पनि। काम गर्ने प्रतिबद्धता हुनुपर्छ। जुन प्रअमा यी माथिका गुण छन्, तिनले नेतृत्व गरेका स्कूलहरू निश्चय पनि अरूका तुलनामा राम्रा छन्। त्यसैले सही प्रअको छनोट स्कूल सुधारको पूर्वशर्त हो। प्रअको सही छनोटमा विशेष ध्यान पुर्‍याउनु आवश्यक छ।

शिक्षकहरूले पनि कक्षामा तोकिएको समयावधि गुजारेर निस्कनुलाई मात्र आफ्नो कर्तव्य पूरा भएको ठान्न मिल्दैन। कुनै पनि शिक्षकले आफूले पढाएको

विषयमा विद्यार्थीलाई दक्ष बनाएकै हुनुपर्छ। विद्यार्थी फेल हुँदाको जिम्मेवारी सम्बन्धित विषय शिक्षकले लिनुपर्छ। यसमा विद्यालय प्रशासनले कडाइ गर्न सक्नुपर्छ। 'म स्थायी शिक्षक हुँ। मलाई कसले के गर्न सक्छ र' भन्ने खालको अहम् भाव शिक्षकहरूले त्याग्नै पर्छ। स्रोतव्यक्ति र विनिहरूले पनि आफ्नो जिम्मेवारी पूरा गर्न सकेका छैनन्। उनीहरूले पनि व्यवस्थापनमा सहयोग र सुधार गर्ने कुरामा थप सक्रिय गराउनै पर्छ।

**देवकी पहारी,** ***प्रतिनिधि, नेकपा एमाले एवं अध्यक्ष ताल बाराही विद्यालय व्यवस्थापन समिति***
शिक्षामा खराब खालको राजनीतिक खेल घुसेको छ। विद्यालय, कलेज तोडफोड गर्ने, प्रअदेखि भिसीसम्मलाई कालोमोसो दल्ने जस्ता कुरीति, कुसंस्कार बसेको छ। यो काम जति छिटो बन्द हुन्छ विद्यालयको व्यवस्थापनमा त्यति नै छिटो सुधार आउँछ।

**भीमप्रसाद सुवेदी,** ***अध्यक्ष, शिक्षक युनियन कास्की एवं प्रअ कालिका उमावि***
मेरो विचारमा त समुदायलाई अधिकार दिने नाममा तल्लो तहका निकायलाई अधिकार दिनाले नै योग्य शिक्षक छान्न कठिनाई र फै-झगडाको अवस्था आएको हो। सरकारले एकद्वार प्रणालीबाट नै शिक्षकको नियुक्ति गर्नुपर्छ। योग्य शिक्षक पाउनका लागि राज्यले दिने सेवासुविधामा पनि उत्तिकै ध्यान दिन सक्नुपर्छ। सरकारले हाम्रा मागलाई बेवास्ता गर्छ। यसले गर्दा शिक्षकहरूमा पेशाप्रति निराशा र वितृष्णा जाग्न सक्छ।

**भूमि पराजुली**
***प्रतिनिधि एमाओवादी, कास्की***
अभिभावक, शिक्षक, विद्यार्थी, शिक्षा कार्यालयलगायतका सबै संयन्त्रले आ-आफ्नो स्थानबाट सकारात्मक भूमिका खेले स्कूलको व्यवस्थापन राम्रो भइहाल्छ। राजनीतिले नकारात्मक भूमिका खेल्यो भन्ने कुरा शतप्रतिशत सही होइन। सारमा, राजनीतिले राम्रो गरेको छ। यो पक्कै हो कि राजनीतिले नराम्रो पनि गरेको छ। राजनीतिले गरेको नराम्रो कुरा हटाऔं, राम्रो कुरालाई निरन्तरता दिऊँ।

**स्थिरप्रसाद खनाल**
***अध्यक्ष, अखिल नेपाल शिक्षक सङ्गठन, कास्की***
विद्यालयको व्यवस्थापनमा सुधार ल्याउनका लागि अभिभावकको चेतनास्तर अभिवृद्धि हुनुपर्छ। समुदायमा बसेका सबैले 'म' र 'मेरो' भन्दा माथि उठेर 'हामी' र 'हाम्रो' भन्ने धारणा बनाउनुपर्छ। विद्यालयसँग सम्बन्धित सबै पक्षहरूमा लगनशील, इमानदार, पारदर्शी र जवाफदेही हुनुपर्छ। यसमा विद्यालय व्यवस्थापन समिति पनि पर्छ। विद्यालयको व्यवस्थापन समितिले जति पारदर्शी र जवाफदेहीपूर्ण तरिकाले काम गर्छ, त्यति नै स्कूलको व्यवस्थापन सुधार हुने कुरामा शङ्का छैन।

विद्यालयलाई आवश्यक आर्थिक तथा अन्य साधन र स्रोतको जोहो गरिदिने दायित्व राज्यको हो। राज्यले पर्याप्त साधनस्रोतको व्यवस्था नगरिदिएकाले स्कूलको व्यवस्थापनमा समस्या पैदा भएको हो। राज्यले न त पर्याप्त शिक्षक दिएको छ, न त पर्याप्त आर्थिक स्रोत नै। यस्तो अवस्थामा विद्यालयको व्यवस्थापन कसरी चुस्त र प्रभावकारी हुनसक्छ?

**कृष्णप्रसाद अधिकारी**
***अध्यक्ष, नेपाल राष्ट्रिय शिक्षक परिषद्, कास्की***
विद्यालय व्यवस्थापन सुधार्न २०४६ सालमा प्रजातन्त्रको आगमनसँगै मौलाउँदै आएको अप्रजातान्त्रिक कुसंस्कारको अन्त्य हुनुपर्छ। दलीय राजनीतिक हस्तक्षेप भएन भने स्कूलको व्यवस्थापन स्वतः सुध्रन्छ। नत्र जति गरे पनि सुध्रन्न। किनकि स्कूलको व्यवस्थापन राम्रो हुन नदिने मुख्य तत्व नै यही हो।

**अशोक पालिखे**
***कुमुदिनी होम्स (निजी स्कूल)***
व्यक्तिको उत्प्रेरणा, अठोट र काम गर्ने क्षमता राम्रो भयो भने उसले नेतृत्व गरेको संस्था राम्रो हुन्छ। पोखराको राष्ट्रिय माविकै उदाहरण लिऔं। हरि खनाल सर आएपछि २०० जना विद्यार्थी भएको स्कूलमा एकाएक ७०० जना पुऱ्याउनुभएको छ। प्रतिबद्ध भएर लागिपरे नहुने के रहेछ त? कति पढेलेखेको अध्यक्ष छ भन्ने भन्दा पनि समुदाय, शिक्षक र विद्यार्थीलाई नेतृत्व गरेर काम लिन सकेको छ कि छैन भन्ने मुख्य सवाल रहेछ।

> **"राजनीतिले नकारात्मक भूमिका खेल्यो भन्ने कुरा शतप्रतिशत सही होइन। सारमा, राजनीतिले राम्रो गरेको छ। यो पक्कै हो कि राजनीतिले नराम्रो पनि गरेको छ। राजनीतिले गरेको नराम्रो कुरा हटाऔं, राम्रो कुरालाई निरन्तरता दिऊँ।**
>
> **– भूमि पराजुली"**

अचेल शिक्षामा आएको विकृतिको जड भनेको राजनीतिक दलहरूको अनुचित दबाब हो। उनीहरूको संरक्षणका कारण प्रअ र व्यवस्थापन समितिभन्दा एउटा शिक्षक बलियो हुन्छ। 'ए यसो गर्नु भएन है' भनेर भन्नै नपाइने, चेतावनी दिनै नपाइने, कताबाट कसको फोन आएर थर्काइने हो भन्ने उल्टै त्रास हुने अवस्था छ। यसले शिक्षाको गुणस्तर कसरी राम्रो हुन सक्छ? राम्रोलाई राम्रो र नराम्रोलाई नराम्रो भन्न नपाइने र नसक्ने अवस्था आज किन आयो? राजनीतिक दलहरूको अप्रजातान्त्रिक एवं आत्मकेन्द्रित सोच र आचरणका कारण हो यस्तो भएको।

व्यवस्थापन समितिको अध्यक्ष बन्नैका लागि अहिले अर्काको बच्चा *एडप्ट* गरेर अभिभावक भन्ने विकृति समेत शुरु भएको छ। यो राम्रो कुरा होइन। यसमा वास्तविक अभिभावक नै अध्यक्ष हुनुपर्ने व्यवस्था गर्न सक्नुपर्छ। बरु चाहिन्छ नै भने त्यस्ता उत्साही र

ज्ञान भएका व्यक्तिहरूलाई सल्लाहकारको रूपमा राख्न सकिन्छ ।

**जगन्नाथ अधिकारी**

***अध्यक्ष, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, कास्की***

हामीकहाँ आफू प्रयत्न गर्ने बानी नै छैन । विद्यालय सुधार योजना (एसआईपी) बनाउने सवालमा पनि एउटा कुनै स्कूलले बनाएको एसआईपीको फोटोकपी गरेर धेरै स्कूलले बुझाउने ठग प्रवृत्ति चलेको छ । अरु विद्यालयको नाम ठेगाना दिनुस् म बकाइदाको 'एसआईपी' तयार गरिदिन्छु भन्ने दलाल समूहको खेती समेत शुरु भइसकेको छ । अर्कैको स्कूलमा आधारित भएर बनाएको एसआईपी कताको स्कूलले बुझाउँदा कसरी राम्रो योजना बन्छ र ! जब योजना नै सही बन्दैन भने त्यो कसरी कार्यान्वयनमा आउँछ ?

**विष्णुमणि लामिछाने**

***अध्यक्ष, नेपाल शैक्षिक गणतान्त्रिक मञ्च, कास्की***

सरकारी विद्यालयमा जागिर खाने शिक्षकहरूले आफ्ना छोराछोरीहरूलाई अनिवार्य रूपमा सरकारी स्कूलमा नै पढाउनुपर्छ । साथै राजनीतिक दलका नेताहरू तथा कर्मचारीका लागि पनि यही नियम लागू हुनुपर्छ । अनि मात्र शिक्षक; राजनीतिज्ञ र कर्मचारी तीनै पक्षको केन्द्रमा सरकारी स्कूल पर्छ । त्यसपछि मात्र सुध्रिन्छ सरकारी स्कूलको व्यवस्थापन र शैक्षिक गुणस्तर ।

अर्को महत्त्वपूर्ण कुरा, आचारसंहिता लागू गर्नु/गराउनु पर्छ । शिक्षा नियमावलीमा भनिएको छ, शिक्षकले कुनै पनि पार्टीको सदस्यता लिएको हुनुहुँदैन । तर यहाँ हाम्रा सबै शिक्षकहरू कोही काङ्ग्रेसको जिल्ला समितिको सदस्य, कोही एमालेका र कोही माओवादी वा अरू कसैका कार्यकर्ता छन् । त्यसैले; पालन गर्न सकिने नियम बनाइयोस् र जे बनाइन्छ त्यो पालना गरियोस् ।

**तिलक सिलवाल**

***उपसचिव, जिल्ला शिक्षा कार्यालय, कास्की***

विद्यालय व्यवस्थापन सुधारका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा, विव्यासका पदाधिकारीहरू सक्षम र स्कूलको प्रगतिका लागि प्रतिबद्ध हुनुपर्छ । हालको शिक्षा नियमावलीमा उल्लेख भएको विव्यासको अध्यक्षको शैक्षिक योग्यताका सवालमा विद्यमान लचकताले गर्दा योग्य व्यक्ति बाहिर र अयोग्य व्यक्ति भित्र पर्ने सम्भावना बढी देखिएको छ । त्यसैले यसमा संशोधन गरिनुपर्छ । माथिल्लो योग्यता भएका अभिभावकलाई प्राथमिकता दिने भन्ने प्रावधान राखिएमा सजिलो पर्छ ।

विद्यालय व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकारका विषयमा अभिभावकहरूलाई जानकारी नहुन सक्छ । त्यसैले यस विषयमा अभिमुखीकरण र तालिम पनि जरुरी छ । जो



व्यवस्थापन समितिको अध्यक्ष पदमा छानिन्छ; त्यो व्यक्तिलाई अनिवार्य रूपमा कम्तीमा एक हप्ता कसरी विद्यालयको व्यवस्थापन सुधार्न वा राम्रो गर्न सकिन्छ भन्ने विषयमा व्यवस्थापकीय तालिम दिनै पर्छ। यसका साथै शिक्षक अभिभावक, अभिभावक संघ, विद्यार्थी वर्गबाट पनि प्रतिनिधि भेला गराएर प्रत्येक वर्ष विद्यालय व्यवस्थापनका विषयमा हिजो के भयो र अब कसरी अगाडि बढ्ने भन्ने विषयमा अन्तरक्रिया गरिनुपर्छ। विद्यालयको व्यवस्थापनलाई चुस्त बनाउनका लागि भौतिक मात्र भएर पुग्दैन यसका लागि शैक्षिक, आर्थिक, प्रशासनिक पूर्वाधारहरू पनि चाहिन्छ।

एउटा विद्यालयले गरेका राम्रा पक्षहरू अरू विद्यालयहरूले सिक्न सक्छन्। त्यसका लागि राम्रा व्यवस्थापन भएका विद्यालयको भ्रमण गर्ने र नयाँ कुरा सिक्ने प्रवृत्तिको विकास गरिनुपर्छ। सरकारी विद्यालयले सरकारीसँग मात्रै सिक्नुपर्छ भन्ने छैन। संस्थागत विद्यालय किन र कसरी राम्रा भए? त्यहाँको व्यवस्थापन कस्तो रहेछ यस विषयमा पनि आपसी भ्रमण र अन्तरक्रिया गरेर सिक्न सकिन्छ र सिकेका कुरा आफ्नो विद्यालयमा लागू गरेर व्यवस्थापनमा सुधार ल्याउन सकिन्छ।

**वैकुण्ठ अर्याल**

***जिल्ला शिक्षा अधिकारी, कास्की***

छलफलमा सबै कुराहरू आइसकेकाले म चाहिँ छलफलको निष्कर्ष मात्र राख्न सान्दर्भिक देख्दछु। छलफलको निष्कर्ष यस्तो पाएँ:

- सबै सरोकारवालाहरू आ-आफ्नो ठाउँबाट सकारात्मक भूमिका निर्वाह गर्न प्रतिबद्ध र अग्रसर हुनुपर्दछ।
- शिक्षामा दलीय राजनीतिक हस्तक्षेप हुनुहुँदैन।
- केटाकेटीलाई शिक्षा दिने मुख्य कर्ता भनेको शिक्षक हो। त्यसैले शिक्षकको तयारी, विकास र व्यवस्थापनमा प्रभावकारिता चाहिन्छ।
- शिक्षा प्रशासकहरू पनि चुस्तदुरुस्त हुनुपर्छ।
- राज्यद्वारा गरिने लगानी बढाउनुपर्छ।
- विभिन्न निकायबीच र एउटै निकायअन्तर्गत पनि सामञ्जस्यता र समन्वयको आवश्यकता छ।
- पेशागत इमानदारी हुनुपर्छ।
- दण्डविहीनताको अन्त्य भई विधिको शासन हुनुपर्छ।
- शिक्षक र व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धिको प्रभावकारी तालिम हुनुपर्छ।
- राम्रो काम गर्नेलाई पुरस्कार र नराम्रो गर्नेलाई दण्डको व्यवस्था हुनुपर्छ।
- एउटा विद्यालयको सफलताबाट अर्को विद्यालयले सिक्नुपर्छ।

अन्तरक्रिया कार्यक्रम, पोखरा
बिहीबार, १८ चैत २०६६




राजकुमार बराल



# नेतृत्व गतिलो भए व्यवस्थापन राम्रो

**विश्वव्यापी रूपमा प्रअको भूमिका फेरिँदै आएको देखिन्छ। पहिले ऊ प्रशासक थियो भने पछि विद्यालय व्यवस्थापक। अहिले आएर प्रअ विद्यालयको नेतृत्वकर्ता बन्न पुगेको छ।**

नेपालमा झैँ विश्वव्यापी रूपमा विद्यालयको व्यवस्थापन राज्य, समुदाय, नाफा तथा गैरनाफामुखी निजी क्षेत्र, परम्परागत धार्मिक संस्था र परोपकार गुठीहरूले लिएका देखिन्छन्। विकिपिडिया विश्वकोशका अनुसार विश्वका अधिकांश देशहरूमा यिनै पाँचवटै खाले विद्यालय व्यवस्थापन संरचना अस्तित्वमा छन्। विकसित देशमा भौतिक पूर्वाधार र शिक्षण सिकाइ वातावरणको दृष्टिले पनि विभिन्न खाले व्यवस्थापन भए पनि तिनीहरूको गुणस्तरमा समानता भेटिन्छ। ती दुवै प्रतिस्पर्धी पनि हुन्छन्। विकासोन्मुख देशमा सरकारी विद्यालय, सामुदायिक विद्यालय, परोपकार गुठीबाट सञ्चालित विद्यालयहरूको व्यवस्थापन निजी विद्यालयको तुलनामा पछि पर्दै गएका देखिन्छन्। निजी विद्यालयको व्यवस्थापनले गुणस्तर दिन्छ भन्ने आम धारणा छ। सरकारी, सामुदायिक विद्यालयहरू सस्ता र तिनका व्यवस्थापन खुकुला देखिन्छन्। धार्मिक विद्यालयका व्यवस्थापन भने अनुशासन र धार्मिक विषयवस्तुका दृष्टिले भने कडा मानिन्छन्। कतिपय विकसित देशका धार्मिक स्कूलहरू अन्य स्कूलसँग प्रतिस्पर्धी अरु कतिपय ठाउँमा अगाडि देखिन्छन् भने विकासोन्मुख देशका धार्मिक स्कूलहरू देशको शैक्षिक मूलधारमा भेटिँदैनन्। तर कमजोर व्यवस्थापन भएर पनि अधिकांश देशहरूमा सरकारी व्यवस्थापनका विद्यालयहरूमा बढी विद्यार्थीहरू पढ्छन्।

विकिपिडियाका अनुसार सन् १८५२ मा मसाचुसेट्स राज्यमा अनिवार्य शिक्षाको सुरुआत भएदेखि अमेरिकामा निजी र सरकारी विद्यालय र तिनका व्यवस्थापन संरचनाबारे बहसमा आएको थियो। अनुसन्धानकर्ता रोबर्ट केनेडीका अनुसार अहिलेका दिनमा निजी, सरकारी, सामुदायिक विद्यालय व्यवस्थापनमध्ये कुन उत्तम भन्ने विवाद र बहस पनि विश्वव्यापी नै छ। उनको विचारमा चुस्त व्यवस्थापन संरचनाका कारणले पनि सामुदायिक र सरकारीभन्दा निजी विद्यालयमा शिक्षकलाई पढाउन र विद्यार्थीलाई पढ्न सहज र राम्रो छ। निजीको व्यवस्थापन सरकारीको तुलनामा चुस्त र प्रभावकारी भएकाले त्यस्तो शिक्षक र विद्यार्थी दुवैले राम्रो अनुभव गरेका हुन्।

अबको विद्यालय व्यवस्थापनको विश्वव्यापी बहस केवल संरचनागत रूपमा विद्यालयको व्यवस्थापनबारे नभई विद्यालयको प्रशासनिक व्यवस्था, भौतिक सम्पत्ति व्यवस्थापनदेखि विद्यार्थीको सिकाइ र शिक्षकका हकअधिकारबारेमा ध्यान दिन थालेको देखिन्छ। विद्यालय व्यवस्थापन संरचनाको दृष्टिमा भन्दा पनि विद्यालयभित्र 'फेसिलिटिज म्यानेजमेन्ट'तिर पनि केन्द्रित हुँदै गएको देखिन्छ। इमो स्टेट युनिभर्सिटी नाइजेरियाका प्रोफेसर हुओमा पी एजियावाकको न्यूयोर्क साइन्स जर्नल (२००८, भोलुम १ (२) मा प्रकाशित *द निड फर इफेक्टिभ फ्यासिलिटी म्यानेजमेन्ट इन स्कुल्स इन नाइजेरिया* भन्ने अनुसन्धानात्मक लेख अनुसार समग्र विद्यालय व्यवस्थापनका लागि विद्यालयभित्रका सेवा सुविधा (स्कूल फेसिलिटिज) को व्यवस्थापन गर्नुपर्छ। उनका अनुसार शिक्षाको उद्देश्य हासिल गर्न 'स्कूल फेसिलिटिज'हरू गुणस्तरीय हुनुपर्छ। 'स्कूल फेसिलिटिज' को अर्थ र दायरा असाध्यै फराकिलो छ। विद्यालयमा हुने शिक्षण सिकाइ र नयाँ प्रविधिसहितको भौतिक व्यवस्थापनसम्म पनि *स्कूल फ्यासिलिटिज* सँग सम्बन्धित छ।

सरकारी, निजी अथवा सामुदायिक कस्तो व्यवस्थापन संरचनाको विद्यार्थीको सिकाइ उपलब्धिमा पार्ने प्रभावबारे पनि अनुसन्धानहरू भएका छन्। जस्तो अक्सफोर्ड जर्नल (२००७) मा प्रकाशित इमानुअल जिमेनल, मार्लिन ई लकहिड र भीसेन्ट पाकको अनुसन्धानात्मक लेख *दी रिलेटिभ इफिसेन्सी अफ प्राइभेट एण्ड पब्लिक स्कुल्स इन डेभेलपिङ कन्ट्रिज* मा विश्वव्यापी रूपमा निजी, सामुदायिक र सरकारी विद्यालयका शिक्षकहरूबीच तुलना गर्दा निजी विद्यालयका शिक्षकहरू मेहनती, योग्य र अध्ययनशील देखिएका छन्। अरु शिक्षाका प्राध्यापक साराइ थेउले लुविइनस्की र कोरिना कानेले सन् २००७ मा गरेको अध्ययनले त निजीभन्दा सरकारी विद्यालयको विद्यार्थीको राम्रो प्राप्ताङ्क भएको देखाएको छ। यसको

विपरित पन्जाब सरकार, विश्व बैंक, पोमोना कलेज, पञ्जाबको संयुक्त प्रयासमा पञ्जाबका स्कूलमा सिकाइ र शैक्षिक उपलब्धिसम्बन्धी सन् २००८ देखि भइरहेको चारवर्षे अध्ययनले सरकारीभन्दा निजीको गुणस्तर राम्रो देखाएको छ। उक्त अध्ययन अनुसार सरकारी विद्यालय व्यवस्थापन लागत(इनपुट)मा र निजी विद्यालय व्यवस्थापन प्रतिफल (आउटपुट)मा केन्द्रित देखिएको बताएको छ। *युरोपियन युनिभर्सिटी इन्स्टिच्यूट डिपार्टमेन्ट अफ पोलिटिकल एण्ड सोसल साइन्सेसको अध्ययन (२००३)* अनुसार पनि निजी विद्यालय व्यवस्थापन बढी प्रभावकारी हुने देखाएको छ।

संसारका सबैखाले विद्यालयहरू समुदायबाटै स्वस्फूर्त रूपमा धार्मिक या लोककल्याणकारी भावनाबाट विकसित भएका पाइन्छन्। सरकारी र निजी विद्यालय व्यवस्थापनको इतिहासलाई फर्केर हेर्दा सन् ६० को दशकतिर निजी विद्यालयहरू फष्टाई नसकेका बेला सामुदायिक, सरकारी विद्यालयहरूको व्यवस्थापन र गुणस्तर विश्वव्यापी रूपमा राम्रो थियो। सिद्धान्ततः विश्वव्यापी रूपमा निजी विद्यालय र सरकारी विद्यालयबीच दुई प्रकारको भिन्नता पाइन्छ। निजी विद्यालय विश्वव्यापी रूपमै नाफाका लागि र बजार नियन्त्रित देखिन्छ भने सरकारी विद्यालय आम भलाइ र आम शिक्षाका लागि क्रियाशिल देखिन्छन्। निजी विद्यालय र सरकारी विद्यालय व्यवस्थापनबीच दौडिने इन्धन नै फरक भएपछि यिनको दौडको गति र गुणस्तरमा पनि विश्वव्यापी रूपमै भिन्नता देखा परेका छन्।

सरकारले व्यवस्थापन गर्दा बढी राजनीतिक हस्तक्षेप केही अध्ययनहरूले देखाएका छन्। शैक्षिक अनुसन्धानकर्ता सुशन मुरेले सन् २००७ मा तयार गरेको प्रतिवेदन अनुसार शिक्षक युनियनमा लागेका शिक्षकहरूमा उत्तरदायी हुनु नपर्ने, समुदाय र स्थानीय व्यवस्थापकबाट बाँधिनुपर्छ र राजनीति गर्न पाइँदैन भनेर विद्यालय समुदायमा हस्तान्तरणको विरोध र सरकारी स्वामित्वकै कुरा गर्छन् भनिएको छ। त्यसरी युनियनमा लागेका शिक्षकहरू शक्तिशाली हुने भएकाले विद्यालय व्यवस्थापन पक्षले उनीहरूलाई केही गर्न सक्दैनन् भन्ने निष्कर्ष निकालिएको छ।

कतिपय अध्ययनहरूले विद्यालय व्यवस्थापनको जिम्मा प्रतिबद्ध र योग्य प्रधानाध्यापकलाई दिए मात्र स्कुल गतिलो हुने निष्कर्ष निकालेका छन्। अनुसन्धानकर्ताहरू प्रोउटी, गोविन्दा र वर्गिसले सन् १९९३ मा, फराहले सन् १९९६ मा क्रमशः थाइल्याण्ड, भारत र पाकिस्तानमा गरेको अध्ययनको निष्कर्ष छ, विद्यालय व्यवस्थापनको काम विद्यालय प्रमुखको दायित्वअन्तर्गत पर्नुपर्दछ। विश्वका विद्यालय व्यवस्थापनका राम्रा पक्षहरू दक्ष प्रधानाध्यापकको कुशल नेतृत्व, मेहनती शिक्षकहरू, जागरुक र सहयोगी समुदायकै महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने कुरामा उक्त अनुसन्धानले जोड दिएको छ। दक्षिणएसियामा संरचनाभित्रको व्यक्ति, समूह र शक्तिबीचको सत्ता या निहित स्वार्थहरूको सङ्घर्षले प्रभावकारी विद्यालय व्यवस्थापनलाई निष्कामी तुल्याइरहेको प्रतिवेदनहरूले देखाएका छन्। दक्षिणएसियाको सांस्कृतिक र सामाजिक परिवेशको पृष्ठभूमिमा विद्यालय प्रमुखको नेतृत्वमा विद्यालय व्यवस्थापन छोड्न चाहेको देखिन्छ भने विकसित विश्व प्रधानाध्यापक, शिक्षक र समुदाय तीनैथरी प्रभावकारी विद्यालय व्यवस्थापनका वाहक हुन् भन्ने निष्कर्ष निकालिरहेको छ।

त्यसो त विद्यालय व्यवस्थापनमा प्रधानाध्यापकहरूका पनि फरकफरक क्षमता हुन्छन्। प्रअको उमेर र अनुभवले पनि यसमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। अनुसन्धानकर्ता नेलफर्गुसन र अरूहरूले सन् १९९८ मा गरेको अनुसन्धानले नयाँ प्रधानाध्यापकले व्यवस्थापकीय सुझावहरूलाई सहज रूपमा लिने तर पुरानाले चेतावनीको रूपमा लिने उल्लेख गरेका छन्। अर्थात् मानिसको उमेरसँग उसको ग्रहणशीलता र सिक्ने रुचि निर्धारित हुन्छ भन्ने कुरालाई पुनःपुष्टि गरेको छ। उता अनुसन्धानकर्ता हिलको सन् २००० मा प्रकाशित प्रतिवेदनमा प्रअमा हुनुपर्ने मुख्य मुख्य गुणहरूको सूची नै सिफारिस गरिएको छ- फरक, नयाँ र राम्रो काम गर्ने चाहना हुनुपर्ने, आकर्षित गर्ने र प्रोत्साहित गर्ने क्षमता हुनुपर्ने, नयाँ सोच र कार्ययोजना हुनुपर्ने र विद्यालयको प्रगतिको निरन्तर अनुगमन र मूल्याङ्कन गर्न प्रतिबद्ध हुनुपर्छ। ३४ वर्षे शिक्षण अनुभव र १२ वर्षे प्रधानाध्यापकको जिम्मेवारी वहन गरी अवकाश प्राप्त बेलायती हेड टिचर डेभिड डसनको अनुभवमा, एउटा असल *हेड टिचर*को बोलिवचन र प्रोत्साहनले विद्यार्थी तथा शिक्षकलाई काम लगाउन सक्छ र विद्यालयलाई राम्रो बनाउन सक्छ। त्यस्तै सन् २००७ मा प्रकाशित युनेस्कोको विश्व अनुगमन प्रतिवेदन अनुसार राम्रो विद्यालय बनाउन प्रधानाध्यापकको कुशल नेतृत्व क्षमता चाहिन्छ। विश्वव्यापी रूपमा प्रअको भूमिका फेरिँदै आएको देखिन्छ। पहिले ऊ प्रशासक थियो भने पछि विद्यालय व्यवस्थापक। अहिले आएर प्रअ विद्यालयको नेतृत्वकर्ता बन्न पुगेको छ।

> “फ्रान्स, जर्मनी, हङकङमा राज्यले विद्यालयलाई ज्यादा नियन्त्रित गर्ने र क्यानाडा, अमेरिका, अष्ट्रेलिया, बेलायतमा विद्यालयलाई अलि बढी स्वायत्तता दिइएको पाइन्छ भने न्यूजिल्याण्ड र नेदरल्याण्डमा स्कूललाई अरू देशको तुलनामा ज्यादा स्वायत्तता दिइएको छ।”

नेपाल, बङ्गलादेश, भारत, कोरिया र श्रीलङ्कासमेत समेटिएको युनेस्कोको एसियामा सुपरीवेक्षण र सहयोग सेवा प्रतिवेदनले विद्यालय व्यवस्थापनको सवालमा विद्यालयलाई स्वायत्तता दिने बढ्दो लहर राम्रोसँग स्थापित भएको र विद्यालय स्वायत्ततालाई प्राथमिकता दिनुपर्ने सुझाव दिएको छ। उक्त प्रतिवेदनउपर छलफल गर्न कोरियामा सेमिनारको आयोजना गरिएको थियो। संरचनागत र धारणागत परिवर्तनबाट मात्रै अब

विद्यालय व्यवस्थापन र सुपरीवेक्षणमा सुधार ल्याउन सकिन्छ तर विश्वका अधिकांश देशहरूले त्यस्ता संरचनागत र धारणागत परिवर्तनका शर्तहरूमाथि पर्याप्त ध्यान नदिइकनै विद्यालय व्यवस्थापनमा सुधार चाहेका छन् भन्ने कुरामा सहभागीहरू सहमत भएका थिए। उक्त प्रतिवेदनले विद्यालय व्यवस्थापन र निरीक्षण प्रणाली लचक र विविधतायुक्त हुनुपर्छ भन्ने कुरामा जोड दिएको थियो। राम्रोसँग विद्यालयहरू चल्न दक्ष र अनुभवी प्रधानाध्यापक र शिक्षकहरू हुनुपर्छ र राम्रो आन्तरिक व्यवस्थापन र नियन्त्रण संयन्त्र भएमा विद्यालयहरूलाई सघन बाह्य व्यवस्थापन र निरीक्षणको जरुरी हुँदैन भन्ने निष्कर्ष सो प्रतिवेदनको थियो। अर्कोतिर, अदक्ष प्रधानाध्यापक र शिक्षण पेशाप्रति कम आकर्षण भएका शिक्षकहरू भएको विद्यालय व्यवस्थापन कमजोर हालतमा चलेको हुन्छ। यस्ता विद्यालयहरूलाई सुधार गर्नु सहज र सरल छैन। विभिन्न प्रकारका दिगो, स्थानीय दरबन्दीका निरीक्षकहरू, स्रोत केन्द्रहरू, स्रोत शिक्षक, नमूना शिक्षक जस्तामार्फत दिगो व्यवस्थापन र निरीक्षण व्यवस्थाको आवश्यकता छ भन्ने सिफारिस पनि सोही प्रतिवेदनले गरेको थियो।

संरचनाको आधारमा हेर्दा विश्वव्यापी रूपमा समाजवादी र लोककल्याणकारी नीति अपनाउने र अपनाउनुपर्ने विकासोन्मुख देशहरूमा विद्यालय व्यवस्थापनको लहर समुदायमा हस्तान्तरण गर्ने नै देखिन्छ। तर विकसित र पूँजीवादतर्फ उन्मुख देशहरूमा विद्यालय व्यवस्थापन निजी क्षेत्रलाई दिने लहर देखिन्छ। यता आएर सार्वजनिक विद्यालयलाई करारमा निजी क्षेत्रलाई दिने अभ्यास बढ्दै गएको छ। न्यूजिल्याण्ड, नेदरल्याण्ड, अमेरिका (शिकागो राज्य) जस्ता देशहरूमा विद्यालयलाई गुणस्तर मापदण्ड बनाई त्यो मापदण्ड पूरा गर्ने शर्तमा निश्चित अवधि विशेष गरी पाँच वर्षको लागि करारमा नाफामुखी निजी क्षेत्र अथवा गैरनाफामुखीलाई दिइएको पाइन्छ। त्यस्ता विद्यालयहरूको सञ्चालन अनुमति, अनुगमन नियन्त्रण गर्ने काम *स्कूल बोर्ड अफ ट्रस्टिज, बोर्ड अफ एजुकेशन* जस्ता निकायहरू स्थापना गरी गरिएको हुन्छ। फ्रान्स, जर्मनी, हङकङमा राज्यले विद्यालयलाई ज्यादा नियन्त्रित गर्ने र क्यानाडा, अमेरिका, अष्ट्रेलिया, बेलायतमा विद्यालयलाई अलि बढी स्वायत्तता दिइएको पाइन्छ भने न्यूजिल्याण्ड र नेदरल्याण्डमा स्कुललाई अरू देशको तुलनामा ज्यादा स्वायत्तता दिइएको छ। अमेरिकामा रहेका चार्टर स्कुलहरू शैक्षिक योजनाहरू बनाउनदेखि कार्यान्वयन गर्नसम्म स्वतन्त्र देखिन्छन्। त्यहाँ राज्यको कुनै हस्तक्षेप रहँदैन।

सन् २००९ मा प्रकाशित अमेरिकन प्रोफेसर ओउचीको पुस्तक *दी सेक्रेट अफ टोटल स्टुडेन्ट लोन: दी रिभोलुसनरी डिस्कभरी द्याट राईजेज स्कुल परफरमेन्स* मा शक्ति केन्द्रीय कार्यालयको तुलनामा अभिभावक, प्रिन्सिपल र शिक्षकहरूमा दिँदा विद्यार्थीले



राम्रो गर्ने र अभिभावक र शिक्षकहरू पनि सन्तुष्ट हुने देखाएको छ । उक्त पुस्तकमाथि टिप्पणी गर्दै विश्लेषक बाले नाफामुखी संसारमा मात्रै विद्यालय व्यवस्थापन राम्रो हुने विचार राखेका छन् । उनले प्रोफेशर ओउचीले भने जस्तो शक्ति मात्र दिएर नभई आर्थिक स्रोतको व्यवस्था र अभिभावकको आर्थिक हैसियत सँगसँगै उठाउन सकियो भने विद्यालय व्यवस्थापन राम्रो हुने तर्क गरेका छन् ।

शिक्षाविद् डब्लु हुघिजको सन् २००४ मा प्रकाशित पुस्तक *करेन्ट ईस्युज ईन स्कुल लिडरसीप* पुस्तकले विद्यालयको नेतृत्वलाई नै सबैभन्दा बढी जिम्मेवार मानेको छ । विश्वव्यापी रूपमा अहिलेको विद्यालय नेतृत्वको सवाल सामाजिक र राजनीतिक, पाठ्यक्रम, सिकाइ, साङ्गठनिक र व्यवस्थापनसँग सम्बन्धित छ र यसलाई विद्यालय व्यवस्थापनको विश्वव्यापी चुनौतीको रूपमा चित्रित गरिएको छ । त्यस्तै स्कूलका मुख्य सरोकारवाला विद्यार्थी, शिक्षक र अभिभावक सबैको अपनत्वको सवाल पनि उत्तिकै महत्त्वपूर्ण चुनौतीका रूपमा उपस्थित छ । त्यसैले यी सवालहरूलाई एकसाथ ठोस रूपले सम्बोधन नगरिकन अब स्कूलको व्यवस्थापन प्रभावकारी रूपले गर्न सकिन्न भन्ने कुरा स्पष्ट छ । नेपालले पनि यी सवालहरूको उत्तर नखोजी विद्यालयको व्यवस्थापनमा अपेक्षित सुधार गर्न सक्ने देखिँदैन ।


# 'प्राइमरी टिचर'

**_शिक्षक_ को साउन अंक प्राथमिक-पूर्व प्राथमिक विद्यालयको पठन-पाठनको अवस्था, सम्भावना र प्राथमिक तहका शिक्षकमा केन्द्रित हुनेछ ।**

शिक्षक

- पूर्व/प्राथमिक कक्षामा कसरी पढाइँदैछ, कतिले सिक्दैछन् ?
- प्राथमिक शिक्षकहरू के गर्दैछन्, कसरी पढाउँछन्, आफ्नो काम (र जागिर)लाई कसरी हेर्छन् ? के भन्छन् ?
- प्राथमिक शिक्षालाई सम्पूर्ण शिक्षाको जगको रूपमा कसरी बलियो पार्न सकिन्छ ?
- प्राथमिक शिक्षकलाई बढी सक्रिय, सन्तुष्ट, क्रियाशील, परिणामदायी बनाउन के गर्नुपर्छ ? के-के गर्न सकिन्छ ?

आफ्ना अनुभव, विचार/सुझाव १००० शब्दमा नबढाई असार २५ गतेभित्र *शिक्षक* मासिकको ठेगानामा आइपुग्ने गरी पठाउनुहोला ।

इमेल: mail@teacher.org.np, पोष्ट बक्स: १६६, पाटनढोका, ललितपुर ।



# योग्यता र लगनका प्रतिमूर्ति
# कृष्ण सर


सुरेशराज न्यौपाने

बगनाहाको चुरे उमावि हिजोआज बर्दिया जिल्लाको मात्र नभई मध्यपश्चिमकै एउटा उत्कृष्ट सामुदायिक विद्यालयको रूपमा चिनिन्छ । २०६३ सालमा क्षेत्रीय पुरस्कार जितेको यही उमाविले २०६५ मा क्षेत्रीय शिल्डका अतिरिक्त कार्यदक्षता मूल्याङ्कनको आधारमा रु.२६ लाख ४३ हजारको नगद पुरस्कार समेत पाइसकेको छ । विद्यालयले हासिल गरेको यो प्रतिष्ठाको मुख्य आधार भौतिक पूर्वाधार, आर्थिक अवस्था र परीक्षाको नतिजा नै हो । र, ती आधार निर्माण गर्ने सबैभन्दा बढी श्रेय प्रधानाध्यापक कृष्णप्रसाद पौडेललाई जान्छ ।

२ भदौ २०३७ मा पौडेलले यो विद्यालयको प्रअको जिम्मेवारी लिँदा जम्मा ४०० जना विद्यार्थी थिए । अहिले उमाविमा ४०० सय, मावि तहमा १,६७५ र स्नातकमा ३५० विद्यार्थी छन् । उल्लेखनीय कुरा के छ भने, यहाँ छात्रभन्दा छात्रा बढी छन् । तर अन्य कतिपय शहरी इलाकामा झैं छोरा निजी स्कूलमा र छोरी सरकारीमा पढाउने चलन भएकाले यहाँ छात्रा बढी भएका भने होइनन् । किनकि त्यो इलाकामा निजी स्कूल अझै खुलेका छैनन् । त्यसो भए यसको कारण के होला त ? पौडेल प्रस्ट्याउँछन्, “छोरीलाई पनि पढाउनुपर्छ भन्ने जागरण आएको र हामीले पनि घरघर गएर अभिभावकलाई भेटेर सम्झाइबुझाइ गरेकाले गाउँका अधिकांश केटीहरू स्कूल आएका छन् ।”

**सबै हिसाबले चिन्ताजनक अवस्थामा रहेको विद्यालयको प्रअ बन्न पुगेका कृष्ण सरले सबभन्दा पहिला खोजी खोजी अङ्ग्रेजी र नेपाली विषयका राम्रा शिक्षक जुटाए । दुर्गमका विद्यार्थीलाई घरमै निःशुल्क ट्युसन पढाउन थाले । परिणामतः पहिलो वर्षमै एसएलसी दिने २६ जना सबै उत्तीर्ण भए ।**

करिब ३० वर्षअघि उनी प्रअ नियुक्त हुँदा विद्यालय र पढाइको गुणस्तरको अवस्था चिन्ताजनक नै थियो । विद्यालय राम्रो हुन सबैभन्दा पहिला असल शिक्षक धेरै हुनुपर्छ भन्ने बुझेका कृष्ण सरले सबभन्दा पहिला त्यही कुरामा ध्यान दिए । खोजी खोजी अङ्ग्रेजी र नेपाली विषयका शिक्षक जुटाए । दुर्गम र टाढाका विद्यार्थीहरूलाई घरमै निःशुल्क ट्युसन पढाउन थाले । अरू शिक्षकलाई पनि त्यस्तै गर्न प्रेरित गरे । परिश्रमको फल मीठो हुन्छ भने झैं उनी प्रअ भएको पहिलो वर्षमै एसएलसी दिने २६ जना सबै उत्तीर्ण भए । अर्को वर्ष ११५ विद्यार्थीले एसएलसी पास गरेपछि त कृष्णसर जिल्लाभरि नै चर्चित व्यक्ति बन्न पुगे ।

२०५५ देखि उच्च माध्यमिक तहको कक्षा सञ्चालन भएको यस प्रतिष्ठानमा अहिले मानविकी, व्यवस्थापन र विज्ञान (शिक्षा) सङ्कायको पढाइ हुन्छ । मध्यपश्चिममै पहिलो पटक स्नातक तह (बीएड)मा विज्ञान विषय पढाउने शैक्षिक संस्था पनि यही उमावि भएको छ ।

मावि तहको शैक्षिकस्तरमा सुधार आएपछि पौडेलले थारू जातिको बाहुल्य भएको बगनाहामा अभिभावकहरूलाई विद्यालयको भौतिक पूर्वाधार सुधारमा केन्द्रित गराए । नभन्दै, अहिले चुरे उमाविमा सुविधाजनक पुस्तकालय र यथेष्ट फराकिला पक्की कक्षाकोठाहरू छन् । अहोरात्र विद्यालयको उन्नतिमा खटिएका कृष्ण सर संस्थाको हितका लागि पहिला सहकर्मी शिक्षक अनि व्यवस्थापन समितिसँग छलफल गर्छन् र निर्णयमा पुग्छन् । निर्णय लिएपछि त्यसमा अडिग रहने बानी छ । विज्ञान शिक्षक नन्दराम अधिकारी भन्छन्, “ढिलै होस् तर, निर्णय लिएपछि त्यसमा तलमाथि नभई काम गर्ने बानी भएका कारण नै स्कूलको व्यवस्थापन राम्रो भएको छ ।”

कृष्ण सर विद्यालयलाई प्रगतिको बाटोमा डोऱ्याउने कुशल व्यवस्थापक मात्र नभई गणित विषयमा त्यस भेगकै ‘अब्बल शिक्षक’ का रूपमा कहलिएका छन् । गणितलाई निरस विषय मान्ने र घोकाउने चलन विपरित उनी बुझाइलाई प्राथमिकता दिन्छन् । रसिलो गरी गणितका सूत्र बुझाउने उनको शिक्षण विधिले विद्यार्थीहरूमा गहिरो छाप छोड्ने गरेको छ । कुनै

समयका पौडेलका विद्यार्थी र हाल सोही स्कूलका शिक्षक नन्दराम भन्छन्, "उहाँ विषयगत रूपमा पनि धेरै दक्ष र पढाउन पनि उत्तिकै माहिर हुनुहुन्छ।"

विद्यार्थी र अभिभावकबीच कडा हेडमास्टरको छवि बनाएका कृष्ण सरले द्वन्द्वपीडित, गरीब र अभिभावक नभएका १० विद्यार्थीको शुल्क आफैँ बेहोरिरहेका छन्। उनको विचारमा विषयगत दक्षता र कर्तव्यबोधले व्यक्तिलाई राम्रो शिक्षक बनाउँछ। व्यक्ति शिक्षक भएकै दिनदेखि नैतिकता र असल व्यवहारप्रति विशेष रूपमा जागरुक हुनुपर्छ। तर, आजको शिक्षा क्षेत्रलाई राजनीतिले कमजोर बनाउँदै लगेको र विद्यार्थीमा पनि मेहनत गर्ने बानी हट्दै गएकोमा उनी चिन्तित छन्। भन्छन्, "शिक्षाको स्तर उकास्न विद्यार्थीको भूमिका पनि अहम् हुन्छ। अनुशासित, बढीभन्दा बढी कक्षामा बस्ने र शिक्षकले बताएका कुरा कापीमा सार्ने विद्यार्थी कहिल्यै असफल हुँदैन।"

आज नसके भोलि पढाउनुपर्छ, तर कहिल्यै गलत पढाउनुहुँदैन भन्ने मान्यताबाट सधैँ अनुप्राणित कृष्ण सर आफ्ना छोराछोरी भने भरसक शिक्षक नहोऊन् भन्ने चाहन्थे। किनकि, आफ्नै सन्तान शिक्षक भएर पेशामा इमानदार रहेनन् भने आफूले जीवनभर गरेको तपस्या असफल हुने भयले उनले त्यस्तो चाहेका रहेछन्। तैपनि, बर्दियामा सादा जीवन उच्च विचारका प्रतीक बनेका सधैं सेतो साइकलमा हिँड्ने यी शिक्षासेवीका पाँचमध्ये दुई छोरा र एउटी बुहारी शिक्षण पेशामै संलग्न भएका छन्। तीन दशक लामो शिक्षण यात्रामा त्यागपूर्ण साथ दिएकी जीवनसाथी बसुन्धरा यही जेठमा सधैँका लागि छाडेर गइन्, कृष्ण सरलाई। श्रीमतीका गुणहरू सम्झँदै उनी भन्छन्, "उनले आर्थिक अभावमा पनि दुःखले चलाइन्, पैसाका लागि कहिल्यै दबाब दिइनन्, त्यही भएर पनि ममा आर्थिकोपार्जनप्रति खासै चासो रहेन।"

चुरे निमाविलाई मावि बनाउने पहल हुँदै गर्दा उनी काठमाडौंमा एमए सकेर बगनाहा पुगेका थिए। लगत्तै, प्रधानाध्यापक बन्ने प्रस्ताव आउँदा उनले शुरुमा अस्वीकार गरे। पछि बीएड गरेपछि भने प्रअ बन्न उनी तत्पर भए। उनले आफ्ना जीवनका स्वर्णिम वर्षहरू स्कूलकै उन्नतिमा लगाए र सफल पनि भए। वि.सं. २००७ मा प्यूठानमा जन्मेका मध्यपश्चिमाञ्चलकै प्रेरणादायी शिक्षक बन्न सफल कृष्णप्रसाद पौडेलले चुरे उमावि छाड्ने दिन अब धेरै टाढा छैन। अघिपछि विद्यार्थीको लस्कर लगाएर विद्यालय आउने-जाने उनको उमेर हदका कारण केही महिनाभित्रै सेवा निवृत्त हुँदैछन्। तर उनी र उनको योगदानलाई बगनाहाका स्थानीय बासिन्दा र उनका विद्यार्थीले शायद कहिल्यै बिर्सने छैनन्।

**सुरेशराज न्यौपाने**


## १२ अंकको पैसामा १४ अंक पढ्नुस्!

१. आफूलाई पायक पर्ने अथवा नजिकको पत्रपत्रिका बिक्रेतासँग ग्राहक बनेर। (यस्तो कारोबारको सम्पूर्ण दायित्व ग्राहक र सम्बद्ध बिक्रेतामा रहन्छ।

२. ग्राहकले इच्छाएको पत्रपत्रिका बिक्रेता/पसल वा एजेन्टमार्फत पत्रिका प्राप्त गर्ने गरी सीधै शिक्षक मासिकको कार्यालयमा ग्राहक बनेर। (यस्ता ग्राहकको प्रति ग्राहकले इच्छाएको पसल वा बिक्रेतासम्म पुऱ्याउने दायित्व *शिक्षक* मासिकको व्यवस्थापनले वहन गर्छ। बिक्रेता वा पसलबाट पत्रिका प्राप्त गर्ने व्यवस्था सम्बद्ध ग्राहक आफैंले गर्नुपर्छ।) वार्षिक शुल्क रू.४८०/-

३. साधारण हुलाकबाट पाउने गरी शिक्षक मासिकको कार्यालयमै ग्राहक बनेर। शिक्षक मासिकको कार्यालयले नयाँ अंक प्रकाशित भएको दुई दिनभित्र सम्बद्ध ग्राहकको नाम-ठेगाना टाँसी *शिक्षक* मासिक हुलाकमा बुझाउँछ। (यसरी हुलाकमा बुझाएको पत्रिका सम्बद्ध ग्राहकले नपाएको खण्डमा त्यसको जिम्मेवारी प्रकाशनले लिने छैन।) वार्षिक शुल्क रू.४८०/-

४. रजिष्ट्री हुलाक ग्राहकः नियमित रूपमा पत्रिका प्राप्त गर्न चाहने पाठकहरूको निम्ति यो सबैभन्दा भरपर्दो उपाय हो। पत्रिकाको नयाँ अंक प्रकाशित भएलगत्तै हुलाकबाट रजिष्ट्री गरी पत्रिका पठाइनेछ। रजिष्ट्री गर्दा लाग्ने शुल्क ग्राहकले ग्राहक शुल्कसँगै एकमुष्ट बुझाउनुपर्नेछ। यसरी रजिष्ट्री गरी पठाइएको पत्रिका हराएमा, नासिएमा वा ग्राहकले नपाएमा प्रकाशनले सम्बद्ध हुलाक वा कुरियर सेवालाई जिम्मेवार तुल्याई कारबाही गर्नेछ।) वार्षिक शुल्क रु.६००/- रजिष्ट्री खर्च समेत।

*२०६७ भदौ मसान्तभित्र ग्राहक बन्ने पाठकहरूले उपहारस्वरूप थप दुई अंक निःशुल्क पाउनुहुनेछ। अर्थात् १२ अंकको शुल्क तिर्नेले १४ अंक प्राप्त गर्नुहुनेछ। त्यसो गर्दा एउटा प्रतिको मूल्य रू. ४० को सट्टा रू.३३.३३ मात्र पर्नेछ।*






संस्मरण

प्रा.डा. नोवल किशोर राई



# मेरो मास्टरी त्यतिबेलादेखि यतिबेलासम्म

**गाउँको स्कूल; पाँच कक्षासम्म मात्र पढाइ हुने अनि तलब पनि रु.८० पाउने र आफन्तकहाँ खानेबस्ने भएकाले मलाई 'रामराज्य' थियो त्यहाँ। हरेक हप्ता हाटबजार गइन्थ्यो, गाउँले तरुनीहरूमाऊ मेरो भाउ नै अर्कै थियो !**

आफ्नो गाउँको निमावि (त्यसबखत जुनियर हाईस्कूल भनिन्थ्यो) बाट २०१६ सालमा सात कक्षा पास गरेपछि सोही विद्यालयमा शिक्षकका रूपमा नियुक्त भएँ। तिनताका पाँचथर जिल्लाभरि नै हाईस्कूल थिएन। हाईस्कूल पढ्न इलाम, धरान वा धनकुटा जानुपर्थ्यो। पाँचौं कक्षाबाट सातौं कक्षामा 'डबल प्रमोशन' पाएको थिएँ। घरबाट टाढा जान उमेर पनि सानै थियो।

त्यसो त खाजा खाने छुट्टीअघि आफू पढेर आधा दिन अरू साना-साना कक्षाहरूमा पढाउने काम त्यस अघिदेखि नै गर्दै आएको थिएँ। दुईजना सरकारी र गाउँलेले नै तलब ख्वाउने गरी नियुक्त जम्मा दुई जना समेत जम्मा चार जना शिक्षकले सातसम्मका सबै कक्षा धान्नुपर्ने स्थिति थियो। यसैकारण हामी जस्ता 'सिनियर' कक्षाका विद्यार्थीले जुनियर कक्षामा पढाउनैपर्ने बाध्यता हुन्थ्यो। यसबाहेक; वरपरका तीन/चार वटा गाउँमा 'शाखा स्कूल' भनेर तेस्रो कक्षासम्म पढाउने व्यवस्था थियो। यस्ता शाखा स्कूलमा पनि हामी 'जुनियर हाईस्कूल'का सिनियर विद्यार्थीहरूले बिहानी कक्षामा पढाउनुपर्दथ्यो। बिहान शाखा स्कूलमा पढाएबापत हाम्रो दिउँसोको 'स्कूल फि' माफी हुन्थ्यो। यसरी म फुच्चे भए पनि 'डबल सर' भइसकेको थिएँ र गाउँघरमा मेरो निकै फूर्ति पनि थियो।



पहिलो कक्षामा पारसमणि प्रधान लिखित 'मेरो सरल नेपाली साहित्य' भाग-१ पढ्नुपर्दथ्यो। त्यो पुस्तकको एउटा एउटा पाठ कण्ठ सुनाउँदै जाँदा लगभग एक महिनामा नै कक्षा १ छिचोलेर अर्को महिनादेखि भाग-२ को किताब पढ्न थालें। यो पनि छिट्टै नै कण्ठ सुनाएर म तेस्रो कक्षामा पुगें। यसरी तेस्रो भाग कण्ठ पार्दा तीन/चार महिनामै म 'तीन क्लास' पास भएछु। अब अर्को क्लास पनि छैन, पढ्ने किताब पनि छैन ! "फलानाले तीन क्लास पास गरेर पढ्ने किताबै छैन रे !" भन्ने हल्ला भयो गाउँमा। त्यसपछि म केही महिना 'तीन पासे' मास्टर पनि भएँ। यस्तै कारणहरूले होला; सात कक्षा पास गर्दा म शिक्षक हुन अभ्यस्त भइसकेको थिएँ। सानालाई आफूले जे जानेको छ त्यही बताइदियो। उसले नजाने लौरो दियो ! विद्यार्थीलाई कुटपिट र सजाय दिनु त सामान्य नै थियो उसबेला। उमेरले निकै ठूला र गाउँघरमा साइनोले मान्नुपर्ने भए पनि 'सर' भएपछि गाली-सजाय गर्न सजिलो थियो मलाई। अभिभावकहरूमा शिक्षकले राम्ररी कुटे वा सजाय दिए मात्र आफ्ना केटाकेटी तह लाग्छन् भन्ने मानसिकता थियो र त्यसै गर्न पनि लगाउँथे। कोहीकोही अभिभावक मात्र पिटाइविरुद्ध स्कूलमा भन्न आउँथे। पढ्न नजान्ने 'लद्दु' विद्यार्थीहरू लाज र डरका कारण स्कूलै आउन छाड्दथे।

यसरी आफ्नो गाउँको स्कूलमा एक वर्ष १५ रुपैयाँ मासिक तलब खाने शिक्षक भइसकेपछि अर्को वर्ष २०१७ सालमा म इलाम हाईस्कूलमा आठौं कक्षामा भर्ना भएँ। नौ कक्षा पढ्दापढ्दै घरबाट आउने खर्चले पुग्न छोडेपछि म 'नर्मल स्कूल' (शिक्षक तालिम) तिर लागें। सोबापत मासिक रु.४५ भत्ता पाइन्थ्यो। यसैकारणले पनि होला म त्यतातिर तानिएको। मैले नर्मल स्कूल प्रथम श्रेणीमा पास गरें। अनि म पाँचथरको एकतिनमा शिक्षकका रूपमा नियुक्त भएँ। उस बखत शिक्षक तालिम पास गरिसकेपछि तुरुन्तै कतै न कतै नियुक्ति पाइहालिन्थ्यो। तर आफ्ना कतिपय साथीहरू दशौं कक्षामा पढिरहेको देखेपछि मलाई हीनताबोध हुनथाल्यो। शिक्षकको नियुक्ति छोडेर फेरि पढ्न जाने इच्छा जाग्यो। त्यसैबेला पाँचथरको महलबोटे गाउँमा

हाईस्कूल खुल्यो। इलामबाटै ल्याइएका 'हेडमास्टर' कमल पराजुली सो स्कूलमा कार्यरत थिए। उनले मलाई नौ कक्षाको जाँच लिएर दश कक्षामा भर्ना गरिदिए। दश कक्षाको अर्ध-वार्षिक परीक्षा र 'सेन्टअप' मा म प्रथम भएँ। आँखा कमजोर भएकाले हिसाब बाहेक सबै विषय मलाई सजिलो लाग्थ्यो। बोर्डमा लेखिएका अक्षर म देख्न सक्दिनथेँ। शिक्षकले भनेको सुन्थेँ अनि गुन्थेँ– त्यति भए पुग्यो। २०२० सालमा एसएलसी दोस्रो श्रेणीमा पास गरेँ। इलामको महेन्द्ररत्न क्लेजमा भर्ना भएर आई.ए. पढ्न थालेँ।

यत्तिकैमा, पढ्दापढ्दै छाडेर म पाँचथरको मौवा गाउँ पञ्चायतको हात्तीपाइले भन्ने गाउँमा 'हेडसर' भएर गएँ। गाउँको स्कूल; पाँच कक्षासम्म मात्र पढाइ हुने अनि तलब पनि रु.८० पाउने र आफन्तकहाँ खानेबस्ने भएकाले मलाई 'रामराज्य' थियो त्यहाँ। हरेक हप्ता हाटबजार गइन्थ्यो, गाउँले तरुनीहरूमाझ मेरो भाउ नै अर्कै थियो ! भर्खरै खोलिएको सो स्कूललाई सरकारी स्वीकृति र शिक्षक दिलाएपछि म लागेँ धरानतिर।

धरान घोपा (ब्रिटिस) क्याम्पमा हङकङ जानका लागि 'क्लर्क' पदमा भिड्दा आँखा परीक्षणमा फेल भएर निराश हुनुपर्‍यो। ऐन मौकामा शिक्षक तालिम गरेकाले घोपा क्याम्पकै डिपो हाईस्कूलमा शिक्षकमा नियुक्ति पाएँ। त्यहाँ म बाहेक सबै शिक्षक दार्जीलिङतिरका थिए। म आठौं कक्षासम्म गणित बाहेक सबै विषय पढाउन सक्थेँ। विद्यार्थीहरू मेरो नेपाली भाषाको शिक्षणबाट निकै प्रभावित थिए। त्यसबखत नेपाल सरकारको स्कूलमा प्राथमिक तहको शिक्षकको तलब रु.७५ थियो। तर, म क्याम्पको स्कूलमा रु.१५५ मासिक पाउँथेँ। आफ्नो तलब मलाई छेलोखेलो हुन्थ्यो। स्कूल बिहानैदेखि शुरु हुने र धरान कलेज पनि बिहानै हुनाले इच्छा भएर पनि कलेज पढ्ने मौका परेन। यसो भर्ना भएर म कहिलेकाहीँ आई.ए.को कक्षामा चाहिँ बसिटोपल्थेँ।

त्यसबखत एसएलसी र सेन्टअपमा थुप्रै विद्यार्थीहरू फेल हुने गर्दथे। त्यसमा पनि घरपरिवारमा पठनपाठनको राम्रो परम्परा नभएका किराँती समुदायमा केटाकेटीहरूलाई पढ्ने विषयमा साह्रो-गाह्रो थियो भने अर्कोतिर आर्थिक कारण पनि मुख्य बाधक थियो। हामी दुईचार जना किराँती युवाहरूले यो कठिनाईको विरुद्धमा लड्ने योजना बनायौं। अनि, 'कोचिङ क्लास' भनेर 'पुतलीलाइन'मा राति पढाउन शुरु गर्‍यौं। धरान कलेज पढ्दै गरेका र काठमाडौंतिरबाट आएका साथीहरू सबैजना मिलेर आठ कक्षादेखि दश कक्षासम्मका भाइबहिनीहरूलाई 'कोचिङ क्लास' मा पढाउँथ्यौं। एकजना भूपू सैनिकले आफ्नो घरको तल्लो तला हामीलाई सित्तैंमा उपलब्ध गराइदिएका थिए। २/४ पैसा चन्दा उठाएर तिहारमा देउसी-भैलो खेलेर फर्निचर र अरू खर्चहरूको जोहो भयो। यसरी पुतलीलाइनको त्यो कोचिङ क्लासबाट निकै भाइबहिनीहरूले फाइदा उठाए।

प्राइभेट परीक्षार्थी भएर आई.ए. पास गरिसकेपछि म बी.एड. पढ्न काठमाडौं आएँ। त्यस बखत बी.एड. पढ्दा रु.७५ मासिक भत्ता पाइन्थ्यो। लगभग एक वर्ष बी.एड. पढिसकेपछि म बी.ए.मा पनि भर्ना भएँ। त्यसबेला लैनचौरको कन्या हाईस्कूलको भवनमा सरस्वती कलेजको रात्रि कक्षा सञ्चालन हुन्थ्यो। त्यही कलेजबाट मैले २०२५ सालमा दोस्रो श्रेणीमा बी.ए. पास गरेँ अनि कीर्तिपुरमा एम.ए. पढ्न थालेँ। साथीहरूसँगै मिलेर हामी बिहान थानकोटको मङ्गलोदय हाईस्कूलमा पढाउने र दिउँसो युनिभर्सिटीमा पढ्ने गर्दथ्यौं।

एम.ए. र एम.एड. गरिसकेपछि म २०२८ सालमा शिक्षा क्याम्पसमा सहायक प्राध्यापक भएर इलाम गएँ। त्यहाँ मैले नेपाली र नेपाल परिचय पढाउने गर्दथेँ। यी दुवै विषय पढाउन मलाई खुब आनन्द आउँथ्यो। कक्षामा ५० देखि १०० जनासम्म विद्यार्थी हुन्थे र ती सबैलाई म राम्ररी हेरेर पढाउने गर्दथेँ। कमजोर र जान्ने सबै प्रकारका विद्यार्थीलाई म चिनेर घुमी-घुमी प्रश्न सोध्ने गर्दथेँ। अहिले सोचेर ल्याउँदा म त्यसबखत निकै कठोर शिक्षक रहेछु कि भन्ने लाग्छ।

**सात कक्षा पास गर्दा म शिक्षक हुन अभ्यस्त भइसकेको थिएँ। सानालाई आफूले जे जानेको छ त्यही बताइदियो। उसले नजाने लौरो दियो ! विद्यार्थीलाई कुटपिट र सजाय दिनु त सामान्य नै थियो उसबेला।**

म २०३५ सालमा इलाम क्याम्पसबाट कीर्तिपुर क्याम्पसमा सरुवा भएर आएँ। कीर्तिपुरमा पनि मैले नेपाली विषय नै पढाएँ। पछि पुना विश्वविद्यालयबाट भाषा विज्ञानमा पी.एच.डी. गरेर आएपछि चाहिँ भाषा विज्ञान पढाउन थालेँ।


सन् १९८६-८८ मा म जर्मनीको कील विश्वविद्यालयमा भाषा-विज्ञानमा 'पोष्ट डक्टरेट' गर्दाका बखत त्यहाँ बान्तवा र नेपाली भाषा-विज्ञान पढाएँ। सन् १९९५-२००० मा जर्मनीकै बोनमा 'राजदूत' का रूपमा रहँदा बोन विश्वविद्यालयमा नेपाली विषय तीन सेमेस्टर पढाएँ। त्यसरी नै हाइडेलवर्ग र लाइप्चिस विश्वविद्यालय (जर्मनी) मा पनि केही समयका लागि नेपाली पढाउने काम गरेँ।

यसरी बाल्यकालदेखि अहिलेसम्म पनि कुनै न कुनै प्रकारले शिक्षण पेशामा आफू लागिरहेकाले होला आफूलाई 'शिक्षक हुँ' भन्ने कुरामा सन्तोष र गर्व दुवै लाग्छ। यति लामो शिक्षण कार्य गर्दाको अवधिमा विद्यार्थीहरूबाट कुनै किसिमको बाधा-अवरोध नआएको र आफूले पनि कसैलाई जानीजानी दुर्व्यवहार गर्नु नपरेकाले म खुसी छु। मलाई आफ्ना 'गुरुहरू'; 'सरहरू' देख्दा श्रद्धा लाग्छ भने आफ्ना चेलाचेली भेट्दा आनन्द लाग्छ। आज जीवनका अनेक मोडहरूमा शिष्यहरू भेट्दा र उनीहरूको न्यानो माया पाउँदा खेतको बाली पाकेर आनन्द मान्ने किसान वा बगैंचामा ढकमक्क फुलेका फूलहरू देखेर रमाएको माली जस्तो मलाई पनि खुसी लाग्छ।

सबै शिक्षकहरूका लागि यही नै सबभन्दा ठूलो सम्पत्ति र जीवनभरको उपलब्धि होइन र ?

नेपाल-अध्ययन

डा. तीर्थबहादुर श्रेष्ठ



# अतिथिको अत्याचार !

असल् मुङ्ग्रे केरा, कि त मही हवस् वेस अमिलो !
कि त सेता मूला, कि त बरु हवस् साग उसको ! !
असल् हुन्थ्यो धूप्मा नतर (नत्र) कसरी खान् यसरी !
भुटी ल्यायौ थाल्मा मकई (मकै) तिमीले क्यान यसरी ! !

– आदिकवि भानुभक्त

कविजी पुगेछन् एक जैसीबाहुनको घरमा अतिथि बनेर । भुटेका मकैको सत्कार पाएपछि सितनका लागि केरा वा मूला चाहियो, उनी माग्न हिचकिचाउँदैनन् । घरबेटी र पहुनाको यो सुमधुर सम्बन्ध नेपालको सांस्कृतिक इतिहासको रोचक पक्ष हो ।

तर मानिस मात्र होइन वनस्पति पनि अतिथि बन्छन्; पाहुना लाग्छन् । उपर्युक्त कविताको पङ्क्तिमा उल्लेख भएको 'मकै' हाम्रो अतिथि वनस्पति हो । यसको उद्गमथलो मध्य एवं दक्षिणी अमेरिका हो । इटालीमा जन्मेका क्रिष्टोफर कोलम्बसले सन् १४९२ देखि १५०४ सम्म उत्तरी अमेरिका, दक्षिणी अमेरिका तथा क्यारेवियन टापुहरूको अन्वेषण गरिसकेपछि मात्र उक्त क्षेत्रबाट युरोप र एसियामा विभिन्न अन्नबाली, फलफूल, तरकारी आदि वनस्पति हाम्रा अतिथि बनेर भित्रिएका हुन् । तीमध्ये आलु, गोलभेंडा, खुर्सानी, सूर्ती, गेडागुडी, दाल, फर्सी, बदाम, भुईंकटहर, सखरखण्ड आदि उल्लेखनीय छन् । कोलम्बसको अमेरिका यात्रा भन्दा पहिले यी खाद्य वनस्पति हामीकहाँ थिएनन् । यसैगरी हाम्रोतिरको संसार अर्थात् एसिया र युरोपतिरबाट अमेरिकामा अतिथि बनेर प्रवेश गर्ने खाद्यवस्तुमा धान, गहुँ, जौ, भटमास, ऊखु, केरा, आँप, कागती, सुन्तला र केही महत्त्वपूर्ण जनावर पर्छन् । तीमध्ये घोडा, गाईवस्तु, भेडा, कुखुरा र माहुरी विशेष उल्लेखनीय छन् । यसप्रकार भानुभक्तले मागेको खाजामा नयाँ विश्व (उत्तर तथा दक्षिण अमेरिका) को मकै र पुरानो विश्व (एसिया, युरोप)को केराको संयोजन भए जस्तै हाम्रो दाल-भात, मकै-भटमास, आलु-मूला, गुन्द्रुक-खुर्सानी इत्यादि अनेकौं खाद्य परिकारमा विश्वका

*मिकानिया* 'माइल-ए-मिनेट' अर्थात् एक मिनेटमा एक माइल फैलिने !

***मिकानिया* फैलाउने मूल तत्व घाम हो । यो त्यसै घना जङ्गलभित्र प्रवेश गर्न सक्दैन । किनकि त्यहाँ यसलाई आवश्यक घाम पुग्दैन । त्यसैले जब मानिसहरू वन अतिक्रमण गर्दै अघि बढ्छन्, तिनका पाइलामा टेक्दै *मिकानिया* वन पस्छ ।**



तस्बिरहरू: तीर्थबहादुर श्रेष्ठ

अन्य भागबाट आएका अतिथि वनस्पतिको उपस्थिति रहेको छ। हाम्रा महादेवका प्रिय बुटी मानिने भाङ र धतुरोमध्ये धतुरोको उद्गमथलो पनि अमेरिकाको उष्ण क्षेत्र नै हो।

परापूर्वकालदेखि नै एक क्षेत्रका बिज-बिरुवा वनस्पति अरू क्षेत्रमा प्रवेश गर्ने र आसन जमाउने क्रम चलिआएको छ। वनस्पतिहरूको अन्तरमहादेशीय यात्राका माध्यमहरू मूलत: हावा, पानी, पशुपन्छी र मानिस तथा बदलिँदो जलवायु हुन्। विगत केही दशकदेखि विश्वको तापमान अप्रत्यासित किसिमले बढ्दै गएको र प्राकृतिक वनको तीव्र विनास पनि हुन थालेकाले विभिन्न नयाँ वनस्पतिको अतिक्रमण र प्रकोपका घटनाहरू चर्चामा आउन थालेका छन्। यस्ता कतिपय अतिथि बिरुवाहरूले अतिथि जस्तो संयमित नभई आतिथेय अर्थात् रैथाने वनपाखा, सिमसार, ताल, तलैया र लेक पाटनमा एकछत्र अतिक्रमण गर्न समेत थालेका छन्। जैविक विविधताको शब्दावलीमा यस्ता बीज-बिरुवालाई मिचाहा र परचक्री वनस्पति प्रजाति (Invasive Alien Plant Species) को संज्ञा दिइन थालेको छ। यस्ता मिचाहा र परचक्री वनस्पतिलाई बेलैमा नियन्त्रण गर्न नसक्दा हाम्रो पर्यावरण र पारिस्थितिक प्रणालीमा खलबल र विग्रह पैदा हुन थालेको छ। तीमध्ये, विश्व सम्पदा सूचीमा परेको चितवन राष्ट्रिय निकुञ्जको अस्तित्वलाई नै चुनौती दिँदै मिच्दै आइरहेको *'मिकानिया'* नामक लहरे झार विशेष उल्लेख्य छ।

**_लान्टेना_ लाई नेपालमा कतै वनफाँडा काँडा भनिन्छ भने अधिक ठाउँमा बोक्सी काँडा। कतै कतै यसको फललाई आधार बनाएर यसलाई वनमकै वा कालीगेडी पनि भनिन्छ। धनकुटातिर चाहिँ नमालुम; यसलाई सुत्केरी झार भन्ने चलन छ।**

*मिकानिया* लाई चितवनका स्थानीयवासीहरू वनमासा भन्छन्। अङ्ग्रेजीमा यसलाई 'माइल-ए-मिनेट' अर्थात् एक मिनेटमा एक माइल फैलिने वनस्पति पनि भन्ने गरेको पाइन्छ। यो वनस्पतिको उद्गमथलो दक्षिण अमेरिका हो। बीस वर्ष पहिलेसम्म चितवनमा यसको उपस्थिति थिएन। तर आजभोलि निकुञ्ज र वरिपरिको वनमा यसले ठूलै तहल्का मच्चाउँदैछ। हुँदाहुँदा प्रधानमन्त्री माधव नेपालसमेत *मिकानिया* उखेल्न चितवन पुगेका थिए। तर त्यस्ता राजनीतिक अस्त्रले यो के निर्मूल हुन्थ्यो! खेतीबारीमा मानिसहरूले यसलाई उखेलेरै सिध्याए पनि निकुञ्ज र सिङ्गो वनमा यस्तो सम्भव हुँदैन। *मिकानिया* को लहराले सालको रूखमाथि चढेर त्यसलाई ढपक्कै ढाकिदिन्छ। फलस्वरुप पर्याप्त घाम नपाएर सालको बोट मर्न थाल्दछ। यसरी हेर्दा *मिकानिया* फैलाउने मूल तत्व घाम हो। यो त्यसै घना जङ्गलभित्र प्रवेश गर्न सक्दैन। किनकि त्यहाँ यसलाई आवश्यक घाम पुग्दैन। त्यसैले *मिकानिया* मानिसलाई पछ्याउँदै वनभित्र छिर्छ। जब मानिसहरू वन अतिक्रमण गर्दै अघि बढ्छन्, तिनका पाइलामा टेक्दै *मिकानिया* वन पस्छ।

*मिकानिया* नेपालको पूर्वी पहाडमा धेरैअघि पसेको मिचाहा र परचक्री वनमारा परिवारकै वनस्पति हो। यसमा पनि वनमाराका जस्तै औंधी धेरै सेता फूल फुल्छन् र हजारौं सङ्ख्यामा बीउका दाना उत्पादन हुन्छन्। यस बिरुवाको छिप्पिएको हाँगाबिँगाका



**बोक्सी काँडाको फूल, बर्दिया राष्ट्रिय निकुञ्ज।**



सौजन्यः सुदर्शन रिजाल

**फेवातालबाट जलकुम्भी सफा गर्ने काम।**

टुक्राटाक्रीले पनि ओसिलो ठाउँ पाउनासाथ जरा हालिहाल्छन्। नयाँ बिरुवा पैदा हुन यसलाई बीउ नै पर्खिबस्न पनि पर्दैन।

दक्षिण अमेरिकाबाट मकै, आलु आइपुगेको २/३ सय वर्ष भइसक्यो तर *मिकानिया* चाहिँ किन यति ढिलो गरेर एसिया महाद्वीपमा प्रवेश गर्‍यो र त्यो प्रवेश कसरी भयो भन्नेमा विभिन्न अड्कलबाजी भेटिन्छन्। भनिन्छ, रबर खेती विस्तार गर्ने क्रममा यो बिरुवा सन् १९५० ताका मलेसिया भित्रिएको थियो। रबर खेती गर्न जमिनमा झारबुटाको चिस्यान आवश्यक पर्ने हुनाले त्यो कामका निम्ति *मिकानिया* लाई प्रयोग गर्न थालियो। *मिकानिया* ले आफ्नो प्रकोप देखाएपछि यसलाई निर्मूल गर्ने धेरै प्रयासहरू भए पनि हालसम्म सफल हुने उपाय भेटिएको छैन। यो वनस्पति समुन्द्र सतहबाट १००० मिटरभन्दा होचो भू-भाग अर्थात् नेपालको मधेश र तराई क्षेत्रमा बढी फैलिँदैछ। अहिलेसम्म यो झापा, इलामदेखि चितवन, नवलपरासीसम्म फैलिसकेको छ। निगरानी गरिएन भने रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर जिल्ला पनि केही वर्षमा नै यसको प्रकोपभित्र पर्न सक्ने देखिएको छ। विशेष रूपमा निकुञ्ज, संरक्षण क्षेत्र र सिमसार क्षेत्रलाई यस्तो मिचाहा झार/वनस्पतिबाट कसरी बचाउने भन्ने चुनौती आइपरेको छ।

मिचाहा झारमध्ये पूर्वी पहाडबाट शुरु भएर फैलँदै २०१७ सालदेखि २०४७ सालसम्ममा पूरै नेपालको मध्यपहाडी भागको २,४०० मिटर उचाइसम्म फैलन सफल भएको वनमाराको आफ्नै इतिहास छ। वैज्ञानिक नामकरणमा *युपाटोरियम एडिनोफोरम* (Eupatorium adinophorum) भनिने वनमारा झार २०१७ सालसम्म काठमाडौं उपत्यका पुगेको अभिलेख छैन। बाढी, पहिरो तथा मानिसबाट वनविनास हुनासाथ पाखै ढाकेर उम्रने यो झार पनि *मिकानिया* जस्तै शीघ्रातिशीघ्र फैलन सक्छ। चरन क्षेत्रमा यसको नकारात्मक प्रभाव धेरै महसुस गरिएको छ। यो झार पनि मेक्सिकोबाट एसिया प्रवेश गरेर आसामको बाटोहुँदै हाम्रो देशमा भित्रिएको भन्ने विश्वास गरिन्छ। यो झारबाट प्राङ्गारिक मल र ब्रकेट बनाउने काममा प्रयोगात्मक प्रयासहरू भएका छन्। यसलाई पनि उचित व्यवस्थापन गर्न सकिएन भने अमूल्य संरक्षित क्षेत्रहरू नष्ट हुने सम्भावना रहन्छ।

नेपालका बहुमूल्य सिमसारहरू- विशेष गरेर कोशीटप्पु, बीस हजारिया ताल, तमुर ताल र फेवाताल जलकुम्भी नामक मिचाहा परचक्री वनस्पतिको प्रकोपबाट नराम्ररी प्रभावित छन्। बर्सेनि धेरै रकम खर्च गरेर तिनलाई पन्छाउने काम हुँदैछ तर निर्मूल पार्न भने सम्भव प्रायः देखिँदैन। जलकुम्भीको हरियो चिल्लो पात र अति आकर्षक प्याजी फूलको प्रलोभनमा करिब १२० वर्ष पहिले (सन् १८९० ताका) यो बिरुवा मलेसिया तथा इण्डोनेसियामा भित्र्याइएको थियो। यो बिरुवा पनि दक्षिण अमेरिकाबाटै अन्यत्र फैलँदै आएको र यसको प्रकोपले पूरै एसियाका ताल र दहहरू आक्रान्त छन्। सौभाग्यवश हालसम्म कैलालीको घोडाघोडी तालमा यसले प्रवेश पाएको छैन। सिमसारको दलदल र पानीको सतहलाई पूरै ढाक्ने र पछि जलाशयलाई नै सुकाइदिने यो वनस्पतिलाई पनि कसैले नियन्त्रणमा लिनसकेको छैन। यसलाई सडाएर, गालेर मल बनाउने वा बायोग्याँसको लागि जैविक पदार्थ प्राप्त गराउने विभिन्न प्रयासहरू थाइल्याण्ड, फिलिपिन्स, भारत, बङ्गलादेश र नेपालमा भइरहेका छन्। वाटर हायसिन्थ (Water hyacinth) नामक यो वनस्पतिको बीउ सय वर्षसम्म पनि बाँच्ने र उपयुक्त वातावरण पाउनासाथ

**हाम्रा बगैंचामा फुल्ने ९५ प्रतिशत फूल आयातीत (अतिथि र परचक्री) भेटिन्छन् । हामीले आफ्नो खेतबारीमा गोडमेल गर्दा उखेलिने ९० प्रतिशत झारपात पनि नबोलाइकनै बाहिरबाट आएका 'अतिथि' हुन् ।**



**वनमाराले ढाकेको नुवाकोटको पाखो ।**

अङ्कुराउने हुनाले यसलाई निर्मूल गर्न प्राय: असम्भव देखिन्छ । यसका जरा पानीमा तैरिएर बस्ने र टुक्रिएर पानीसँग बगेर विभिन्न ठाउँमा फैलिन जाने भएकाले पनि यसलाई नियन्त्रण गर्न गाह्रो छ । तसर्थ, यसको प्रवेशलाई रोक्नु र प्रवेश हुनासाथै चिनेर निर्मूल पार्नु नै उत्तम उपाय देखिन्छ । यो झार पनि तराई, मधेश र पर्वतीय औलको १५०० मिटरभन्दा होचो भागमा मात्र फैलिन्छ ।

दक्षिणी अमेरिकामा उद्गम भई अष्ट्रेलिया र एसियाका विभिन्न वनक्षेत्रमा उपद्रव मच्चाउँदै आएको *लान्टेना* (Lantana) को फूल देख्दा ज्यादै आकर्षक हुन्छ । तर यसको बिगबिगीबाट सिङ्गो भारतीय उपमहाद्वीप आज आक्रान्त छ । यो झारमा निकै कडा काँडा हुन्छन् । यसका हाँगाबिँगाको जमोठबाट हात्ती पनि छिर्न सक्दैन । नेपालमा यसको प्रकोप पूर्वमा भन्दा पश्चिममा धेरै छ । बर्दिया राष्ट्रिय निकुञ्जको धेरै भाग यसले ढाकिसकेको छ । वनका वृक्षहरू मासिएपछि बनेको खाली ठाउँ यसले छोड्दैन । *लान्टेना* को बोटमा प्याजी, गुलाबी, पहेँलो, सेतो अनेकौं रङमा फूल फुल्छन् र तिनका पाकेका गेडामा चराहरू झुम्मिन्छन् । *लान्टेना* को बीउ सार्ने काम विशेषत: चराचुरुङ्गीले फत्ते गर्दछन् । यसको झाडीभित्र विभिन्न वन्यजन्तुले आश्रय पनि लिने गर्दछन् । *लान्टेना* को आर्थिक उपयोग गर्न भारत र नेपालका जनजातिहरू लागिपरेका छन् । आफ्नो खेतबारीको साँध छुट्याउने काममा यसको काँडे हाँगाबिँगा उपयोगी हुने गरेको छ । यसका छिप्पिएका हाँगा दाउरा बाल्न तथा हस्तकलाका सामग्री निर्माणमा समेत उपयोग हुनथालेको छ । नेपालमा कतै यसलाई वनफाँडा काँडा भनिन्छ भने अधिक ठाउँमा बोक्सी काँडा भनिन्छ । कतै कतै यसको फललाई आधार बनाएर यसलाई वनमकै वा कालीगेडी पनि भनिन्छ । धनकुटातिर चाहिँ नमालुम किन हो; यसलाई सुत्केरी झार भन्ने चलन छ । *लान्टेना* को अतिक्रमण भएको ठाउँमा वृक्षरोपण गर्न हम्मेहम्मे पर्दछ । तसर्थ वन जोगाउन पहिला *लान्टेना* बाट जोगिनुपर्छ । काठमाडौंका बगैंचामा *लान्टेना* को फल खान पल्केका जुरेली चरीहरूको बिहानैको चहलपहल र 'मैटुक्लु... मैटुक्लु' बोलीसँगै विछ्यौना छोड्न पाउनेहरूलाई चाहिँ भाग्यमानी नै मान्नुपर्छ ।

नेपालको आफ्नो रैथाने वनस्पति वैभवमा फूल फुल्ने बिरुवाको सङ्ख्या पाँच हजार ८५६ पुगेको छ । तर पनि हाम्रो खाद्य पदार्थमा अतिथि वनस्पतिको भूमिका र तिनको देनले महत्त्वपूर्ण स्थान ओगटेको छ । हाम्रा बगैंचामा फुल्ने फूलहरू हेर्‍यौं भने ९५ प्रतिशत बिरुवा आयातीत (अतिथि र परचक्री) भेटिन्छन् । गुनकेसरीदेखि गुलाबसम्म, लालुपाते, सयपत्री र मखमलीदेखि लाहुरे फूल, नीलो शिरिष र बैगनी बेलीसम्म सबै अतिथि हुन् । हाम्रो पुष्पमेलामा सजाइने प्राय: सम्पूर्ण वनस्पति आयातीत हुने गरेका छन् । रैथानेमध्येमा मुस्किलले लालीगुराँस र केही सुनाखरी पर्छन् । हामीले आफ्नो खेतबारीमा गोडमेल गर्दा उखेलिने ९० प्रतिशत झारपात पनि नबोलाइकनै बाहिरबाट आएका 'अतिथि' हुन् ।

अन्नबालीका झारहरूबारे केशव राजभण्डारी तथा राधा जोशीद्वारा लिखित पुस्तकमा नेपालमा पाइने ३६४ प्रजातिका झारहरूको उल्लेख छ । धान, मकै र गहुँको बोटलाई हुर्काउन प्रत्येक बालीबाट लगभग २०० प्रजातिका वनस्पतिलाई उखेलेर गोडमेल गरिन्छ । हाम्रा खेत, बारी, बगैंचामा आयातीत/अतिथि झार होउन् वा आवश्यक नपर्ने छाडा झार- विभिन्न तरिकाले तिनलाई नियन्त्रण गर्न सम्भव भएको छ । तर मिचाहा परचक्री वनस्पतिलाई नियन्त्रण गर्न भने गाह्रो छ । यीमध्ये माथि उल्लेख भएका वनमासा भनिने *मिकानिया* (Mikanea), वनमारा भनिने *युपाटोरियम* (Eupatorium), जलकुम्भी भनिने (Water hyacinth) र बोक्सी काँडा भनिने (Lantana) प्रति विशेष निगरानीको आवश्यकता छ ।

गाउँघरमा विशेषत: विद्यार्थी र शिक्षक वर्गले यस्ता मिचाहा, अतिथि र परचक्री वनस्पतिका बारेमा जनचेतना जगाएर आफ्नो वातावरणको सुरक्षा गर्न सघाउन सक्छन् । बेलैमा टालेको एक टाँकाले नौ टाँका बचाउँछ भन्ने प्रचलित उखानै पनि छ ।

# The challenge and excitement of teaching large classes

**Most teachers agree that teaching a small group of students is easier, more enjoyable, and less time consuming than teaching a large group. Unfortunately, due to budgets, space, or lack of teachers, many schools only offer large classes. In some schools, large classes may consist of up to 50 or more students. While your class may look more like a University lecture hall, your job is not to lecture. Just like teaching a small class, you must come up with engaging activities that keep all of your students interested and participating with the goal of improving their communication skills. While there are numerous challenges when it comes to teaching large classes, there are many coping skills and activities that you can use to make your job easier.**

## Advantages of Teaching Large Classes

**High Energy:** Classes with many students may be noisy, but they are also fun and exciting.

**Timing:** Classes go by quickly in a large class, and you will rarely catch yourself looking at the clock. You will regularly find yourself with extra activities that you did not complete that you can save and use in your next class.

**Participation:** There is always someone who is willing to answer questions even if they are just guessing. Make sure to take answers from a variety of students.

**Fillers:** Teachers have less need for fillers since core activities and lessons take longer to complete.

## The Challenges

**Intimacy:** Remembering student's names can take a while. Teachers may feel that they do not get to know their students as well as they would like to.

**Anxiety:** Some teachers feel anxious being so outnumbered by the students. In addition, some students are afraid to ask questions or participate in a large class.

**Student needs:** Meeting individual needs can be difficult or impossible when class size is very large.

**Marking:** Grading assignments and tests can be very time consuming, and your pay will generally be the same for a smaller class.

**Distractions:** There are more distractions for teachers in large classes, such as latecomers and people chatting while you are teaching.

**Preparation:** Making photocopies for a large class can be very time consuming. Other teachers may be bothered by how much time you spend using the photocopier.

**Noise level:** Large classes can become out of hand when students are working in pairs or groups. At times you may feel more like a disciplinarian than a teacher.

Monitoring students: Teachers may find it difficult to keep students on task as they monitor pair and group work.

**Space:** There is limited space in a classroom for energetic activities such as role-playing.

**Textbooks and resources:** There may not be enough textbooks or computers available for all students.

## Strategies for Coping

**Use a teacher's notebook:** Attach a small notebook and pen to your belt loop. Take notes while you are monitoring pair or group learning. Review common errors as a whole group after

an activity is complete.

**Spread out:** Find another space that your class can use for energetic whole group activities. Find a lobby or spare classroom in the building that your students can spread out into when they are preparing a project or performance. Take students outside if there is no indoor space available.

**Create a participation grade:** Make homework and attendance count by doing regular checks and making it part of their final grade. Giving a daily exam tip also encourages attendance.

**Encourage competition:** Establish a fun and competitive atmosphere within the class, by dividing the class into teams. You may change the teams once in a while or leave them the same throughout a semester. Teams can win points for certain accomplishments (If noise and behaviour is a problem, students can lose points too.).

**Relax:** Find ways to relax before class so that you don't feel anxious. Never attempt to prepare a lesson in the morning, right before class. Always have a water bottle handy. Always have an extra activity on hand in case something doesn't go as you expect it to.

**Establish trust:** Learn unique ways to remember names and do your best to get to know something about each of your students. Create a seating chart on the first day and ask students to stick with it for a while. Tell your students at least one or two things about yourself beyond your role of teaching.

**Manage the noise:** Establish a signal that you want your class to stop what they are doing and listen. This should be done from the first day, so that students become accustomed to it right away. Be careful not to use gestures or sounds that would offend anyone.

**Reduce marking and preparation time:** Design quizzes and tests in a way so that you can reduce the amount of marking. Use peer evaluations when possible. If students submit journals, just read them and leave a short comment and/or suggestion, rather than fixing every grammar mistake. Designate a specific time when the teacher's room is slow to do most of your photocopying for the week. This will save you from feeling guilty for taking up the photocopier for a long time when another teacher only has a few copies to make.

**Enforce a late policy:** Notify students of your late policy on the first day and stick to it. For example, don't let students enter your classroom after a warm-up has ended. If students miss class, make it their responsibility to catch up, not yours.

**Share your e-mail address:** In a large class, you will find yourself feeling drained before and after class if you let students come early or stay late to ask questions every day. This alone can make you hate your job, especially if you are not paid for hours when you are not teaching. Encourage students to e-mail you with questions, and answer them on your own time. If you don't like the e-mail suggestion, try finishing your class ten minutes early once in a while and allow your students free conversation time. Take questions on a first come basis during this time.

## Useful Activities

**Small group discussions:** Use topics related to a theme, or ask students to submit topic suggestions.

**Who Am I?:** Tape the name of a famous person to the back of each student. Students go around the room asking questions and trying to identify themselves. Once they guess who they are they can place their nametag on the front and continue helping other students identify themselves.

**Team spelling contests:** Each student who gets the spelling correct gets a point for their team.

**Balderdash:** Large class can be split into teams. Teacher calls out a word and students have to write down the part of speech and definition. Each student to get both correct gets a point for her team.

**Write the question:** Large class can be split into teams. The teacher calls out an answer and the students have to write the question. (ex. " Lynn ") Each student to write the correct question gets a point. (ex. answer: What's your middle name?")

**Questionnaires:** Students circulate around the room asking each other questions. Students can create their own questions on a given topic or theme, or you can provide the questionnaire handout. Follow up by asking each student to report the most interesting answer they received.

**Categories:** The teacher calls out a category, such as fruit, and each student has to name a fruit when it is his turn. If a student hesitates for more than five seconds, he or she has to choose a new category and sit out the rest of the game. The last person to get out wins.

*Note: This exercise is presented here courtesy EnglishClub.com, a free website designed to help in teaching English as a second language.*

# फुर्सद



## शब्द खेल-२१

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ■ | ३ | | ४ | ■ | ५ | ■ |
| ■ | | ■ | | ■ | ६ | | | |
| ७ | | | | ■ | ■ | ■ | | ■ |
| ■ | ■ | ■ | ८ | ९ | | १० | ■ | ११ |
| १२ | | १३ | ■ | | ■ | १४ | | |
| | ■ | १५ | | | १६ | ■ | ■ | ■ |
| ■ | १७ | ■ | ■ | ■ | १८ | | १९ | |
| २० | | | २१ | ■ | | ■ | | ■ |
| | | ■ | २२ | | | ■ | २३ | |

**नामः** ___________________

**ठेगानाः** ___________________


### तेर्सो

१) काव्यको रचना गर्ने व्यक्ति
३) छोरा वा छोरीका नाति
६) पालो नबिराई एकपछि अर्को तुरुन्तै लागेर/लगालग
७) अपराध गर्ने
८) भर्खर जन्मेको/नवोत्पन्न
१२) तन/देह
१४) नापजोख र गन्ती नगरी अन्दाज गरिएको मोल
१५) मुद्दा मामिलामा मुछिएको व्यक्तिलाई चाहेको बेला उपस्थित गराउने शर्तमा सम्बन्धित मुद्दामा धरौटी राखी छुटाउने काम
१८) हडताल गर्ने व्यक्ति वा समूह
२०) चीनको श्वेतचैत्य निर्माण गर्ने इतिहासप्रसिद्ध नेपाली कलाकार
२२) निदाएका बेला मानसिक रूपमा देखिने दृश्य वा घटना
२३) चाहिएको बेलामा फिर्ता लिने गरी कसैलाई विश्वासपूर्वक राख्न दिएको वस्तु

### ठाडो

२) विलौना
३) अर्काको अधीनमा रहेको
४) शरीरमा हुने सानो दाग वा चिह्न/कोठी
५) आशा मरेको वा मेटिएको/हतोत्साह
९) पक्कापक्की गरिने कुरो/कबुल
१०) खात/चाङ/पत्र
११) टहल/चाकरी/मान्यजनको सम्मान
१२) बल/तागत/पराक्रम
१३) नारीहरू रजस्वला हुँदा निस्कने रगत
१६) जमिनमुनि बनाइएको कोठा वा बस्ने ठाउँ/सुरुङ घर
१७) पार लाउने काम/पितृ उद्धार
१९) कुटीपिटी तह लगाउने काम/सपार्ने उद्देश्यले दिइएको शासना
२१) जमिनको लम्बाई नाप्दा दुई माइल लामो परिमाण

## आयुर्वेद कागतीमा हुन्छ धेरै गुण



कागती साह्रै गुणवान् फल हो । यसले शारीरिक शक्ति र पाचन शक्ति बढाउँछ । धेरै नै रोगहरूको रामबाण औषधि हो । तसर्थ हेर्दा सानो देखिए तापनि यो फलबाट हामी निकै लाभान्वित हुन सक्छौं ।

१) कान दुखेको बेलामा दुईतीन थोपा कागतीको रस कानमा टप्काइदिनुपर्छ, कान दुख्न छाड्छ ।
२) रिंगटा लाग्ने भनेको हिजोआज सामान्य जस्तै भइसक्यो । त्यसरी रिंगटा लागेको बेला तातोपानीमा कागतीको रस हालेर पिइदिनुपर्छ, रिंगटा लाग्न छाड्छ ।
३) बाहिर कतै टाढा जान बसमा जाँदा कसै कसैलाई बान्ता हुने गर्दछ । त्यस्तो बेलामा कागती काटेर त्यसमा सिधे नुन हालेर चुस्नुपर्छ । आराम हुन्छ ।
४) खाएको पचेन भने जीउ सञ्चो हुँदैन । त्यस्तो बेलामा आधा कप पानीमा आधा कागतीको रस निचोरेर सुकुमेल दुइटा र जीराको धूलो पनि अलिकति मिसाएर पिइदिनुपर्छ, सञ्चो हुन्छ ।
५) पायरियाका रोगीलाई पनि कागतीको रस असाध्यै काम लाग्छ । सूर्ती तावामा राखेर भुट्नुस् । यसको आधा सिधे नुन र फट्किरी पिसेर मिसाउनुस् । यो पाउडरले बिहान बेलुकी मञ्जन गर्दा त्यसमा कागतीको रस पनि टप्काउनुस् ।
६) मोटाएको व्यक्तिको मोटोपना घटाउनु छ भने पनि कागती रामबाण औषधि नै हो । बिहान खाली पेटमा एक गिलास कागती पानी पिउनुस् । १५ दिनसम्म नियमित यसरी नै पिउने गर्नुस्, मोटोपना घट्न थाल्छ ।
७) टाउकोमा बरोबर चाया पर्ने हुन्छ । चाया कपालको दुश्मन हो । यसको लागि कागतीको रसमा औंलाले चोपेर विस्तारै विस्तारै टाउकोमा लगाउनुस्, अनि एक घण्टा पछि कपाल धुनुस् । यसले चाया पनि जान्छ, कपाल पनि नरम हुन्छ ।
८) डन्डिफोरका लागि बजारमा थुप्रै किसिमका क्रिमहरू किन्न पाइन्छ । तर कागतीको फाइदा अलग्गै छ । यसको लागि दूधको क्रिम अलिकति लिएर त्यसमा बेसार अलिकति र आधा कागतीको रस मिसाएर क्रिम जस्तो बनाउनुस् र बिहान बेलुकी अनुहारमा लगाउनुस् । क्रिम लगाएको आधा घण्टापछि तातोपानीले धुनुस् । यसले डन्डिफोर त जान्छ नै साथै अनुहारमा पनि तेज बढ्छ ।

**नियमः** *शब्दखेल, अन्ताक्षरी, सुडोकु र सामान्यज्ञान* को सही समाधान पठाउनुहुने पाठकमध्ये प्रत्येकका एक/एक विजेताले **रू.१,००० पुरस्कार** पाउनुहुनेछ । यस अंकका प्रश्नको जवाफ/समाधान **२० साउन २०६७** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ ।
**जवाफ पठाउने ठेगानाः** ***शिक्षक*** मासिक, पाटनढोका, पो.ब.नं. १६६, ललितपुर ।

## सुडोकु–२१

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | | | | १ | | | | ७ |
| | | | ५ | ६ | ८ | | | |
| | | ४ | २ | | ३ | १ | | |
| | ९ | ६ | | | | ७ | ४ | |
| ५ | ४ | | | ३ | | | २ | १ |
| | २ | १ | | | | ३ | ८ | |
| | | ५ | ४ | | ६ | ९ | | |
| | | | १ | ९ | ७ | | | |
| १ | | | | ५ | | | | ४ |

**नामः** ______________________

**ठेगानाः** ______________________

## सुडोकु–१९ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | ५ | ७ | ३ | ४ | ६ | ८ | ९ | १ |
| ६ | १ | ९ | ७ | ८ | ५ | ३ | २ | ४ |
| ८ | ४ | ३ | ९ | १ | २ | ६ | ७ | ५ |
| ७ | ६ | १ | ५ | ३ | ९ | २ | ४ | ८ |
| ३ | २ | ८ | ४ | ६ | ७ | १ | ५ | ९ |
| ४ | ९ | ५ | १ | २ | ८ | ७ | ३ | ६ |
| ९ | ३ | ६ | ८ | ७ | ४ | ५ | १ | २ |
| १ | ८ | ४ | २ | ५ | ३ | ९ | ६ | ७ |
| ५ | ७ | २ | ६ | ९ | १ | ४ | ८ | ३ |

## सामान्यज्ञान–२१

१. *सन्तेले त सनै फुक्यो फुकिरह्यो मध्यान्हको घाममा ।* माथिको हरफ 'चिसो चुलो' नामक महाकाव्यको हो । त्यो माहाकाव्यका काव्यकार को हुन् ?

२. धवलागिरि र अन्नपूर्ण हिमाल श्रृंखलाको बीचमा कालीगण्डकी नदीले माटो काट्दा काट्दा संसारकै सबैभन्दा गहिरो गल्छी बनाएको छ । अनुमान गर्नुस् त्यो गल्छी कति गहिरो होला ?

३. एउटा देशका बासिन्दा आफ्नो देशलाई निप्पोन (Nippon) भन्छन् । त्यो देश कुन हो ?

४. गाँजा, चरेश आदि लागूपदार्थ किनबेच गर्न कानुनी प्रतिबन्ध भएका देश नेपाल, भारतलगायत धेरै छन् । तर, चुइगम किनबेच गर्न नपाइने देश एउटै छ । त्यो कुन हो ?

५. नेपालीका भान्छामा आलु पहिले पस्यो कि तरूल ?

### सामान्यज्ञान–१९ को सही उत्तर

१. नेपाल र बङ्गलादेशबीचको दूरी २७ किलोमिटर छ ।

२. सोलुखुम्बु जिल्लाका चार विमानस्थलमध्ये स्याङ्वोचे सर्वाधिक उचाइमा छ ।

३. अन्टार्टिका पुग्ने पहिलो व्यक्ति नर्वेका रोअल्ड एमुड्सेन (Roald Amudsen) हुन् । त्यहाँ पुग्ने पहिलो नेपाली भुवनसिंह विश्वकर्मा हुन् ।

४. विश्वरूप मन्दिरको अर्को नाम 'कामकामेश्वरी' हो ।


५. फादर अफ जुलोजी अर्थात् प्राणी शास्त्रका पिता भनेर एरिस्टोटल (इपू ३८४-३२२) लाई चिनिन्छ ।



# फुर्सद



## अन्ताक्षरी-२१




नामः _ _ _ _ _ _ _

ठेगानाः _ _ _ _ _ _ _

१) शरीरमा पुछ्ने र कछाड जस्तो बेरिने रूमाल (३)
२) खोजतलास गर्ने काम/राम्ररी तथ्य पत्ता लाउने काम (४)
३) म्यूनिसिपालिटी (६)
४) लिखित वा मौखिक रूपबाट गर्न ठहर भएको काम-कारबाहीलाई विधिपूर्वक व्यवहारमा ल्याउने कार्य (५)
५) नगण, जगण, भगण र यगण भएको एक छन्द (५)
६) पानीको लागि मेघमा भरपर्ने पन्छी/चातक (४)
७) विशेष गरेर बालकहरूलाई एकोहोरे किसिमले लाग्ने खोकी (हुपिङ कफ) (५)
८) प्रतियोगितामा कुनै खेलाडीले स्थापित गरेको सर्वोच्च सीमा (४)
९) ज्योतिषशास्त्र अनुसार मानिसका असल-खराब अवस्थाका अधिष्ठाताहरू (३)
१०) कृष्ण वा शुक्लपक्षको तेह्रौं तिथि (४)
११) चिसो तातो बराबरी रहेको वा समान जलवायु भएको भू-भाग (६)
१२) वैरभाव/दुश्मनी (३)
१३) अचम्म/आश्चर्य/छक्क (३)
१४) बाटोमा हिंड्ने मानिस/पथिक/यात्री (३)
१५) मानिस चढेर हिंड्ने सजीव वा निर्जीव साधन (३)

### शब्दखेल-१९ को सही उत्तर

तेर्सोः १) रोम ५) मोसो ६) गर्दन ७) समापन ८) वरदान १०) पत्रकार १२) विनायक १४) कूटनीति १७) अविचल १९) राहत २०) चारो २१) रोक

ठाडोः २) महिमा ३) रोगन ४) दानव ५) मोक्षदा ७) समीप ९) रचना ११) कानुनी १३) कपाल १५)टहरो १६) तिराइ १७) अतथ्य १८) चटारो

### अन्ताक्षरी-१९ को सही उत्तर

१) ओतप्रोत २) तजबिज ३) जडाउरी ४) रीति ५) तिलाञ्जलि ६) लिगलिगे ७) गेयात्मक ८) कमण्डलु ९) लुखुरलुखुर १०) रक्षाबन्धन ११)नवाह १२) हकदार १३) रसबरी १४) रीस १५) सल्लाहकार १६) रवाफ

## पुरस्कार विजेता र सही समाधान पठाउनेहरू

**शब्दखेल-१९ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः देवीमाया प्रधान, लक्ष्मीनारायण प्रावि, वास्तिम-४, भोजपुर ।**

**सही समाधान पठाउने अन्य सहभागी**

- लालबाबु शर्मा, सूर्योदय मावि, सरिखेत, पलौंसे, मकवानपुर
- बलराम इटनी, त्रिपुरा सुन्दरी उमावि, खरी-४, धादिङ
- ईश्वरी श्रेष्ठ, पाटनढोका, ललितपुर
- भगवती अधिकारी, राम्चे प्रावि, बुंकोट, गोरखा
- कमल पौडेल, जनता मावि, पाही-९, बाग्लुङ
- चुडामणि आचार्य, सतीढुङ्गा मावि, जैदी, बाग्लुङ
- भावना अधिकारी, तुल्सीपुर-५, दाङ
- उषा नेपाल, सिन्धुपाल्चोक
- रामचन्द्र बुढाथोकी, विद्या प्रचार निमावि, मेमेङ-५, पाँचथर
- चम्पामाया राई, विद्या प्रचार निमावि, मेमेङ-५, पाँचथर
- रामाकान्त चौधरी, नेपाल टेलिकम, के.का., भद्रकाली
- शेरबहादुर दाहाल, गंगोदय मावि, दुवेकोल, खोटाङ
- हेमराज अर्याल, नलाङ निमावि, नलाङ, धादिङ
- बद्रीप्रसाद घिमिरे, टेकान्पुर-४, सिन्धुपाल्चोक
- हरिनारायण खतिवडा, शारदा संस्कृत मावि, बाबियाखर्क-३, रामेछाप
- गुप्तबहादुर भण्डारी, महेन्द्र प्रावि, मलम्पार, मल्कवाङ-७, म्याग्दी
- कमला राजभण्डारी, ऐंसेलुखर्क-३, नयाँटोल, खोटाङ
- किशोर आचार्य, पञ्च मावि, दिक्तेल-३, खोटाङ
- दीपा देवकोटा, कालिन्जोर-३, सर्लाही
- मीनकुमार दाहाल, शीतला मावि, खाल्ले-८, खोटाङ
- दानबहादुर मगर, उदयपुर
- वैदेहीशरण यादव, उमावि बसबिट्टी, बसन्तपुर-३, महोत्तरी
- कृष्णबहादुर लिम्बू 'कमल', कुरूले तेनुपा-५, बन्दुकेडाँडा, धनकुटा
- गर्जमान राई, भोजपुर
- बलराम दोरङ्गा, जनप्रिय मावि, भाटखोला, स्याङ्जा
- कान्तिबहादुर रायमाझी, दुर्गानदी प्रावि, मझुवा-४, रामेछाप

**सुडोकु-१९ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः गुप्तबहादुर भण्डारी, महेन्द्र प्रावि, मलम्पार, मल्कवाङ-७, म्याग्दी ।**

**सही समाधान पठाउने अन्य सहभागी**

- दानबहादुर मगर, उदयपुर, हालः काठमाडौं
- जयबहादुर मगर, बालाजु, काठमाडौं

*(हाम्रो असावधानीका कारण सुडोकु-१९ गल्ती छापिन गएकोमा क्षमाप्रार्थी छौं । यति हुँदाहुँदै पनि सच्याएर पठाउनुहुने माथिका तीन सहभागीलाई धन्यवाद । -सं.)*

**अन्ताक्षरी-१९ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः हरिनारायण खतिवडा, शारदा स.मा.वि., बाबियाखर्क, रामेछाप ।**


**सही समाधान पठाउने अन्य सहभागी**

- झलक शर्मा, सरस्वती प्रावि, थापाठाना-१, पर्वत
- कृष्णबहादुर लिम्बू, कुरूले तेनुपा-५, बन्दुकेडाँडा, धनकुटा
- शेरबहादुर दाहाल, गंगोदय मावि, दुवेकोल, खोटाङ
- माधवप्रसाद भट्टराई, ज्योति मावि, लक्ष्मीपुर-७, इलाम
- शुभद्रा सुवेदी, शान्त मावि, पशुपतिनगर-९, इलाम
- कुलकेशर राई, लक्ष्मीनारायण प्रावि, वास्तिम-४, भोजपुर
- इन्द्रकुमार पोखरेल, सिंहदेवी प्रावि, हौचुर-४, खोटाङ
- बलराम दोरङ्गा, जनप्रिय मावि, भाटखोला, स्याङ्जा
- कमलप्रसाद फुँयाल, नेत्रकाली उमावि, आँपडाँडा, सिन्धुली
- जमुनादेवी सिग्देल, बालहित निमावि, पौवै, स्याङ्जा
- किशोर आचार्य, पञ्च मावि, दिक्तेल-३, खोटाङ
- बन्दना गुरूङ, गोरखा क्याम्पस, गोरखा
- भगवती अधिकारी, राम्चे प्रावि, बुंकोट, गोरखा
- चुडामणि आचार्य, सतीढुङ्गा मावि, जैदी, बाग्लुङ
- वैदेहीशरण यादव, उमावि, बसबिट्टी-३, महोत्तरी
- हेमचन्द्र अधिकारी, चानुवा-२, धनकुटा
- विन्दा थापा, इमाडोल-१, ललितपुर

- लोमस खतिवडा, दिक्तेल-५, खोटाङ
- साधना अमात्य, जालपादेवी मावि, फुल्पिङडाँडा-८, सिन्धुपाल्चोक
- मैयादेवी राई, शान्ति निमावि, होम्ताङ-४, भोजपुर
- गोविन्द भट्ट 'निर्मल', सिंहेश्वरी मावि, जलजला, सङ्खुवासभा
- भावना अधिकारी, तुल्सीपुर-५, दाङ
- बद्रीप्रसाद घिमिरे, टेकान्पुर-४, सिन्धुपाल्चोक
- सकुण्डल थापा, इमाडोल-१, ललितपुर
- प्रकाश खड्का, वेष्ट प्वाइन्ट ई.बो. स्कूल, झलारी-७, कञ्चनपुर
- रामाकान्त चौधरी, नेपाल टेलिकम, के.का., भद्रकाली
- विनोद चापागाई, देवदह-६, रूपन्देही
- नारायणप्रसाद नेपाल, जुगल प्रावि, बतासे-४, सिन्धुपाल्चोक
- ईश्वरी श्रेष्ठ, पाटनढोका, ललितपुर
- शशिधर पौडेल, जनता मावि, राङखानी, बाग्लुङ
- दीपकराज आचार्य, सरस्वती मावि, सहारे-८, सुर्खेत
- डम्बर चौलागाईं, यशोधरा उमावि, टक्सार, भोजपुर
- जमुना कोइराला, लोकप्रिय उमावि, चामे, मनाङ
- चन्द्रप्रकाश बजगाईं, महेन्द्र उमावि, छतिवन-५, मकवानपुर
- मनराजा राजोपाध्याय, लगन, काठमाडौं
- अनुपा राई, भगवती प्रावि, चन्द्रगढी-२, झपा
- हेमराज अर्याल, नलाङ निमावि, धादिङ
- विश्वनाथ दाहाल, मावि सुगारे, लदाभिर-२, सिन्धुली
- प्रदिप बस्नेत, गोल्मादेवी मावि, कदमवास-३, सिन्धुपाल्चोक
- ज्ञानबहादुर तामाङ, गोल्मादेवी मावि, कदमवास-३, सिन्धुपाल्चोक
- लेखनाथ सुवेदी, मार्गादेवी प्रावि, वेलहारा-३, धनकुटा
- नारायण दाहाल, विद्याप्रचार निमावि, आइतबारे मेमेङ-५, पाँचथर
- मदन पन्त, ताङ्लीचोक निमावि, ताङ्लीचोक-४, गोरखा
- मीनकुमार दाहाल, शीतला मावि, खाल्ले-८, खोटाङ
- मीठू डल्लाकोटी, निमावि बजरहट्टी, वीरेन्द्रनगर-४, चितवन
- खगेन्द्रनाथ वियोगी, भैरव उमावि, झेटा, बझाङ
- लिलाप्रसाद शर्मा पौडेल, भीम मावि, राजदाङ, म्याग्दी
- मधु ज्ञवाली, परमानन्द संस्कृत गुरूकुलम, देवघाट, तनहुँ

**सामान्यज्ञान-१९ को कसैबाट पनि सही जवाफ प्राप्त हुन सकेन ।**



## मैले पढेको स्कूल

# शिक्षकहरू बढी समर्पित थिए

**हरिप्रसाद लम्साल**
उपनिर्देशक, शिक्षा विभाग


सुरेशराज न्यौपाने

**कुन स्कूलमा पढ्नुभएको हो ?**

मेरो स्कूले जीवन स्याङ्जा जिल्लाको दुर्गम गाउँमा बितेको हो । मैले कक्षा पाँचसम्म चिलाउनेडाँडा प्रावि, चिन्नेबास र कक्षा ६ देखि १० सम्म क्याक्मीको पीताम्बर माविमा पढेँ ।

**त्यतिबेला स्कूलको पठनपाठन कस्तो थियो ?**

पठनपाठन सन्तोषजनक थियो । सरहरूले सकेजति मेहनत गरेरै सिकाउनुहुन्थ्यो । त्यतिबेला गाउँमा विज्ञान पढाउने शिक्षकको अभाव थियो । हामीलाई विज्ञान पढाउने शिक्षक भारतीय थिए । स्कूलमा अतिरिक्त क्रियाकलापहरू भइरहन्थे । मलाई कुनै दिन पनि स्कूल नजाउँ जस्तो लाग्दैनथ्यो ।

**स्कूलका अन्य विशेषता पनि सम्झना छ ?**

जङ्गलको बीचमा स्कूल थियो । वातावरण पनि निकै रमाइलो । वरपर विभिन्न जनजाति र दलित समुदायको बाहुल्य रहेकाले कक्षामा पनि तिनै समुदायका विद्यार्थी बढी हुन्थे । आजको भाषामा हाम्रो कक्षा पूरै 'समावेशी चरित्र'को देखिन्थ्यो । हरेक शुक्रबार विद्यार्थीले कक्षाकोठा सफा गर्नुपर्दथ्यो ।

**त्यतिबेला तिरेको शुल्क सम्झना छ ?**

टड्कारो सम्झना त छैन । प्राथमिक तहमा ४-५ रुपैयाँ र माध्यमिक तहमा रु.१६ तिरेको हो कि जस्तो लाग्छ ।

**तपाइँ ती स्कूलमा नपढेको भए... ?**

ती स्कूल नभएको भए शायद पढ्नबाटै बञ्चित पो हुन्थेँ कि ! वास्तवमा ती दुवै स्कूल मेरा आधार हुन् । जतिबेला मैले केही जान्दिनथेँ, त्यतिबेला स्कूलले मलाई केही सिकायो । मलाई आत्मविश्वास जगाउने काम स्कूलले नै गरेको हो ।

**त्यतिबेलाका कुनै शिक्षकको सम्झना आउँछ ?**

आउँछ नि ! मेरा दुई जना शिक्षकलाई म अहिले पनि उत्तिकै आदर गर्छु । चिलाउनेडाँडा प्राविका राजेन्द्र लम्साल र पीताम्बर माविका सुरेश लम्साल । उहाँहरूबाट मैले धेरै प्रोत्साहन र उत्प्रेरणा पाएँ । दुवै शिक्षकलाई म मेरो जीवनको 'टर्निङ प्वाइन्ट' ठान्छु ।

**प्राथमिक तहका कतिजना सहपाठीको नाम सम्झनुहुन्छ ?**

मसँगै पढेका धेरै साथी लाहुरे भए । केही शिक्षक बनेका छन् । मेरो र एक जना साथीको त नामथर पनि एउटै थियो । सबैले मलाई हरि लम्साल 'क' र साथीलाई 'ख' भनेर बोलाउँथे । काशीनाथ लम्साल जो अहिले शिक्षक छन् । तुलनारायण श्रेष्ठ र देवकुमार मानन्धरलाई पनि सम्झन्छु ।

**आफूले पढेका स्कूलमा फर्केर जाने गर्नुभएको छ ?**

२०५७ सालअघि त कम्तीमा वर्षको एकपटक पुग्थेँ । त्यसयता चाहिँ गएको छैन । तर नगए पनि स्कूलको नेतृत्वसँग म अहिले पनि निरन्तर सम्पर्कमा हुन्छु ।

**आफूले पढेको स्कूललाई राम्रो बनाउन केही योगदान पनि गर्नुभएको छ कि ?**

त्यस्तो उल्लेख्य योगदान त गर्न सकेको छैन । तैपनि आफूले सकेजतिको सहयोग गरेको छु ।

**तपाइँ पढ्दा र अहिलेका स्कूलमा कस्तो परिवर्तन पाउनुभएको छ ?**

स्कूलको भौतिक अवस्था नै पहिलेभन्दा धेरै सुध्रेको छ । अर्कोतिर, शिक्षकको मनोवृत्तिमा धेरै परिवर्तन आएको जस्तो लाग्छ । त्यतिबेलाका शिक्षकमा स्कूलप्रति ठूलो समर्पण हुन्थ्यो । शिक्षक आफैंले ढुङ्गा ओसारेर स्कूलको भवन बनाएको मलाई सम्झना छ । अहिले त्यस्तो भेट्न शायद गाह्रो छ ।

**स्कूल सामुदायिक वा निजी कुन चाहिँ राम्रो ठान्नुहुन्छ ?**

सामुदायिक स्कूलमा राज्यको अर्बौं रुपैयाँ लगानी परेको छ । म आफू शैक्षिक नीति कार्यान्वयनको तहमा भएकाले मात्र सामुदायिक स्कूललाई प्राथमिकता दिनुपर्छ भनिरहेको छैन । विद्यालय तहको शिक्षा पनि राज्यको आफ्नो दायित्वभित्रै पर्छ । यसको मतलब निजी स्कूललाई रोक्नुपर्छ भन्ने पनि होइन । सामुदायिक स्कूलले सिकाउने मूल्य प्रणाली, जनसहभागिता र सेवामुखी चरित्रलगायतका कारण म सामुदायिक स्कूलकै पक्षमा छु । हाम्रो प्रयास चाहिँ सामुदायिक स्कूलकै स्तरोन्नतितर्फ केन्द्रित हुनुपर्छ ।

**सामुदायिक स्कूललाई कसरी सुधार्न सकिएला ?**

मुख्य भूमिका त शिक्षककै हुन्छ । स्कूलको सबैभन्दा महत्त्वपूर्ण पूर्वाधार भनेकै शिक्षक हुन् । सर्वप्रथम त शिक्षकमा यो स्कूल 'मेरो' हो भन्ने भावना जागृत हुनु जरुरी छ । त्यसका लागि शिक्षकको छनोट, नियुक्तिलगायत व्यवस्थापनका पद्धति पारदर्शी, स्वच्छ र प्रभावकारी हुनुपर्छ । साथै शिक्षकलाई शिक्षणप्रति प्रोत्साहित तुल्याउनका लागि उसको पेशागत सुरक्षा, आकर्षक तलब र वृत्ति-विकासको अवसर पनि दिइनुपर्छ । यसको साथसाथै शिक्षकले विद्यार्थीप्रतिको आफ्नो कर्तव्य र जिम्मेवारीबोध गरेको हुनैपर्छ ।

**आयाम**

# शिक्षक मासिक ग्राहक बन्नका लागि सम्पर्क ठेगाना

१. ताप्लेजुङ्ग
सरस्वती पुस्तक पसल, ०२४-४६०१७१

२. पाँचथर
सरस्वती पुस्तक पसल, फिदिम, ०२४-६९००८३

३. इलाम
इलाम पुस्तक पसल
फोन: ०२७-५२०४२३, ९८४२६२७४२३

४. झापा
- श्रेष्ठ बुक्स एण्ड न्युज एजेन्सी
  दमक, ०२३-५८४१२५, ९८४२६२०७५७
- जीविका इन्टरप्राइजेज,
  बिर्तामोड, ९८४२६२४६७७

५. सङ्खुवासभा
शिखर बुक्स एण्ड स्टेशनरी
खाँदबारी, ०२९-५६०००७, ९८४२०५१६८४

६. तेह्रथुम
श्रेष्ठ भण्डार, म्याङलुङ
फोन: ०२६-४६०१९३, ९८४१६८७७०७

७. भोजपुर
त्रिवेणी छापाखाना, फोन: ०२९-४२०१९०

८. मोरङ
- वाणी प्रकाशन
  विराटनगर, ०२१-५२८१२०, ९८०४३०१४४१
- कट्टेल न्यूज एण्ड स्टेशनरी
  विराटनगर, ९८५२०२२५३३, ०२१-४७२३८७

९. सिरहा
सीता नोबेल न्युज सेन्टर
लहान-१, ०३३-५६००२७, ९८४२८२००८१

१०. उदयपुर
अनुप पुस्तक पसल, कटारी
फोन: ०३५-४५००१३, ९७४३००८१३३

११. खोटाङ
श्रेष्ठ बुक्स एण्ड न्युज एजेन्सी
दिक्तेल, ०३६-४२०२३२, ९८४२८४९२३२

१२. धनुषा
जनज्योती पुस्तक पसल
जनकपुर, ०४१-५२१८८४

१३. सर्लाही
गणेश स्टेशनरी, लालबन्दी, ०४६-५०११३८

१४. सिन्धुली
न्यू परजुना स्टेशनरी
सिन्धुली, २ नं. बजार: ०४७-५२००२५

१५. रामेछाप
- जे.एन. पुस्तक पसल
  मन्थली, ०४८-५४०३१०, ९७४१०५००११
- मिलिजुली पुस्तक तथा स्टेशनरी
  मन्थली, ०४८-५४००८३

१६. दोलखा
- हारती स्टेशनरी एण्ड सप्लायर्स
  भीमेश्वर, ०४९-४२१३२७, ९८४४०६५४६६
- जिरी स्टेशनरी
  जिरी, ०४९-६९०४७८, ९७४४००१०१६

१७. काभ्रे
- प्रगति पुस्तक पसल
  बनेपा, ०११-६६१२५७, ९८४१६०६५०६
- श्रेष्ठ ट्रेडर्स, पनौती्
  फोन: ०११-४४००५४, ९८४१४७४९५१
- सञ्जय स्टोर, धुलिखेल
  फोन: ०११-४९०४६४, ९८५१०६३४३४

१८. सिन्धुपाल्चोक
- केशव स्टेशनरी, चौतारा
  फोन: ०११-६२०२२६, ९८४१९२४४३७
- शुभकामना स्टेशनरी
  बाह्रबिसे, ०११-४८९०८१
- प्रगति स्टेशनरी, बलेफि, ०१-६९१४३१५

१९. रौतहट
प्रभात स्टेशनरी, चन्द्रनिगाहपुर ०५५-५४०५०२

२०. बारा
गौरीशङ्कर पुस्तक पसल
निजगढ, ०५३-५४०१९२, ९८४५०३४९७१

२१. पर्सा
माइस्थान बुकसप, वीरगन्ज, ०५१-५२३४५०

२२. मकवानपुर
- समाचार केन्द्र
  स्कूल रोड, हेटौंडा, ९८४५१०५०७१
- पत्रपत्रिका सेन्टर, हेटौंडा, ०५७-५२१४३३

२३. काठमाडौं
- ए.बी.जी. स्टेशनरी
  बुढानिलकण्ठ, ०१-४३७७४९५
- रवि न्यूज हाउस, फर्पिङ, ९८४१२७८९२३

२४. भक्तपुर
न्यू कस्टोमर सोलुसन
सूर्य विनायक, ९८०३०८१५०२

२५. चितवन
नारायणी पुस्तक सदन
नारायणगढ, ०५६-५२१२८०, ९८४५०६३९२३

२६. धादिङ
- त्रिपुरा पुस्तक पसल
  धादिङवेसी: ०१०-५२०१९०
- न्यू धादिङ स्टेशनरी
  निलकण्ठ, ०१०-५२०६६५
- हिमाल बुक्स एण्ड स्टेशनरी
  धादिङ, बैरेनी, ०१०-५२९२६०

२७. नुवाकोट
उत्सुक जेनेरल स्टोर
बिदुर, ०१०-५६०४१९

२८. नवलपरासी
मिलन पुस्तक पसल
सुनवल, ०७८-५७०२११, ९८४७०२२१०८

२९. तनहुँ
- गण्डकी पुस्तक पसल
  दमौली, ०६५-५६०१२८, ९८५६०२४४५६
- अविद स्टेशनर्स
  डुम्रे, ०६५-५८००५५, ९८४६०६०८०१

३०. गोरखा
रोजिना पुस्तक भण्डार
विद्यालय मार्ग, ०६४-४२०१६३, ९८५६०२७३७५

३१. लमजुङ
झरना पुस्तक पसल
बेसीशहर, ०६६-५२०५१०, ९८४६०९९८३६

३२. कास्की
- सफल मिडिया हाउस
  पोखरा, ०६१-५३८९१३, ९८५६०२६५७२

३३. रूपन्देही
- सरल स्टेशनरी केन्द्र
  भैरहवा, ०७१-५२१७३४, ९८४७०२३२२९
- विशाल पुस्तक पसल, बुटवल, ०७१-५४६५५९

३४. पर्वत
जय दुर्गा स्टेशनरी, कुस्मा, ०६७-४२०२९३

३५. गुल्मी
रेसुङ्गा विज्ञापन सेवा
तम्घास: ०७९-५२०६८६, ९८४७०७२८२६

३६. पाल्पा
श्रेष्ठ न्युज एजेन्सी, तानसेन: ०७५-५२०१८२

३७. अर्घाखाँची
उमेश छापाखाना, सन्धिखर्क, ०७७-४२०१७०

३८. दाङ
- खनाल पुस्तक पसल, भालुबाङ, ०८२-५८०१५८
- रावल पुस्तक पसल
  लमही, फोन: ०८२-५४००८०
- जनता बुक स्टल, घोराही
  फोन: ०८२-५६०२६९, ९८४७८३२१५४
- नयाँ ज्योती अफसेट प्रेस
  तुलसीपुर, फोन: ०८२-५२०९२१

३९. बाँके
- हिमाल डिस्ट्रिब्युटर, नेपालगन्ज
  फोन: ०८१-५२३८४८, ९८४८०९९३४५
- न्यू त्रिवेणी पुस्तक सदन, धम्बोजीचोक
  फोन: ०८१-५२२५६३, ९८४८०२२७९९
- न्यू आदर्श बुक्स एण्ड स्टेशनरी
  वी.पी.चोक, नेपालगञ्ज, ०८१-५२३८१५
- क्षितिज न्यूज कर्नर
  कोहलपुर, फोन: ०८१-५४१६०८

४०. बर्दिया
- जनप्रिय पुस्तक पसल
  गुलरिया, ०८४-४२०२११
- न्यू अर्याल पुस्तक पसल, भुरिगाउँ
  फोन: ०८४-६९२२८१, ९८४८०३५४०३

४१. सुर्खेत
- संगम पुस्तक पसल
  सुर्खेत: ०८३-५२१०७९, ९८४८०४१७०६
- अल्फा स्टेशनरी, बुद्धपथ, ०८३-५२११३७
- न्यू बिहानी पुस्तक पसल
  छिन्चु, फोन: ०८३-५४००५३

४१. जुम्ला
शाही जनरल स्टोर, खलङ्गा बजार
फोन: ०८७-५२००५८, ९८४८३००९८०

४२. दैलेख
शर्मा स्टेशनरी, ०८९-४२००७४, ९८४८०६२८९६

४३. कैलाली
- निलम पुस्तक पसल
  अत्तरिया, ०९१-५५०७३८, ९८५८४२०७३८
- ज्योति बुक्स एण्ड स्टेशनरी
  टिकापुर, ०९१-५६०८१५
- नेपाल पुस्तक पसल
  लम्की, ०९१-५४०१३४, ९७४९०००१३४

४४. अछाम
भावुक स्टेशनरी
साँफेबगर: ०९७-६९०१९४, ९७४१११९२९७

४४. कञ्चनपुर
महाकाली समाचार केन्द्र
महेन्द्रनगर, ०९९-५२१६५३

४५. डडेलधुरा
तारापुञ्ज स्टेशनरी
०९६-४२०१९५, ९७४१०४७५४०

४६. दार्चुला
चौलानी पुस्तक पसल, गोकुलेश्वर
फोन: ०९३-६९०३३८, ९७४१११८९२५


४७. सोलुखुम्बु
मेरिना बुक्स एण्ड स्टेशनरी
सल्लेरी: ०३८-५२०१४९, ९७४३००५८००

४८. ओखलढुङ्गा
- श्रेष्ठ पत्रपत्रिका सेन्टर
  भैरवटोल: ०३७-५२०२१२
- उदास पुस्तक पसल
  चोकबजार: ०३७-५२०२०२, ९८४१०३४०३७

४८. रोल्पा
- न्यू पूर्णिमा स्टेशनरी एण्ड सप्लायर्स
  लिवाङ, ०८६-४४००४०, ९७४८५१५१५१

यहाँहरूलाई उपलब्ध भइरहेको *शिक्षक* मासिकको सहज भुक्तानीको लागि राष्ट्रिय वाणिज्य बैंक, पुल्चोक शाखा अन्तर्गत हिमाल एसोसिएसनको नाममा रहेको चल्ती खाता नं ११४०००१५४५०१ मा रकम जम्मा गरिदिनुहुन अनुरोध छ । रकम जम्मा गरेको रसिद सुरक्षित राख्नुहोला । रकम प्राप्त भएपछि तपाईको नाममा आम्दानी जनाइनेछ ।

म.क्षे.हु.नि. द.नं. ५/२०६५/०६६


प्रकाशित भयो ! प्रकाशित भयो !!

Taleju ENGLISH PRACTICE BOOK
By : Surya Prasad Ghimire

सरकारी तथा निजी विद्यालयका लागि
Most demanded by students




अब ढुक्क हुनुहोस् !

कक्षा ८, ९ र १० (S.L.C) का लागि
अति उपयोगी कक्षागत पुस्तक

Based on New Syllabus 2065
Classwise Separate Book
Task Based Approach
Detailed Exercises on Reading & Writing

प्रमुख पुस्तक पसलहरूमा उपलब्ध छ ।

For Class VIII, IX, & X Classwise Book

तलेजु प्रकाशन
काठमाडौं, फोन ४२५२९६६, ४२२१२६८